# गाउँ शिक्षा योजना


## अदानचुली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शिक्षा, युवा तथा खेलकुद शाखा

### श्रीनगर, हुम्ला

### (२०८२/२०८३–२०९२/२०९३)





<u>प्रकाशक</u>

**अदानचुली गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

श्रीनगर, हुम्ला

२०८३

## विषय-सूचि


योजनाको साराँश ........ 6

परिच्छेद १ परिचय ........ 8

१.१ भौगोलिक अवस्थिति ........ 8

१.२ जनसाङ्खिक संरचना ........ 9

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ 12

१.४ आर्थिक अवस्था ........ 14

१.५ शैक्षिक अवस्था ........ 14

१.६ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू ........ 21

१.७ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू ........ 23

परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 25

२.१ परिचय ........ 25

२.२ दूरदृष्टि ........ 26

२.३ लक्ष्य ........ 26

२.४ उदेश्य ........ 26

२.५ रणनीतिहरू ........ 26

२.६ अपेक्षित उपलब्धि ........ 28

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 28

परिच्छेद ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ........ 33

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 33

३.१.१ परिचय ........ 33

३.१.२ वर्तमान अवस्था ........ 34

३.१.३ उदेश्य ........ 35

३.१.४ रणनीतिहरू ........ 35

३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 36

३.२ आधारभतू शिक्षा ........ 39

३.२.१ परिचय ........ 40

३.२.२ वर्तमान अवस्था ........ 40

३.२.३ उद्देश्य ........ 42

३.२.४ रणनीतिहरू ........ 42

३.२.५ प्रमुख उपलब्धि र नतिजा ........ 43

३.३ माध्यमिक शिक्षा ........ 49

३.३.१ परिचय ........ 49

३.३.२ वर्तमान अवस्था.....49
३.३.३ उद्देश्य.....51
३.३.४ रणनीतिहरू.....51
३.३.५ प्रमुख उपलब्धि र नतिजा.....52
३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ.....56
३.४.१ परिचय.....56
३.४.२ वर्तमान अवस्था.....57
३.४.३ उद्देश्य.....58
३.४.४ रणनीतिहरू.....58
३.४.५ प्रमुख उपलब्धि र नतिजा.....59
परिच्छेद ४ अन्तरसम्बन्धित विषय क्षेत्रहरू.....63
४.१ पाठ्यक्रम र मूल्याङ्कन.....63
४.१.१ परिचय.....63
४.१.२ वर्तमान अवस्था.....63
४.१.३ उद्देश्य.....64
४.१.४ रणनीतिहरू.....64
४.१.५ प्रमुख उपलब्धि र नतिजा.....65
४.२ शिक्षक व्यवस्थापन र विकास.....68
४.२.१ परिचय.....68
४.२.२ वर्तमान अवस्था.....69
४.२.३ उद्देश्य.....70
४.२.४ रणनीतिहरू.....70
४.२.५ प्रमुख उपलब्धि र नतिजा.....70
४.३ समता र समावेशीकरण.....74
४.३.१ परिचय.....74
४.३.२ वर्तमान अवस्था.....74
४.३.३ उद्देश्य.....75
४.३.४ रणनीतिहरू.....75
४.३.५ प्रमुख उपलब्धि र नतिजा.....76
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम.....81
४.४.१ परिचय.....81
४.४.२ बर्तमान अवस्था.....82
४.४.३ उद्देश्यहरू.....82
४.४.४ रणनीतिहरू.....82

४.४.५ प्रमुख उपलब्धि र नतिजा 83
४.५ आपतकालीन अवस्थामा शिक्षा 85
४.५.१ परिचय 85
४.५.२ वर्तमान अवस्था 87
४.५.३ उद्धेश्य 87
४.५.४ रणनीति 87
४.५.५ प्रमुख उपलब्धि र नतिजा 88
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 90
४.६.१ परिचय 90
४.६.२ वर्तमान अवस्था 90
४.६.३ उद्देश्य 92
४.६.४ रणनीतिहरू 93
४.६.५ प्रमुख उपलब्धि र नतिजा 94
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि 96
४.७.१ परिचय 96
४.७.२ वर्तमान अवस्था 97
४.७.३ उद्देश्य 97
४.७.४ रणनीतिहरू 97
४.७.५ प्रमुख उपलब्धि र नतिजा 98
परिच्छेद ५ विद्यालय सुशासन तथा व्यवस्थापन 102
५.१ संस्थागत क्षमता विकास 102
५.१.१ परिचय 102
५.१.२ वर्तमान अवस्था 103
५.१.३ उद्देश्य 104
५.१.४ रणनीतिहरू 104
५.१.५ प्रमुख उपलब्धि र नतिजा 104
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 107
५.२.१ परिचय 107
५.२.२ वर्तमान अवस्था 108
५.२.३ उद्देश्य 108
५.२.४ रणनीतिहरू 108
५.२.५ प्रमुख उपलब्धि र नतिजा 109
५.३ अनुगमन तथा मूल्याङ्कन 111
५.३.१ परिचय 111

५.३.२ वर्तमान अवस्था ..... 112
५.३.३ उद्देश्य ..... 113
५.३.४ रणनीतिहरू ..... 113
५.३.५ प्रमुख उपलब्धि र नतिजा ..... 113
परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन ..... 116
६.१ परिचय ..... 116
६.२ वर्तमान अवस्था ..... 117
६.३ उद्देश्य ..... 118
६.४ रणनीतिहरू ..... 118
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... 118
६.६ बित्तीय योजना ..... 119
६.७ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण ..... 138
परिच्छेद ७ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ..... 140
७.१ परिचय ..... 140
७.२ वर्तमान अवस्था ..... 140
७.३ उद्देश्य ..... 141
७.४ रणनीतिहरू ..... 141
७.५ प्रमुख उपलब्धि र नतिजा ..... 142

# योजनाको साराँश

यो पालिका शिक्षा योजना स्थानीय तहको शिक्षा क्षेत्रलाई समावेशी, गुणस्तरीय, उत्तरदायी तथा दिगो बनाउने दीर्घकालीन मार्गदर्शक दस्तावेजका रूपमा तयार गरिएको हो । संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय तहलाई शिक्षा क्षेत्रको योजना निर्माण, व्यवस्थापन तथा सेवा प्रवाहको प्रमुख जिम्मेवारी प्राप्त भएको सन्दर्भमा यस योजनाले स्थानीय आवश्यकता, प्राथमिकता र उपलब्ध स्रोतको आधारमा शिक्षा विकासका लागि स्पष्ट दिशा निर्धारण गरेको छ ।

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइ, शिक्षक व्यवस्थापन तथा क्षमता विकास, विद्यालय सुशासन, समता तथा समावेशीकरण, विद्यालय भौतिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, स्वास्थ्य, पोषण तथा आपतकालीन अवस्थामा शिक्षा जस्ता विषयगत क्षेत्रलाई समग्र रूपमा समेटेको छ । योजना निर्माणको क्रममा स्थानीय शिक्षा अवस्थाको विश्लेषण, विद्यालय प्रोफाइल अध्ययन, जनसाङ्ख्यिक तथा शैक्षिक तथ्याङ्क समीक्षा, सरोकारवालासँगको परामर्श तथा स्थानीय प्राथमिकताको पहिचानलाई आधार बनाइएको छ ।

शिक्षामा पहुँच तथा सहभागिता वृद्धि, सिकाइ उपलब्धि सुधार, विद्यालय छोड्ने दर न्यूनीकरण, बालबालिकाको विद्यालयमा निरन्तरता सुनिश्चित गर्ने, लक्षित समुदायका लागि समतामूलक अवसर विस्तार गर्ने तथा सुरक्षित, बालमैत्री र सिकाइमैत्री वातावरण निर्माण गर्ने यस योजनाका प्रमुख उद्देश्यहरू रहेका छन् । विशेषतः बालिका, दलित, अपाङ्गता भएका बालबालिका, आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच र उपलब्धि अभिवृद्धिका लागि लक्षित कार्यक्रम तथा रणनीतिहरू समावेश गरिएको छ।

योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन परिणाममा आधारित व्यवस्थापन पद्धति अवलम्बन गरिएको छ । यस अन्तर्गत स्पष्ट उद्देश्य, अपेक्षित उपलब्धि, मापनयोग्य सूचक, कार्यसम्पादन लक्ष्य, वार्षिक कार्ययोजना, जिम्मेवारी निर्धारण तथा नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गरिएको छ । साथै स्थानीय स्रोत परिचालन, अन्तर-सरकारी समन्वय, विद्यालय-समुदाय सहकार्य तथा विकास साझेदारसँगको सहकार्यलाई समेत कार्यान्वयनको महत्वपूर्ण आधारका रूपमा समावेश गरिएको छ ।

समग्रमा यो पालिका शिक्षा योजना स्थानीय तहमा शिक्षा क्षेत्रको रूपान्तरण, शैक्षिक गुणस्तर अभिवृद्धि तथा दिगो शैक्षिक विकास सुनिश्चित गर्ने रणनीतिक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनबाट सबै बालबालिकाका लागि समान अवसर, गुणस्तरीय सिकाइ, जीवनोपयोगी सीप तथा समावेशी शिक्षा सुनिश्चित भई स्थानीय विकास, सामाजिक न्याय तथा दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## क) विषय प्रवेश

नेपालको संविधान २०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा शिक्षा क्षेत्रसँग सम्बन्धित विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाअनुसार शिक्षा क्षेत्रको योजना, सञ्चालन तथा व्यवस्थापनमा स्थानीय तहको

भूमिका थप सुदृढ भएको छ । यस व्यवस्थाअनुसार स्थानीय तहले आफ्ना नागरिकलाई गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षा उपलब्ध गराउन स्थानीय सन्दर्भमा आधारित शिक्षा योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने दायित्व वहन गर्दछ । यसै परिप्रेक्ष्यमा प्रस्तुत पालिका शिक्षा योजना स्थानीय तहको समग्र शिक्षा विकासलाई व्यवस्थित, तथ्यमा आधारित तथा परिणाममुखी बनाउने उद्देश्यले तयार गरिएको हो । यस योजनाले स्थानीय शिक्षा प्रणालीको वर्तमान अवस्था विश्लेषण गर्दै आगामी अवधिका लागि शिक्षा क्षेत्रको दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, प्राथमिकता, कार्यक्रम तथा स्रोत व्यवस्थापनको रूपरेखा निर्धारण गरेको छ ।

योजना निर्माण प्रक्रियामा विद्यालय तहका तथ्याङ्क, शैक्षिक सूचक, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, जनसाङ्ख्यिक अवस्था, सामाजिक समावेशीकरणका सवाल, पूर्वाधार अवस्था तथा समुदायका अपेक्षाको समग्र विश्लेषण गरिएको छ । साथै विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय शिक्षा नीति २०७६, दिगो विकास लक्ष्य (SDG-4), स्थानीय तहको आवधिक योजना तथा अन्य सम्बन्धित नीतिगत दस्तावेजसँग योजनालाई समन्वय गरिएको छ । यस योजनाले शिक्षा क्षेत्रमा सुशासन, उत्तरदायित्व, पारदर्शिता तथा नतिजामूलक व्यवस्थापनलाई संस्थागत गर्दै स्थानीय तहमा गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणका लागि आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## ख) योजना निर्माणका आधारहरू

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
छ) विद्यालय शिक्षा क्षेत्र योजना
ज) राष्ट्रिय शिक्षा नीति २०७६,
झ) दिगो विकास लक्ष्य
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

## ख) योजना निर्माण प्रक्रिया

क) कार्यपालिकाको बैठकको निर्णय
ख) योजना निर्माण समितिको गठन
ग) योजना निर्माण कार्यदल गठन
घ) सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय
ङ) प्रथम मस्यौदा तयारी
च) योजनाको अन्तिम रूप
छ) योजनाको मूल्याङ्कन

यस योजना निर्माण प्रक्रियामा TECSES Project को प्राविधिक तथा प्रक्रियागत सहयोग प्राप्त भएको छ । परियोजनाको सहयोगमा योजना निर्माण कार्यलाई व्यवस्थित, सहभागितामूलक तथा नतिजामुखी बनाउन आवश्यक सहजीकरण, परामर्श, तथ्याङ्क विश्लेषण, क्षमता अभिवृद्धि तथा प्राविधिक मार्गदर्शन उपलब्ध गराइएको थियो । यस सहयोगले स्थानीय तहको शिक्षा अवस्थाको यथार्थ विश्लेषण, प्राथमिकता निर्धारण, रणनीति विकास तथा कार्यान्वयनयोग्य कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

# परिच्छेद १

# परिचय

## १.१ भौगोलिक अवस्थिति

अदानचुली गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाका सात गाउँपालिकामध्ये एक स्थानीय तह हो । यो गाउँपालिका जिल्लाको दक्षिण-पूर्वी भागमा अवस्थित छ । भौगोलिक अवस्थिति अनुसार हुम्ला जिल्ला २९º ३५' देखि ३०º ५७' उत्तरी अक्षांश र ८१º १८' देखि ८२º १०' पूर्वी देशान्तरसम्म फैलिएको छ, जसको कुल क्षेत्रफल ५,६५५ वर्ग किलोमिटर रहेको छ । अदानचुली गाउँपालिकाको पूर्वमा सर्केगाड गाउँपालिकाको जैर क्षेत्र तथा मुगु जिल्लाको सोरु गाउँपालिका, पश्चिममा ताँजकोट गाउँपालिकाको मदना क्षेत्र, उत्तरमा सर्केगाड गाउँपालिका अन्तर्गत सर्किदेउ तथा दक्षिणमा  कर्णाली नदी रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १५०.७६ वर्ग किलोमिटर रहेको छ, जुन हुम्ला जिल्लाको कुल क्षेत्रफलको करिब २.६६ प्रतिशत हो । प्रशासनिक रूपमा यस गाउँपालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ । उचाइको दृष्टिले अदानचुली गाउँपालिका समुद्र सतहबाट करिब १,५२४ मिटरदेखि ५,३३७ मिटर उचाइसम्म फैलिएको छ । भू-आकृतिक संरचनाका आधारमा यसलाई उच्च हिमाली क्षेत्र, उच्च पहाडी क्षेत्र तथा नदी किनारका बेसी क्षेत्र गरी तीन प्रमुख भागमा विभाजन गर्न सकिन्छ । गाउँपालिकाको प्रशासनिक केन्द्र श्रीनगरमा अवस्थित छ ।

## १.२ जनसाङ्िक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा कुल १,४८० घरधुरी तथा ८,२६५ जनसङ्ख्या रहेको छ, जसमा पुरूष ४,०३८ र महिला ४,२२७ रहेका छन् । समग्र रूपमा परिवारको औसत आकार ५.५८ रहेको छ, जसले प्रत्येक घरधुरीमा औसत पाँचदेखि छ सदस्य रहेको देखाउँछ । लैङ्गिक अनुपात ९५.५३ रहेकोले प्रति १०० महिलामा करिब ९६ पुरूष रहेको अवस्था देखिन्छ, जसले महिलाको जनसङ्ख्या पुरूषभन्दा केही बढी रहेको संकेत गर्दछ। वडागत रूपमा हेर्दा वडा नं. ५ मा सबैभन्दा बढी १,७५० जनसङ्ख्या तथा ३३३ घरधुरी रहेको छ, जसले यो वडा जनघनत्वका दृष्टिले तुलनात्मक रूपमा ठूलो रहेको देखाउँछ। त्यसैगरी वडा नं. २ र वडा नं. ६ मा पनि क्रमशः १,४८९ र १,४६३ जनसङ्ख्या रहेको छ । विपरीत रूपमा वडा नं. ४ मा सबैभन्दा कम ९४१ जनसङ्ख्या रहेको देखिन्छ । परिवारको औसत आकार वडा नं. १ मा ६.४५ रहेको छ, जुन गाउँपालिकाभित्र सबैभन्दा उच्च हो, जबकि वडा नं. ५ मा ५.२६ रहेको छ, जसले परिवार संरचनामा वडागत भिन्नता रहेको देखाउँछ । लैङ्गिक अनुपातका आधारमा वडा नं. ६ मा मात्र पुरूष संख्या महिलाभन्दा बढी रहेको (१०१.५२) देखिन्छ भने अन्य सबै वडामा महिलाको जनसङ्ख्या तुलनात्मक रूपमा बढी रहेको पाइन्छ । विशेषगरी वडा नं. ५ र वडा नं. ३ मा लैङ्गिक अनुपात क्रमशः ९१.०५ र ९१.६४ रहेकोले पुरूषको तुलनामा महिला जनसङ्ख्या उल्लेखनीय रूपमा बढी रहेको देखिन्छ । समग्र रूपमा गाउँपालिकाको जनसङ्ख्या वितरण सन्तुलित देखिए पनि वडागत जनघनत्व, परिवार संरचना तथा लैङ्गिक भिन्नतालाई आधार बनाएर स्थानीय विकास योजना, सामाजिक सेवा तथा पूर्वाधार व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### तालिकाः १ - गाउँपालिकाको वडागत जनसङ्ख्या वितरण

| वडा नं. | जम्मा घरधुरी | पुरूष | महिला | जम्मा जनसङ्ख्या | परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | १८६ | ५९८ | ६०२ | १२०० | ६.४५ | ९९.३४ |
| २ | २५३ | ७३५ | ७५४ | १४८९ | ५.८९ | ९७.४८ |
| ३ | २६८ | ६८० | ७४२ | १४२२ | ५.३१ | ९१.६४ |
| ४ | १७२ | ४५४ | ४८७ | ९४१ | ५.४७ | ९३.२२ |
| ५ | ३३३ | ८३४ | ९१६ | १७५० | ५.२६ | ९१.०५ |
| ६ | २६८ | ७३७ | ७२६ | १४६३ | ५.४६ | १०१.५२ |
| | १४८० | ४०३८ | ४२२७ | ८२६५ | ५.५८ | ९५.५३ |

(राष्ट्रिय जनगणना, २०७८)

अदानचुली गाउँपालिकाको कुल जनसङ्ख्या ८,२६५ रहेकोमा पुरूष ४,०३८ र महिला ४,२२७ रहेका छन्, जसले महिलाको जनसङ्ख्या पुरूषभन्दा केही बढी रहेको देखाउँछ । उमेर समूहगत विश्लेषण गर्दा ०-१४ वर्ष उमेर समूहमा सबैभन्दा बढी जनसङ्ख्या केन्द्रित रहेको देखिन्छ, जहाँ ०-४ वर्षमा १,०५४, ५-९ वर्षमा १,२०८ तथा १०-१४ वर्षमा १,१२८ जना रहेका छन् । यसले गाउँपालिकाको जनसांख्यिक संरचना बाल तथा किशोर उमेर समूह केन्द्रित रहेको र आगामी वर्षहरूमा शिक्षा, स्वास्थ्य तथा बाल विकाससम्बन्धी सेवाको माग उच्च रहने संकेत गर्दछ । १५-२४ वर्ष उमेर समूहमा कुल १,४३० जनसङ्ख्या रहेको छ,

जसले युवा जनसङ्ख्याको उल्लेखनीय उपस्थिति देखाउँछ र यस समूहका लागि माध्यमिक तथा उच्च शिक्षा, सीप विकास, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम आवश्यक रहने देखिन्छ। २५-५९ वर्ष उमेर समूहमा जनसङ्ख्या क्रमशः घट्दै गएको देखिए पनि यो समूह स्थानीय उत्पादन, श्रम तथा आर्थिक गतिविधिको मुख्य आधारका रूपमा रहेको अनुमान गर्न सकिन्छ। वृद्ध उमेर समूह (६० वर्षमाथि) मा जनसङ्ख्या तुलनात्मक रूपमा कम भए पनि ७० वर्षभन्दा माथिका अधिकांश उमेर समूहमा महिलाको संख्या पुरूषभन्दा बढी रहेको पाइन्छ, जसले महिलाको औसत आयु अपेक्षाकृत बढी रहेको संकेत गर्दछ । विशेषगरी ९५ वर्षमाथि पुरूषको उपस्थिति नभई केवल ३ जना महिला रहेको देखिन्छ। समग्र रूपमा हेर्दा गाउँपालिकाको जनसङ्ख्या संरचना युवा तथा विद्यालय उमेर समूहमा केन्द्रित रहेकोले शिक्षा, स्वास्थ्य, पोषण, युवा सशक्तीकरण तथा रोजगारी सिर्जनासँगै दीर्घकालीन रूपमा वृद्धमैत्री सामाजिक संरक्षण कार्यक्रमलाई समेत प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिन्छ ।

तालिकाः २ - गाउँपालिकामा उमेर समुह अनुसारको जनसङ्ख्या

| उमेर समुह | पुरूष | महिला | जम्मा जनसङ्ख्या |
|---|---|---|---|
| ०-४ | ५४५ | ५०९ | १०५४ |
| ५-९ | ५९४ | ६१४ | १२०८ |
| १०-१४ | ६०६ | ५२२ | ११८८ |
| १५-१९ | ३६१ | ४४२ | ८०३ |
| २०-२४ | ३०६ | ३२१ | ६२७ |
| २५-२९ | २५५ | २८६ | ५४१ |
| ३०-३४ | २४० | २७२ | ५१२ |
| ३५-३९ | २३३ | २६१ | ४९४ |
| ४०-४४ | १६९ | १९१ | ३६० |
| ४५-४९ | १८० | १६७ | ३४७ |
| ५०-५४ | १४७ | १२९ | २७६ |
| ५५-५९ | ११४ | १०४ | २१८ |
| ६०-६४ | १२२ | १२३ | २४५ |
| ६५-६९ | ६८ | ६८ | १३६ |
| ७०-७४ | ५५ | ८६ | १४१ |
| ७५-८९ | २७ | ५० | ७७ |
| ८०-८४ | १० | ६ | १६ |
| ८५-९० | ४ | ७ | ११ |
| ९०-९४ | २ | ६ | ८ |
| ९५ माथि | ० | ३ | ३ |
| कुल जनसङ्ख्या | ४०३८ | ४२२७ | ८२६५ |

अदानचुली गाउँपालिकाको २०७८ सालको जनगणनालाई आधार मानी २०८२ देखि २०८८ सम्म विभिन्न विद्यालय उमेर समूह तथा अन्य उमेर समूहको प्रक्षेपित जनसंख्या अवस्था प्रस्तुत गरेको छ । समग्र रूपमा कुल जनसंख्या २०७८ मा ८,२६५ रहेकोमा २०८८ सम्म बढेर ८,८६२ पुग्ने अनुमान गरिएको छ, जसले आगामी वर्षहरूमा क्रमिक जनसंख्या वृद्धि हुने संकेत गर्दछ । विद्यालय उमेर समूहअन्तर्गत ५-१२ वर्ष उमेरका बालबालिकाको संख्या २०७८ मा १,९०४ रहेकोमा २०८८ सम्म २,०४२ पुग्ने प्रक्षेपण गरिएको छ, जसले आधारभूत शिक्षामा विद्यार्थी सङ्ख्या क्रमशः वृद्धि हुने र सोअनुसार विद्यालय पहुँच, शिक्षक व्यवस्थापन तथा शैक्षिक पूर्वाधार विस्तारको आवश्यकता बढ्ने देखाउँछ । त्यसैगरी १३-१६ वर्ष उमेर समूहको जनसंख्या ८७८ बाट बढेर ९४१ पुग्ने अनुमान गरिएकोले माध्यमिक तहमा विद्यार्थी भर्ना तथा टिकाउ व्यवस्थापनमा थप तयारी आवश्यक देखिन्छ । प्रारम्भिक बालविकाससँग सम्बन्धित ३-५ वर्ष उमेर समूहमा पनि निरन्तर वृद्धि देखिएको छ; ३ वर्ष उमेर समूह २३५ बाट २५२ र ५ वर्ष उमेर समूह २५५ बाट २७३ पुग्ने अनुमानले प्रारम्भिक बालशिक्षा तथा पूर्वतयारी कार्यक्रमको माग बढ्ने संकेत गर्दछ । १५-२४ वर्ष उमेर समूह १,४३० बाट १,५३३ पुग्ने प्रक्षेपण गरिएकोले युवा जनसंख्या क्रमशः विस्तार हुँदै गएको देखिन्छ, जसका लागि माध्यमिक तथा उच्च शिक्षा, प्राविधिक शिक्षा, सीप विकास र रोजगारीमुखी कार्यक्रमको आवश्यकता अझ बढ्नेछ । त्यसैगरी १५ वर्षभन्दा माथिको जनसंख्या ४,८१५ बाट ५,१६३ पुग्ने अनुमान गरिएकोले युवाहरूका लागि प्राविधिक शिक्षा, सामाजिक सेवा तथा आर्थिक अवसर विस्तारमा दीर्घकालीन योजना आवश्यक देखिन्छ । समग्र रूपमा तालिकाले जनसंख्या वृद्धिको प्रवृत्ति स्थिर तर सकारात्मक रहेको देखाउँदै शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा मानव विकाससँग सम्बन्धित सेवाहरूको दीर्घकालीन योजना र स्रोत व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याएको छ ।

**तालिकाः३ - २०७८ र २०८८ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या**

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ |
| ३ | २३५ | २४२ | २४३ | २४५ | २४७ | २४८ | २५० | २५२ |
| ४ | २३२ | २३९ | २४० | २४२ | २४४ | २४५ | २४७ | २४९ |
| ५ | २५५ | २६२ | २६४ | २६६ | २६८ | २७० | २७२ | २७३ |
| ५-९ | १२०८ | १२४२ | १२५१ | १२६० | १२६८ | १२७७ | १२८६ | १२९५ |
| १०-१२ | ६९६ | ७१६ | ७२१ | ७२६ | ७३१ | ७३६ | ७४१ | ७४६ |
| ५-१२ | १९०४ | १९५८ | १९७२ | १९८५ | १९९९ | २०१३ | २०२७ | २०४२ |
| १३-१४ | ४९२ | ५०६ | ५०९ | ५१३ | ५१७ | ५२० | ५२४ | ५२८ |
| १५-१६ | ३८६ | ३९७ | ४०० | ४०२ | ४०५ | ४०८ | ४११ | ४१४ |
| १३-१६ | ८७८ | ९०३ | ९०९ | ९१६ | ९२२ | ९२८ | ९३५ | ९४१ |
| ५+ | ७२११ | ७४१५ | ७४६७ | ७५१९ | ७५७२ | ७६२५ | ७६७८ | ७७३२ |
| १५-२४ | १४३० | १४७० | १४८१ | १४९१ | १५०२ | १५१२ | १५२३ | १५३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५+ | ४८१५ | ४९५१ | ४९८६ | ५०२१ | ५०५६ | ५०९१ | ५१२७ | ५१६३ |
| जम्मा | ८२६५ | ८४९९ | ८५५८ | ८६१८ | ८६७९ | ८७३९ | ८८०१ | ८८६२ |

मानव स्रोत विकास केन्द्रले तयार गरेको ढाँचामा प्रक्षेपित जनसङ्ख्या (जनसङ्ख्या बृद्धि दर ०.७०)

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

अदानचुली गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था परम्परागत ग्रामीण जीवनशैली, जातीय तथा सामाजिक विविधता, सामुदायिक सहकार्य तथा स्थानीय संस्कृति र परम्परामा आधारित रहेको पाइन्छ । हुम्ला जिल्लाको कर्णाली क्षेत्रमा अवस्थित यस गाउँपालिकामा सामाजिक संरचना र सांस्कृतिक अभ्यासले स्थानीय जीवनशैलीलाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । गाउँपालिकामा मुख्य रूपमा खसआर्य समुदायको बाहुल्यता रहेको छ भने अन्य जातीय तथा सामाजिक समूहहरूको पनि सहअस्तित्व रहेको पाइन्छ। पारिवारिक संरचना प्रायः संयुक्त तथा विस्तारित परिवारमा आधारित रहेको देखिन्छ। समुदायमा आपसी सहयोग, श्रम आदानप्रदान तथा सामूहिक सहभागिताको अभ्यास अझै महत्वपूर्ण सामाजिक विशेषता हो । शिक्षा तथा जनचेतनाको विस्तारसँगै सामाजिक सेवामा पहुँच बढ्दै गएको भए पनि दुर्गम भूगोलका कारण सेवा पहुँचमा केही चुनौती देखिन्छ । वैदेशिक रोजगार तथा आन्तरिक बसाइँसराइले सामाजिक संरचना र स्थानीय जनशक्ति व्यवस्थापनमा प्रभाव पारिरहेको अवस्था देखिन्छ ।

### गाउँ पालिकामा मनाइने चाडपर्वहरू

अदानचुली गाउँपालिका ब्राह्मण, ठकुरी, क्षेत्री तथा दलित समुदायको मिश्रित बसोबास रहेको बहुजातीय तथा बहुसांस्कृतिक क्षेत्र हो । यहाँ हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेकोले राष्ट्रिय तथा धार्मिक चाडपर्वहरू उत्साहपूर्वक मनाइन्छन् । प्रमुख राष्ट्रिय चाडपर्वहरूमा दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं र साउने संक्रान्ति पर्दछन् । स्थानीय स्तरमा विशेष महत्वका साथ मनाइने परम्परागत चाडपर्वहरूमा भैलो, भुवो, पिठायो, अनन्ते पूर्णिमा (माझी पूर्णिमा), साउने पूर्णिमा (जनै पूर्णिमा), चोखे, दशहरा, माघ पूर्णिमा तथा कार्तिक पूर्णिमा (कोजाग्रत पूर्णिमा) जस्ता पर्वहरू पर्दछन् । यीमध्ये गौरा पर्वलाई यहाँका समुदायले अत्यन्तै श्रद्धा र उत्साहका साथ र विशेष महत्वका साथ मनाउने परम्परा रहेको छ । यस क्षेत्रको सांस्कृतिक पहिचानका रूपमा देउडा लोकसंस्कृति विशेष रूपमा उल्लेखनीय छ । पुरुष र महिलाको समूह बनाएर देउडा गीत गाउने र नाच्ने परम्परा यहाँको सामाजिक जीवनको अभिन्न हिस्सा हो । साथै, प्रत्येक पूर्णिमाका अवसरमा स्थानीय देवीदेवताका मन्दिर (थानहरू) मा धामी नाच प्रदर्शन गर्ने परम्परा पनि विद्यमान छ, जसले यहाँको धार्मिक तथा सांस्कृतिक आस्थालाई प्रतिबिम्बित गर्दछ । यसका अतिरिक्त, गाउँपालिकामा न्यून संख्यामा रहेका बौद्ध धर्मावलम्बीहरूले ल्होसार पर्व तथा क्रिश्चियन समुदायले क्रिसमस पर्व पनि मनाउन थालेका छन्, जसले यहाँको धार्मिक विविधता र सहअस्तित्वलाई झनै सुदृढ बनाएको छ ।

### बसाइँसराइ

बसाइँसराइ विकासको एक महत्वपूर्ण सामाजिक तथा आर्थिक सूचकका रूपमा मानिन्छ । हुम्ला जिल्लामा अस्थायी बसाइँसराइको दर उच्च रहेको देखिन्छ भने स्थायी बसाइँसराइको दर तुलनात्मक रूपमा कम छ । जिल्लाको समग्र प्रवृत्तिसँग मिल्दोजुल्दो रूपमा अदानचुली गाउँपालिकामा पनि अस्थायी बसाइँसराइको अभ्यास अत्यधिक मात्रामा रहेको पाइन्छ । यस गाउँपालिकामा धेरैजसो घरधुरीहरूका लेक, बेसी तथा

विभिन्न खर्कहरूमा गरी ३ देखि ५ वटा आवासस्थल हुने परम्परा रहेको छ । मौसमी अवस्था अनुसार ती स्थानहरूमा ३ देखि ६ महिनासम्म आलोपालो गरी बसोबास गर्ने प्रचलनले अस्थायी बसाइँसराइको दर उच्च देखिएको हो । हिउँदमा जाडोबाट बच्न तल्लो र न्यानो भू-भागतर्फ तथा गर्मीयाममा चिसो उच्च पहाडी क्षेत्रतर्फ बसाइँ सर्ने परम्परा यहाँको पुरानो सामाजिक-आर्थिक अभ्यास हो । वर्षायाममा भने आफ्ना खेतीयोग्य जमिन तथा खर्क क्षेत्रहरूमा स्थानान्तरण भई बसोबास गर्ने प्रचलन पनि विद्यमान छ । यस प्रकारको मौसमी तथा अस्थायी बसाइँसराइ औपचारिक रूपमा कुनै निकायमा दर्ता हुने अभ्यास यहाँ प्रचलनमा छैन । पशुपालन तथा कृषि गतिविधिसँग प्रत्यक्ष रूपमा जोडिएको जीवनशैलीका कारण गोठ तथा मलखात नजिकै बसोबास गर्ने परम्पराले पनि अस्थायी बसाइँसराइलाई थप प्रोत्साहन गरेको छ ।

जीविकोपार्जनका लागि देशका विभिन्न भाग तथा छिमेकी मुलुक भारततर्फ मौसमी श्रमका लागि जाने प्रवृत्ति पनि नियमित रूपमा देखिन्छ । यस्तो श्रम गतिशीलताका क्रममा केही व्यक्तिहरू तुलनात्मक रूपमा सुविधासम्पन्न क्षेत्रहरू: जस्तै तराई क्षेत्र, सुर्खेत, बर्दिया तथा नेपालगञ्जमा स्थायी रूपमा बसाइँ सर्ने प्रवृत्ति क्रमशः विकसित हुँदै गएको छ । भौगोलिक विकटता, सेवासुविधामा सीमित पहुँच, गरिबी, खाद्य असुरक्षा, बेरोजगारी तथा शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइजस्ता आधारभूत सेवामा कमीका कारण स्थायी बसाइँसराइको प्रवृत्ति क्रमशः बढ्दै गएको देखिए तापनि अस्थायी बसाइँसराइको तुलनामा यसको दर अझै न्यून नै रहेको छ । हालसम्म अदानचुली गाउँपालिकाबाट अन्य जिल्लातर्फ, विशेषगरी तराई क्षेत्रतर्फ स्थायी बसाइँसराइ गर्ने प्रवृत्ति देखिन्छ । केही शिक्षक तथा सरकारी कर्मचारीहरूले दुर्गम भत्ता सुविधा प्राप्त गर्ने उद्देश्यले सुर्खेत, बर्दिया, नेपालगञ्ज जस्ता क्षेत्रमा जग्गा खरिद गरी बसाइँ सरेको अवस्था पनि पाइन्छ । तथापि, बाह्य क्षेत्रबाट यस गाउँपालिकामा स्थायी रूपमा बसाइँ सरेर आउने जनसंख्या अत्यन्त न्यून रहेको छ ।

## मातृभाषा

अदानचुली गाउँपालिका ब्राह्मण, क्षेत्री, ठकुरी, दलित तथा जनजाति समुदायको मिश्रित बसोबास रहेको बहुजातीय क्षेत्र हो । यहाँको प्रमुख मातृभाषा नेपाली नै हो । विशेषगरी खस भाषाको स्थानीय रूप (उपभाषिक स्वरूप) नै यहाँ दैनिक जीवनमा प्रयोग हुने प्रमुख बोलीचालीको भाषा हो । यसैले समग्र गाउँपालिकामा नेपाली भाषा नै मातृभाषा तथा सम्पर्क भाषाका रूपमा स्थापित भएको स्पष्ट देखिन्छ । यद्यपि, वडा नं. ६ का केही घरधुरीहरूमा गुरुङ समुदायको उपस्थिति रहेको र उनीहरूले गुरुङ (लामा खाम) भाषा प्रयोग गर्ने गरेको पाइन्छ । तथापि, समग्र पालिकास्तरमा सबै समुदायबीच सम्पर्क र संवादका लागि नेपाली भाषा नै साझा माध्यमका रूपमा प्रयोग हुँदै आएको छ ।

## धर्म

धार्मिक दृष्टिले यस गाउँपालिकामा हिन्दु धर्मावलम्बीहरूको स्पष्ट बहुलता रहेको छ । ब्राह्मण, क्षेत्री, ठकुरी, दलित तथा अधिकांश जनजाति समुदायले समेत हिन्दु धर्मको परम्परा अनुसरण गर्ने भएकाले यहाँ हिन्दु धर्मको सांस्कृतिक तथा सामाजिक प्रभाव बलियो रूपमा रहेको छ । बाहिरबाट बसाइँ सरेर आएका केही गुरुङ समुदायका घरधुरीहरूले बौद्ध धर्म मान्ने गरेको पाइन्छ भने हालका वर्षहरूमा केही व्यक्तिहरूले व्यक्तिगत रूपमा क्रिश्चियन धर्म स्वीकार गरेको देखिए तापनि यसको उपस्थिति अत्यन्त न्यून छ ।

## १.४ आर्थिक अवस्था

अदानचुली गाउँपालिकाको आर्थिक अवस्था मुख्यतः कृषि तथा पशुपालनमा आधारित रहेको छ । यहाँको अधिकांश जनसंख्या परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा निर्भर छ, जसमा परिवारको खाद्य सुरक्षा तथा सीमित नगद आम्दानीको स्रोतका रूपमा कृषि तथा पशुपालन प्रमुख भूमिका खेल्दछन् । व्यवसायिक तथा औद्योगिक गतिविधिहरूको विकास न्यून भएकाले स्थानीय अर्थतन्त्र अझै पनि प्राथमिक उत्पादनमा केन्द्रित रहेको देखिन्छ । यस गाउँपालिकामा धान, मकै, कोदो, गहुँ, जौ, फापर, कागुनो, चिनो तथा उवाजस्ता अन्नबालीहरूको उत्पादन प्रमुख रूपमा हुने गर्दछ । साथै आलु, प्याज, लसुन, खुर्सानी तथा बेसारजस्ता नगदे बालीहरूको सीमित व्यवसायिक खेती पनि हुँदै आएको छ । यद्यपि सिँचाइ सुविधाको अभाव, भौगोलिक विकटता तथा आधुनिक कृषि प्रविधिको सीमित प्रयोगका कारण कृषि उत्पादन पूर्ण रूपमा वर्षा-आश्रित रहेको छ, जसले उत्पादनशीलता र आयस्तरमा प्रत्यक्ष प्रभाव पारेको छ । पशुपालन यस क्षेत्रको अर्को महत्वपूर्ण आर्थिक गतिविधि हो, जसअन्तर्गत गाई, भैंसी, बाख्रा, भेडा तथा कुखुरा पालन प्रचलनमा रहेको छ । पशुपालनले कृषि प्रणालीसँग एकीकृत रूपमा ग्रामीण जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ, यद्यपि व्यावसायिक रूपमा यसको विकास अझै सीमित अवस्थामा छ ।

यस गाउँपालिकाको आर्थिक संरचनामा वैदेशिक रोजगारी तथा मौसमी श्रमको पनि उल्लेखनीय भूमिका रहेको छ । रोजगारको सीमित अवसरका कारण धेरै युवाहरू देशका विभिन्न शहर तथा छिमेकी मुलुक भारततर्फ श्रमका लागि जाने प्रवृत्ति रहेको छ, जसबाट प्राप्त विप्रेषण (remittance) ले स्थानीय परिवारहरूको आर्थिक अवस्थालाई केही हदसम्म सुधार गरेको छ । व्यापार तथा सेवा क्षेत्रहरू क्रमशः विकासको चरणमा रहेका छन् । स्थानीय बजार तथा साना पसलहरू ग्रामीण अर्थतन्त्रको सहायक आधारका रूपमा रहेका छन् । साथै, सडक पहुँचको सीमितता तथा यातायात पूर्वाधार कमजोर भएकाले बजार विस्तार तथा व्यावसायिक गतिविधिहरू अपेक्षित रूपमा विकसित हुन सकेका छैनन् । समग्रमा, अदानचुली गाउँपालिकाको आर्थिक अवस्था अझै पनि कृषिनिर्भर र निर्वाहमुखी प्रकृतिको रहेको छ । यद्यपि यहाँको प्राकृतिक स्रोत, कृषि सम्भावना, पशुपालन तथा मानवशक्ति उपयोगमार्फत आर्थिक रूपान्तरणको पर्याप्त सम्भावना विद्यमान रहेको छ । पूर्वाधार विकास, सिँचाइ विस्तार, बजार पहुँच वृद्धि तथा सीपमूलक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत यस क्षेत्रको आर्थिक अवस्था सुधार गर्न सकिने देखिन्छ ।

## १.५ शैक्षिक अवस्था

अदानचुली गाउँपालिकाको शैक्षिक अवस्था क्रमिक सुधारको चरणमा रहेको छ । यहाँ सामुदायिक विद्यालयहरू प्रमुख शैक्षिक संस्थाका रूपमा सञ्चालनमा रहेका छन्, जहाँ आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा प्रदान गरिन्छ । हाल विद्यालय शिक्षामा पहुँच विस्तार भए तापनि गुणस्तर, सिकाइ उपलब्धि र भौतिक पूर्वाधारका दृष्टिले अझै सुधारको आवश्यकता रहेको देखिन्छ । विद्यालयमा विद्यार्थी भर्ना दर बढ्दै गएको भए पनि नियमित उपस्थिति, निरन्तरता तथा सिकाइ उपलब्धिमा असमानता देखिन्छ । विशेषगरी दुर्गम भौगोलिक अवस्था, गरिबी, बालश्रम, मौसमी बसाइँसराइ तथा घरायसी जिम्मेवारीका कारण केही बालबालिकाको विद्यालय छोड्ने प्रवृत्ति अझै पूर्ण रूपमा नियन्त्रण हुन सकेको छैन ।

शिक्षक दरबन्दीको कमी, विषयगत शिक्षकको अभाव तथा शिक्षकको क्षमता विकासका अवसर सीमित हुनु जस्ता कारणले शिक्षण सिकाइ प्रभावकारी बनाउन चुनौती देखिन्छ। साथै केही विद्यालयहरूमा भौतिक पूर्वाधार जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय तथा सूचना-प्रविधि (ICT) सुविधाको कमी रहेको छ, जसले गुणस्तरीय शिक्षामा प्रत्यक्ष प्रभाव पारेको छ।

समावेशी शिक्षाको सन्दर्भमा अपाङ्गता भएका बालबालिका, आर्थिक रूपमा विपन्न तथा दुर्गम क्षेत्रका विद्यार्थीका लागि छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा जस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यद्यपि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र लक्षित समूहमा पूर्ण पहुँच सुनिश्चित गर्न अझै सुधार आवश्यक छ । स्थानीय तहले शिक्षा क्षेत्रको सुधारका लागि विभिन्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । विद्यालय व्यवस्थापन, शिक्षक तालिम, भौतिक पूर्वाधार विकास तथा शैक्षिक सामग्री व्यवस्थापनमा क्रमशः लगानी हुँदै आएको देखिन्छ। साथै समुदाय, अभिभावक तथा विभिन्न साझेदार निकायहरूको सहभागिताले शैक्षिक गतिविधिमा सकारात्मक प्रभाव पारेको छ । समग्रमा, अदानचुली गाउँपालिकाको शैक्षिक अवस्था पहुँच विस्तारको चरणमा रहे पनि गुणस्तर सुधार, समावेशीकरण, पूर्वाधार विकास तथा सिकाइ उपलब्धि वृद्धि प्रमुख चुनौतीका रूपमा रहेका छन्। दीर्घकालीन शैक्षिक सुधारका लागि संस्थागत क्षमता विकास, स्रोत व्यवस्थापन र प्रभावकारी अनुगमन प्रणालीलाई अझ सुदृढ बनाउनु आवश्यक देखिन्छ ।

## विद्यार्थी विवरण

दिइएको तालिकामा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरूको कुल भर्ना अवस्था, दलित तथा जनजाति विद्यार्थीहरूको सहभागिता र लैङ्गिक वितरणलाई प्रस्तुत गरिएको छ । समग्र रूपमा कक्षा १-५ मा १,४०७ विद्यार्थी रहेका छन्, जसमा छात्रा ७३७ र छात्र ६७० रहेका छन् । यस तहमा दलित विद्यार्थी ४६३ र जनजाति विद्यार्थी १२८ रहेका छन्, जसले प्रारम्भिक तहमा सीमान्तकृत समुदायको उल्लेखनीय सहभागिता देखाउँछ । कक्षा ६-८ मा कुल विद्यार्थी ६५९ रहेका छन्, जहाँ छात्राको संख्या ३१३ छात्र छ, जुन छात्रको सङ्ख्य ३४६ भन्दा केही कम देखिन्छ, तर दलित (१७५) र जनजाति (५८) विद्यार्थीको सहभागिता निरन्तरता कायम रहेको छ । कक्षा ९-१० मा कुल ४२१ विद्यार्थी रहेका छन्, जसमा लैङ्गिक अनुपात लगभग समान (छात्रा २११ र छात्र २१०) रहेको देखिन्छ भने दलित ११८ र जनजाति ४५ विद्यार्थी रहेका छन् । कक्षा ११-१२ मा विद्यार्थी सङ्ख्या २६३ मा झरेको देखिन्छ, जसले माथिल्लो तहमा विद्यार्थी टिकाइ घट्दै गएको संकेत गर्दछ, विशेषगरी छात्राको संख्या (१२९) छात्र (१३४) भन्दा केही कम रहेको छ । दलित विद्यार्थी ५५ र जनजाति २० मात्र रहेकोले उच्च कक्षामा पुग्दा सीमान्तकृत समुदायको सहभागिता घट्ने प्रवृत्ति स्पष्ट देखिन्छ । समग्र रूपमा हेर्दा विद्यालय तहमा लैङ्गिक सन्तुलन अपेक्षाकृत राम्रो भए पनि कक्षा वृद्धि सँगसँगै विद्यार्थी संख्या घट्दै जाने, विशेषगरी दलित र जनजाति समुदायको सहभागिता क्रमशः कमजोर हुँदै जाने अवस्था देखिन्छ, जसले समावेशी शिक्षा, विद्यार्थी टिकाइ, छात्रवृत्ति तथा लक्षित शैक्षिक सहयोग कार्यक्रमलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउँछ ।

**तालिकाः ४ - विद्यार्थी विवरण (कक्षा १-१२)**

| जम्मा विद्यार्थी सङ्ख्या | दलित विद्यार्थी सङ्ख्या | जनजाती विद्यार्थी सङ्ख्या |
|---|---|---|

| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्रत् | जम्मा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९८ | १८३ | ३८१ | ६२ | ७६ | १३८ | १९ | १८ | ३७ |
| २ | १४१ | १४० | २८१ | ४२ | ५२ | ९४ | १५ | ११ | २६ |
| ३ | १४७ | १३५ | २८२ | ४२ | ४४ | ८६ | १३ | १२ | २५ |
| ४ | १२२ | ९८ | २२० | ३९ | २३ | ६२ | १० | ११ | २१ |
| ५ | १२९ | ११४ | २४३ | ४२ | ४१ | ८३ | ७ | १२ | १९ |
| कक्षा १-५ | ७३७ | ६७० | १४०७ | २२७ | २३६ | ४६३ | ६४ | ६४ | १२८ |
| ६ | १०७ | १२२ | २२९ | ३१ | ३८ | ६९ | ८ | ११ | १९ |
| ७ | ९४ | ११३ | २०७ | २५ | २७ | ५२ | ८ | १२ | २० |
| ८ | ११२ | १११ | २२३ | २३ | ३१ | ५४ | १० | ९ | १९ |
| कक्षा ६-८ | ३१३ | ३४६ | ६५९ | ७९ | ९६ | १७५ | २६ | ३२ | ५८ |
| ९ | ११२ | ११२ | २२४ | ३२ | ३२ | ६४ | १४ | १५ | २९ |
| १० | ९९ | ९८ | १९७ | २५ | २९ | ५४ | ८ | ८ | १६ |
| कक्षा ९-१० | २११ | २१० | ४२१ | ५७ | ६१ | ११८ | २२ | २३ | ४५ |
| ११ | ९२ | ९६ | १७८ | १७ | २० | ३७ | ७ | १० | १७ |
| १२ | ४७ | ३८ | ८५ | ६ | १२ | १८ | २ | १ | ३ |
| कक्षा ११-१२ | १२९ | १३४ | २६३ | २३ | ३२ | ५५ | ९ | ११ | २० |

## विद्यार्थी भर्ना प्रबृत्ति

अदानचुली गाउँपालिमा विद्यालयको विभिन्न तहमा विद्यार्थी भर्ना प्रवृत्तिलाई कुल भर्नादर (Gross Enrolment Rate) र खुद भर्नादर (Net Enrolment Rate) का आधारमा विश्लेषण गरिएको छ, जसबाट विद्यालय पहुँच र उमेरअनुसार भर्ना अवस्थाको समग्र अवस्था देखिन्छ । समग्र रूपमा आधारभूत तहमा भर्ना दर उच्च रहेको देखिन्छ, जहाँ कक्षा १-५ मा कुल भर्नादर १२९.२ प्रतिशत र खुद भर्नादर ९६.५ प्रतिशत रहेको छ, जसले उमेरभन्दा माथि वा तलका विद्यार्थीहरूको समेत उल्लेखनीय सहभागिता रहेको संकेत गर्दछ । कक्षा ६-८ मा कुल भर्नादर ११६.८ प्रतिशत र खुद भर्नादर ९१.८ प्रतिशत रहेको छ भने समग्र आधारभूत तह (१-८) मा कुल भर्नादर १२५.० प्रतिशत र खुद भर्नादर ९४.९ प्रतिशत रहेकोले आधारभूत शिक्षामा पहुँच अत्यन्त राम्रो रहेको देखिन्छ । बालविकास तहमा कुल भर्नादर १२०.६ प्रतिशत भए पनि खुद भर्नादर ७८.६ प्रतिशत मात्र रहेकोले प्रारम्भिक बाल शिक्षामा उमेरअनुसार भर्ना व्यवस्थापनमा अझै चुनौती रहेको स्पष्ट हुन्छ । माध्यमिक तह (९-१०) मा कुल भर्नादर ९१.१ प्रतिशत र खुद भर्नादर ७०.८ प्रतिशतमा झरेको देखिन्छ,

जसले आधारभूत तहपछि विद्यार्थी टिकाइमा गिरावट रहेको संकेत गर्दछ । उच्च माध्यमिक तह (११-१२) मा कुल भर्नादर ७९.० प्रतिशत र खुद भर्नादर ४५.३ प्रतिशत मात्र रहेकोले यस तहमा विद्यार्थीको पहुँच र निरन्तरता उल्लेखनीय रूपमा कमजोर रहेको देखिन्छ, विशेषगरी छात्राको खुद भर्नादर ३८.९ प्रतिशतमा सीमित रहनुले लैङ्गिक दृष्टिले पनि चुनौती देखाउँछ । समग्र माध्यमिक तह (९-१२) मा कुल भर्नादर ८६.० प्रतिशत र खुद भर्नादर ६०.१ प्रतिशत रहेकोले उच्च तहमा जाँदा विद्यार्थी झर्ने प्रवृत्ति स्पष्ट हुन्छ। समग्र रूपमा हेर्दा आधारभूत तहमा भर्ना अवस्था अत्यन्त सन्तोषजनक भए पनि बालविकास र विशेषगरी उच्च माध्यमिक तहमा भर्ना पहुँच, विद्यार्थी टिकाइ तथा लैङ्गिक सहभागिता सुदृढ गर्न लक्षित नीतिगत तथा कार्यक्रमगत हस्तक्षेप आवश्यक देखिन्छ ।

## तालिकाः ५ - विद्यार्थी भर्ना प्रबृत्ति

| कक्षा | कुल भर्नादर | | | खुद भर्नादर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| बालविकास | १२५.३ | ११६.१ | १२०.६ | ७५.५ | ८१.६ | ७८.६ |
| १-५ | १३१.४ | १२६.६ | १२९.२ | ९५.९ | ९७.२ | ९६.५ |
| ६-८ | ११९.० | ११५.० | ११६.८ | ८९.० | ९४.४ | ९१.८ |
| १-८ | १२७.४ | १२२.६ | १२५.० | ९३.७ | ९६.१ | ९४.९ |
| ९-१० | ९०.९ | ९१.३ | ९१.१ | ७१.६ | ७०.० | ७०.८ |
| ११-१२ | ६९.७ | ९०.५ | ७९.० | ३८.९ | ५३.४ | ४५.३ |
| ९-१२ | ८१.५ | ९१.० | ८६.० | ५७.१ | ६३.५ | ६०.१ |

## तालिकाः ६ - लैङ्गिक समता सूचकको स्थिति

| तह | आधारभूत | | | माध्यमिक | | |
|---|---|---|---|---|---|---|
| कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा १-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१२ |
| सबै विद्यार्थी | १.१० | ०.९० | १.०३ | १.०० | ०.९६ | ०.९९ |
| दलित विद्यार्थी | ०.९६ | ०.८२ | ०.९९ | ०.९२ | ०.९३ | ०.८६ |
| जनजाती विद्यार्थी | १.०० | ०.८१ | ०.९४ | ०.९६ | ०.८२ | ०.९१ |

माथिको तालिकामा आधारभूत र माध्यमिक तहमा लैङ्गिक समता सूचक (Gender Parity Index) को अवस्था सबै विद्यार्थी, दलित विद्यार्थी र जनजाति विद्यार्थीका आधारमा प्रस्तुत गरिएको छ, जसले शिक्षामा लैङ्गिक सन्तुलनको स्तर स्पष्ट पारेको छ । समग्र विद्यार्थी समूहमा कक्षा १-५ मा सूचक १.१० रहेकोले यस तहमा छात्राको सहभागिता छात्रभन्दा उच्च रहेको देखिन्छ, तर कक्षा ६-८ मा ०.९० मा झरेकोले यस तहमा

छात्रको सहभागिता तुलनात्मक रूपमा बढी भएको संकेत गर्दछ । कक्षा १-८ को समग्र सूचक १.०३ रहेकोले आधारभूत तहमा लैङ्गिक सन्तुलन समग्र रूपमा सकारात्मक रहेको देखिन्छ । माध्यमिक तहमा कक्षा ९-१० मा सूचक १.०० रहेकोले पूर्ण लैङ्गिक समानता देखिन्छ भने कक्षा ११-१२ मा ०.९६ र समग्र कक्षा ९-१२ मा ०.९९ रहेकोले छात्राको सहभागिता केही कम भए पनि समता नजिकको अवस्था रहेको देखिन्छ । दलित विद्यार्थीहरूको सन्दर्भमा कक्षा १-५ मा ०.९६ र कक्षा ६-८ मा ०.८२ रहेकोले उच्च कक्षातर्फ जाँदा छात्राको सहभागिता घट्दै गएको देखिन्छ, जुन कक्षा ९-१२ मा ०.८६ सम्म झरेको छ । जनजाति विद्यार्थीमा पनि यस्तै प्रवृत्ति देखिन्छ, जहाँ कक्षा १-५ मा १.०० रहेको सूचक कक्षा ६-८ मा ०.८१ मा झरेको छ र कक्षा ११-१२ मा ०.८२ रहेकोले माथिल्लो तहमा लैङ्गिक असमानता केही बढ्दै गएको संकेत गर्दछ । समग्र रूपमा हेर्दा आधारभूत तहमा लैङ्गिक समता सन्तोषजनक रहे पनि माध्यमिक तह, विशेषगरी उच्च कक्षामा दलित र जनजाति समुदायभित्र छात्राको सहभागिता घट्ने प्रवृत्ति देखिएकाले लक्षित छात्रा प्रोत्साहन कार्यक्रम, छात्रवृत्ति तथा निरन्तरता सुधारका उपायहरू आवश्यक देखिन्छ ।

तालिकाः ७ - कक्षा उत्तीर्ण हुने, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर

| कक्षा | कक्षा उत्तीर्ण दर | | | कक्षा दोहोऱ्याउने दर | | | कक्षा छोड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ४०.४ | ३७.० | ३८.७ | २०.२ | २६.१ | २३.० | ३९.४ | ३७.० | ३८.२ |
| २ | ६६.७ | ८०.० | ७३.३ | १८.४ | १२.९ | १५.७ | १४.९ | ७.१ | ११.० |
| ३ | ७८.१ | ७४.८ | ७६.५ | १३.७ | १४.८ | १४.२ | ८.२ | १०.४ | ९.३ |
| ४ | ७३.२ | ५४.१ | ६४.७ | २३.६ | ३७.८ | २९.९ | ३.३ | ८.२ | ५.४ |
| ५ | ८४.५ | ८९.७ | ८६.९ | १०.९ | ६.९ | ९.० | ४.७ | ३.४ | ४.१ |
| १-५ | ६६.१ | ६५.१ | ६५.६ | ९.० | १७.५ | १९.५ | १६.४ | १५.५ | १६.० |
| ६ | ९२.७ | ९५.९ | ९४.४ | ७.३ | ४.१ | ५.६ | ०.० | ०.० | ०.० |
| ७ | ९२.५ | ९०.४ | ९१.३ | ६.५ | ९.६ | ८.२ | १.१ | ०.० | ०.५ |
| ८ | ९१.९ | ८८.३ | ९०.१ | ८.१ | १०.२ | ९.५ | ०.० | ०.९ | ०.५ |
| ६-८ | ९२.३ | ९१.७ | ९२.० | ७.३ | ८.० | ७.७ | ०.३ | ०.३ | ०.३ |
| ९ | ८८.० | ८५.६ | ८६.८ | १२.० | १३.५ | १२.७ | ०.० | ०.९ | ०.४ |
| १० | ९८.० | ९९.० | ९८.५ | २.० | १.० | १.५ | ०.० | ०.० | ०.० |
| ९-१० | ९२.६ | ९१.९ | ९२.२ | ७.४ | ७.७ | ७.५ | ०.० | ०.५ | ०.२ |

माथिको तालिकाले विभिन्न कक्षामा विद्यार्थीहरूको कक्षा उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर तथा कक्षा छोड्ने दरको अवस्था प्रस्तुत गरेको छ । यसले विद्यालय प्रणालीको आन्तरिक दक्षताको चित्रण गरेको छ । समग्र रूपमा आधारभूत तह (कक्षा १-५) मा कक्षा उत्तीर्ण दर ६५.६ प्रतिशत रहेको छ भने कक्षा दोहोऱ्याउने दर १९.५ प्रतिशत तथा कक्षा छोड्ने दर १६.० प्रतिशत रहेको देखिन्छ, जसले प्रारम्भिक कक्षाहरूमा सिकाइ उपलब्धि तथा विद्यार्थी टिकाइ चुनौतीपूर्ण रहेको संकेत गर्दछ । विशेषगरी कक्षा १ मा उत्तीर्ण दर केवल ३८.७ प्रतिशत रहेको छ भने कक्षा छोड्ने दर ३८.२ प्रतिशत पुगेको देखिन्छ, जसले विद्यालय प्रवेशपछिको

प्रारम्भिक सिकाइ तथा निरन्तरतामा गम्भीर चुनौती रहेको स्पष्ट पार्छ । कक्षा ४ मा दोहोऱ्याउने दर २९.९ प्रतिशत रहेकोले यस तहमा सिकाइ उपलब्धि र मूल्याङ्कन व्यवस्थामा थप सुधार आवश्यक देखिन्छ । कक्षा ५ मा पुग्दा उत्तीर्ण दर ८६.९ प्रतिशत पुगेको र छोड्ने दर ४.१ प्रतिशतमा सीमित भएकोले माथिल्ला आधारभूत कक्षामा विद्यार्थी टिकाइमा सुधार आएको देखिन्छ । आधारभूत तह (कक्षा ६-८) मा समग्र उत्तीर्ण दर ९२.० प्रतिशत रहेको छ भने दोहोऱ्याउने दर ७.७ प्रतिशत र छोड्ने दर ०.३ प्रतिशत मात्र रहेकोले यस तहमा विद्यालयको आन्तरिक दक्षता उल्लेखनीय रूपमा राम्रो रहेको देखिन्छ । माध्यमिक तह (कक्षा ९-१०) मा पनि समग्र उत्तीर्ण दर ९२.२ प्रतिशत रहेको छ भने दोहोऱ्याउने दर ७.५ प्रतिशत तथा छोड्ने दर ०.२ प्रतिशत मात्र रहेको छ, जसले माध्यमिक तहमा विद्यार्थी निरन्तरता तथा शैक्षिक उपलब्धि सुदृढ रहेको संकेत गर्दछ । विशेषगरी कक्षा १० मा उत्तीर्ण दर ९८.५ प्रतिशत रहेको र कक्षा छोड्ने दर शून्य रहेकोले अन्तिम विद्यालय तहमा उच्च शैक्षिक उपलब्धि देखिन्छ । समग्र रूपमा हेर्दा प्रारम्भिक कक्षाहरूमा विद्यार्थी टिकाइ, सिकाइ उपलब्धि तथा कक्षा दोहोऱ्याउने प्रवृत्तिमा विशेष सुधार आवश्यक रहेको छ भने माथिल्ला कक्षाहरूमा विद्यालयको आन्तरिक दक्षता अपेक्षाकृत सुदृढ देखिन्छ ।

## तालिकाः ८ - शिक्षक सङ्ख्या र प्रवृत्ति

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत) | | | | | सबै प्रकारका विद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरूष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला % | जम्मा | महिला | पुरूष | महिला % |
| आधारभूत (१-५) | ३७ | ५ | ४२ | ७ | १६.६ | २७.६ | ५१ | ९ | ४२ | ९ | १७.६ | ५१ | ९ | ४२ | १७.६ |
| आधारभूत (६-८) | ९ | २ | ११ | १ | ९.१ | ४४.१ | १३ | १ | १२ | २ | ७.७ | १३ | १ | १२ | ७.७ |
| माध्यमिक (९-१०) | ६ | ३ | ९ | १ | ११.१ | ४७.२ | ९ | १ | ८ | ० | ११.१ | ९ | १ | ८ | ११.१ |
| माध्यमिक | १ | ३ | ४ | ० | ०.० | २१.५ | ४ | ० | ४ | ० | ०.० | ४ | ० | ४ | ०.० |

| (११-१२) | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

उपरोक्त तालिकामा विभिन्न तहमा सामुदायिक तथा समग्र विद्यालय प्रणालीअन्तर्गत शिक्षक सङ्ख्या, महिला शिक्षकको सहभागिता तथा विद्यार्थी-शिक्षक अनुपातको अवस्थालाई प्रस्तुत गरिएको छ, जसले शिक्षण स्रोत व्यवस्थापन र लैङ्गिक प्रतिनिधित्वको समग्र चित्र देखाउँछ । आधारभूत तह (कक्षा १-५) मा स्वीकृत तथा राहत गरी ४२ जना शिक्षक रहेका छन्, जसमा महिला ७ जना (१६.६%) मात्र रहेका छन् भने विद्यार्थी-शिक्षक अनुपात २७.६ रहेको देखिन्छ, जसले तुलनात्मक रूपमा महिला शिक्षकको सहभागिता कमजोर रहेको संकेत गर्दछ । यस तहमा सबै स्रोत समावेश गर्दा शिक्षक संख्या ५१ पुगे पनि महिला प्रतिशत १७.६ मा सीमित रहेको छ । आधारभूत तह (६-८) मा शिक्षक संख्या ११ बाट १३ पुगेको देखिए पनि महिला शिक्षक केवल १ जना (९.१% र ७.७%) मात्र रहेका छन् भने विद्यार्थी-शिक्षक अनुपात ४४.१ रहेकोले शिक्षक अभावको गम्भीर अवस्था देखिन्छ । माध्यमिक तह (९-१०) मा ९ जना शिक्षकमध्ये १ जना मात्र महिला (११.१%) रहेका छन् र विद्यार्थी-शिक्षक अनुपात ४७.२ रहेकोले यस तहमा पनि शिक्षक अभाव स्पष्ट देखिन्छ । उच्च माध्यमिक तह (११-१२) मा ४ जना शिक्षक मात्र रहेका छन्, जसमा महिला शिक्षकको उपस्थिति शून्य (0%) रहेको छ, यद्यपि विद्यार्थी-शिक्षक अनुपात २१.५ रहेकोले संख्यात्मक रूपमा राम्रो देखिए पनि लैङ्गिक दृष्टिले अत्यन्त असन्तुलित अवस्था रहेको छ । आधारभूत तहमा शिक्षक संख्या केही सन्तोषजनक देखिए पनि माथिल्ला तहहरूमा शिक्षक अभाव, उच्च विद्यार्थी-शिक्षक अनुपात तथा महिला शिक्षकको अत्यन्त न्यून सहभागिताले गुणस्तरीय र लैङ्गिक रूपमा समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्न तत्काल शिक्षक दरबन्दी विस्तार, पुनःवितरण तथा महिला शिक्षक प्रोत्साहन कार्यक्रम आवश्यक रहेको स्पष्ट देखिन्छ ।

### तालिकाः ९ - वडागत साक्षरता अवस्था

| वडा नं. | ५ वर्ष माथिको जनसङ्ख्या | साक्षर | प्रतिशत | पुरूष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १०४९ | ६८७ | ६५.४९ | ४१९ | ७८.३२ | २६८ | ५२.१४ |
| २ | १३२६ | ८५९ | ६४.७८ | ५०० | ७७.०४ | ३५९ | ५३.०३ |
| ३ | १२२५ | ७३८ | ६०.२४ | ४१५ | ७१.४३ | ३२३ | ५०.१६ |
| ४ | ८४० | ५५४ | ६५.९५ | ३०४ | ७५.४३ | २५० | ५७.२१ |
| ५ | १४९१ | ९३४ | ६२.६४ | ५०८ | ७३.२० | ४२६ | ५३.४५ |
| ६ | १२८० | ७९९ | ६२.४२ | ४४६ | ७०.६८ | ३५३ | ५४.३९ |
| जम्मा | ७२११ | ४५७१ | ६३.३९ | २५९२ | ७४.२१ | १९७९ | ५३.२३ |

(राष्ट्रिय जनगणना, २०७८)

अदानचुली गाउँपालिकाको ५ वर्ष माथिको जनसंख्या, साक्षर जनसंख्या तथा लैङ्गिक आधारमा साक्षरता अवस्थालाई प्रस्तुत गरिएको छ । समग्र गाउँपालिकाको ५ वर्ष माथिको कुल ७,२११ जनसंख्यामध्ये ४,५७१ जना साक्षर रहेका छन्, जसले कुल साक्षरता दर ६३.३९ प्रतिशत रहेको देखाउँछ । लैङ्गिक दृष्टिले

पुरुष साक्षरता दर ७४.२१ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ५३.२३ प्रतिशत मात्र रहेकोले पुरुष र महिलाबीच करिब २१ प्रतिशत बिन्दुको उल्लेखनीय अन्तर देखिन्छ, जसले लैङ्गिक शैक्षिक असमानता अझै विद्यमान रहेको संकेत गर्दछ । वडागत रूपमा हेर्दा वडा नं. २ मा सबैभन्दा उच्च साक्षरता दर ६४.७८ प्रतिशत रहेको छ भने वडा नं. ३ मा सबैभन्दा न्यून ६०.२४ प्रतिशत रहेको देखिन्छ । वडा नं. १, ४, ५ र ६ मा साक्षरता दर ६२ देखि ६६ प्रतिशतको बीचमा रहेर मध्यम अवस्थाको प्रतिनिधित्व गरेको छ । सबै वडामा पुरुष साक्षरता दर महिलाभन्दा उच्च रहेको देखिन्छ, जहाँ पुरुष साक्षरता दर ७० देखि ७८ प्रतिशतसम्म पुगेको छ भने महिला साक्षरता दर ५० देखि ५७ प्रतिशतको बीचमा सीमित रहेको छ । विशेषगरी वडा नं. ३ मा महिला साक्षरता दर ५०.१६ प्रतिशत मात्र रहेकोले यस वडामा महिला शिक्षामा थप चुनौती रहेको देखिन्छ । समग्र रूपमा हेर्दा गाउँपालिकाको साक्षरता अवस्था मध्यम स्तरमा रहेको भए पनि लैङ्गिक असमानता उल्लेखनीय रहेकोले विशेष गरी महिला साक्षरता वृद्धि, युवाका लागि शिक्षा कार्यक्रम विस्तार तथा पछाडि परेका वडामा लक्षित शैक्षिक कार्यक्रम आवश्यक देखिन्छ ।

## १.६ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

हुम्ला जिल्ला अदानचुली गाउँपालिका भित्र रहेका विद्यालयहरूको भौतिक, शैक्षिक उपलब्धि, आर्थिक, सामाजिका पक्ष लगाएत विद्यालयको विभिन्न पक्षहरूको अवस्था अध्ययन र अनुगमनका आधारमा यस गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएका छन् ।

१. यस गाउँपालिकाका सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रारम्भिक बालविकास देखि शिक्षाको अवसार सुनिश्चत गर्न प्रारम्भिक बालविकास र विद्यालयहरूमा कक्षाको समायोजन तथा पुनर्वितरण गरी निश्चित मापदण्ड अनुसार विद्यालय सञ्चालन गर्नु ।

२. शिक्षा ऐन नियमावली अनुसार प्रारम्भिक बालविकास केन्द्रमा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम र पाँच वर्ष भन्दा बढि उमेरका बालबालिकाहरू पनि बालविकास केन्द्रमा भर्ना हुनु ।

३. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालयहरूमा समावेशिका आधारमा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने ।

४. गाउँपालिका भित्र सञ्चालित सबै तहका विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदानका लागि विद्यालयलाई पूर्णरूपमा बालमैत्री बनाउने ।

५. समर्पूर्ण विद्यालयहरूमा बालबालिकाहरूको शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा स्थानीय सामाजिकसांस्कृतिक परिवेश, आर्थिक भाषिक अवस्थामा आधारित स्थानीय विविधता अनुकुल बनाउने ।

६. पाठ्यक्रममा उल्लेख गरिएका विभिन्न व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्म एकिकृत गरि सिकाईलाई दैनिक जीवनसँग

आवश्यक सिप जोडेर विद्यालयमा सिकाइ क्रियाकलाप सुधार गरी विद्यालय शिक्षाको महत्व र सान्दर्भिकतालाई बढोत्तरि गर्ने ।

७.विद्यालयहरूमा पाठ्यक्रम, शिक्षक निर्देशिकाको प्रयोग र उपयोगितालाई बढाउन शिक्षक पेशागत विकास र शिक्षक सहायता प्रणालीको प्रबन्ध मिलाई विद्यालय औपचारिक शिक्षालाई व्यवस्थित र बालबालिकाहरूको मुल्याङ्कन प्रणालीलाई सुधार गरि विश्यसनीय र सान्दर्भिक बनाउने ।

८.गाउँ पालिका भित्र संचालित माध्यमिक तहका विद्यालयहरूलाई व्यावसायिक शिक्षा तथा प्राविधिक शिक्षाका लागि उपयुक्त भौतिक संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने ।

९. सबै विद्यालयहरूमा नवितम् सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र कक्षाकोठा सिकाइमा प्रभावकारी ढङ्गले समय सन्दर्भिक रूपमा प्रयोग गर्ने ।

१०.विद्यालयको नियमित शिक्षण सिकाई बातावरणलाई प्रकृतिक प्रकोप, संकट विपत तथा विभिन्न महामारी रोग लगायतका कठिन परिस्थिति प्रति विद्यालयलाई उत्थानशील बनाउने।

११.बिद्यालयहरूमा खाजाघर स्थापना गरि बालबालिकाको पोषण स्वास्थ्य अवस्था तथा दिवा खाजा लाई व्यवस्थित र सरसफाइ तथा स्वच्छता, स्वादिष्ठ खाजाको व्यवस्थापन गर्ने।

१२.समावेशि शिक्षा लाई व्यावहारमा ल्याउन विद्यालयमा छात्रवृत्ति तथा अन्य बालबालिका सहयोग कार्यक्रम संचाल गरि गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा समान सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने ।

१३. अदानचुली गाउँपालिका भित्रका विद्यालयमा विभिन्न तहमा कार्यरत शिक्षकहरूको हालको उपस्थिति दरमा सुधार ल्याई विभिन्न शैक्षिक योजना निर्माण र शैक्षिक सामाग्रि तथा प्रविधिको प्रयोग गरि शिक्षण सिकाई लाई बालकेन्द्रित बनाई बालाबालिकाहरूको सिकाई उपलब्धि स्तरमा सुधार गरि गुणस्तरीय जीवनोपयोगि शिक्षा प्रदान गर्ने ।

१४.विद्यालयहरूमा तहगत र विषयगत शिक्षकको व्यवस्थापन गरि विद्यालयमा नियमित पठनपाठन तथा शिक्षणा सिकाई क्रियाकलाप लगाएत विभिन्न अतिरिक्त क्रियाकलापहरू विद्यालयमा नियमित संचालन गरि बालबालिकाहरूको चौतर्फि विकासमा जोड दिने ।

१५.बालबालिकाहरूका अभिभावकहरू र विभिन्न सरोकारवाला निकायहरू वाट विद्यालयमा नियमित निरिक्षण अनुगमन गर्ने परिपाटि बसाइ विद्यालय शिक्षक कर्मचारिहरू लाई आवश्यक सुझाव दिने परिपाटिको विकास गर्ने ।

१६. बालबालिकाहरूको प्रतिभा प्रष्फुटन गर्नका लागि पालिका स्तरमा प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

१७.विद्यालयको शैक्षिका विकासमा महत्वपूर्ण टेवा पुर्याउने स्थानीय व्यक्ति, प्रधानाध्यापक ,शिक्षक,विद्यार्थी ,अभिभावक र अन्य निकायका व्यक्तिहरूलाई सम्मान अभिन्नदत गर्ने ।

१८. विद्यालयको भौतिक संरचना कक्षाकोठा पुस्तकालय खाजाघर विज्ञान प्रयोगशाल कम्प्युटर ल्याव शौचालय खानेपानि डेस्क बेन्च जस्ता साधनस्रोतको उचित प्रबन्ध मिलाउने।

१९.बदलिदो जलवायु परिवर्तन र त्यसको असर वाट विद्यालयमा पर्ने असरलाई चेतनामुलका कार्यक्रम संचालन गरि विषय वस्तुलाई स्थानीय पाठ्यक्रमा समावेश बालबालिकालाई सचेत गर्ने ।

२०. अब भन्ने भौतिक संरचना भुकम्प तथा दैविक प्रकोपवाट कुनै असर नपर्ने खालका संरचनाको निर्माण गर्ने । विद्यालय घेरावार निर्माण गरि हरित विद्यालय निर्माणका लागि आवश्यक आर्थिक व्यवस्थापनमा जोड दिने ।

२१. कक्षाकोठा मा बालमैत्री फर्निचर, बालमैत्री खानेपानी धारा, अपाङ्गमैत्री शौचालय, बालमैत्री खेलकुदका सामाग्रि व्यवस्थापनमा जोड दिएर बालबालिकाहरूलाई रमाईलो र मनोरञ्जनपूर्णा वातावरण निर्माण गर्ने ।

२२. वर्तमान परिवेशमा जलवायु स्मार्ट विद्यालय निर्माणका लागि चाहिने आवश्यक साधनस्रोतहरूको व्यवस्थापन मिलाने ।

## १.७ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्:

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने ।

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ।

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको ।

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको।

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको ।

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ।

७.विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने ।

८.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको।

९.विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने ।

१०.सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको ।

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ परिचय

नेपालमा प्रजातन्त्रको स्थापना पश्चात शिक्षा आर्जनका लागि विद्यालय तथा विश्वविद्यालयहरू स्थापना हुँदै आएको इतिहाँस छ । सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण भए सँगै सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको देखिन्छ । वि.सं. २०१० को नेपालमा शिक्षा नामक योजनासँगै नेपालमा योजनाबद्धरूपमा शिक्षाको विकास भएको देखिन्छ । शिक्षामा आम नागरिकको पहुँच बृद्धि गरी शिक्षालाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउन विभिन्न कालखण्डमा शिक्षासँग सम्बन्धित योजना तथा परियोजनाहरू कार्यान्वयन गरिएका छन् । प्राथमिक शिक्षा योजना, आधारभूत तथा प्राथमिक शिक्षा योजना, सबैका लागि शिक्षा योजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना यस्तै योजनाका उदाहरणहरू हुन । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा क्षेत्रका सङ्घीय योजना तथा कार्यक्रमहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालका तर्फबाट प्रतिबद्धता जाहेर भएका क्षेत्रहरूले मार्ग निर्देश गरे बमोजिम शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने र लक्षियत उपलब्धी हासिल गर्ने जिम्मेवारी स्थानीय तहको भएकाले पनि योजनाबद्ध शैक्षिक विकास आजको आवश्यकता हुन गएको छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हककोरूपमा सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहको शिक्षालाई नि:शुल्क गरेको छ । त्यसैगरी गरीब तथा जोखिममा परेका बालबालिकाहरूलाई कानून बमोजिम नि:शुल्क शिक्षाको हक प्रदान गरेको छ । संविधानको अनुसूचि ८ ले आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार शिक्षा क्षेत्र व्यवस्थापनका लागि २३ ओटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसका अतिरिक्त, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयका लागि आवधिक, वार्षिक, रणनीतिगतरूपमा मध्यकालीन र दीर्घकालीन विकास योजना निर्माण गरी कार्यान्वयन गर्नसक्ने अधिकारको व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (संशोधन २०८१) ले पनि स्थानीय तहले स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक र पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार वा अद्यावधिक गर्ने र सोको आधारमा योजना निर्माण गर्ने कुरा उल्लेख गरेको छ । शिक्षा नीति, २०७६ ले पनि स्थानीय आवश्यकता अनुसार कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने कुरामा जोड दिएको छ । उल्लेखित नीतिगत व्यवस्थाको अधिनमा रही स्थानीय तहले तोकिएका अधिकारक्षेत्रका विषयहरूमा आम नागरिकले लाभान्वीत भएको महसुस गर्ने गरी शिक्षा नीति, रणनीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

नेपालको संविधान बमोजिम तीन तहको शासकीय स्वरूप कार्यान्वयनमा रहेको छ। संविधानले तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा कार्य गर्न

मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय तहले शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न तथा शिक्षालाई जीवनोपयोगी, प्रतिस्पर्धी एवम् संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका लागि हरेक स्थानीय तहले आफ्नो रणनीतिक योजना निर्माण गर्नु नितान्त आवश्यक छ । शिक्षा क्षेत्रमा तीनै तहका सरकारले बजेट विनियोजन गर्ने तर सोको कार्यान्वयनका लागि तीनै तहमा आवश्यक नीतिगत व्यवस्था नहुने, स्थानीय तहमा रहेका समस्या तथा मुद्धाहरूको पहिचान गरी कार्यक्रमहरू तर्जुमा नहुने, शिक्षा क्षेत्रमा गरेको लगानीको वास्तविक रूपमा मापन नहुने स्थितिमा सुधार ल्याउन स्पष्ट लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप सहितको योजना बनाउनु आवश्यक छ, जसले उपलब्ध स्रोतको सही सदुपयोग हुने र अपेक्षित उपलब्धी हासिल गर्न सकिने हुन्छ ।

## २.२ दूरदृष्टि

"सबैका लागि समावेशी, समतामुलक गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको शुनिश्चिता गरी स्थानीय भाषा, संस्कृति संरक्षण र प्रबर्द्धन गर्दै जीवनपयोगी सिपमा आधारित सक्षम नागरिक तयार गर्ने ।"

## २.३ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक जीवनोपयोगी र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय भाषा, संस्कृतिको संरक्षण गर्दै स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर दक्ष जनशक्ति उत्पादन गर्ने ।

## २.४ उदेश्य

१. विद्यालय उमेर समूहका सवै वालवालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
१. विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु ।
१. शिक्षकको पेसागत क्षमता विकास गर्नु ।
१. प्राविधिक, व्यावसायिक तथा प्रविधिमैत्री शिक्षामा पहुँच विस्तार गर्नु ।
१. अनौपचारिक तथा जिवनपर्यन्त सिकाइका अवसर विस्तार गर्नु ।
१. विद्यालय व्यवस्थापनमा सुशासन अभिवृद्धि गर्नु ।

## २.५ रणनीतिहरू

१. विद्यालयहरूमा बालमैत्रि भौतिक संरचनाको विकास गर्ने ।
२. सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
३. औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक सिकाइको वातावरण सुनिश्चित गर्ने ।
४. आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने ।
५. विविध कारणले विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्ने ।

६. समुदायमा रहेका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने ।

७. शारीरिक मानसिकरूपमा अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) ब्रेल, साङ्केतिक चित्र भाषाका सामाग्रि र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

८. अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि शैक्षिक सामाग्रि सहयोग गरि समावेशी सिकाइ वातावरण सजना गराउने ।

९. शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।

१०. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्ने ।

११. शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने

शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।

१२. शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने ।

१३. शिक्षाको गुणस्तर कायम गर्न नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने ।

१४. पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने ।

१५. विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने ।

१६. शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने ।

१७. शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने ।

१८. नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने ।

१९. विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने ।

२०. प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने ।

२१. "एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने ।

२२. परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।

२३. प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने।

२४. वि.व्य.स.को भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने ।

२५. विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम अभिभाव शिक्षा तालिम सञ्चालन गर्ने ।

२६. प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

## २.६ अपेक्षित उपलब्धि

१. सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ ।

३. बालबालिकाहरूले विभिन्न प्रविधिको माध्यमवाट गुणस्तरीय जीवन उपयोगि शिक्षा प्राप्त गरेको हुनेछ।

४. विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

५. सबै विद्यालयहरूमा योग्य सक्षम तालिम प्राप्त शिक्षकहरू द्वारा नविन प्रविधिको माध्यमवाट शिक्षण सिकाई भएको हुने ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

तालिकाः १० - मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७८.६ | ८५.६ | ९०.६ | १००.० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ७०.६ | ८०.६ | ९०.६ | १००.६ |
| २. आधारभूत शिक्षा (कक्षा १-८) | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९२.९ | ९४.३ | ९६.३ | ९८.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | | १११.८ | ११०.७ | १०७.७ | १००.० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | | ९६.५ | ९७.५ | ९८.५ | ९९.५ |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | | १२९.२ | १२२.७ | ११५.७ | १०५.० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | | ११७ | ११३ | १०९ | १०५ |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | | ६५ | ७० | ८० | ९० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | ८२.२ | ८५.५ | ८८.५ | ९०.५ |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | ८४.५ | ८६.५ | ८८.५ | ९०.५ |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | ३१ | २६ | २१ | १६ |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | १.१० | १.०० | १.०० | १.०० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | ९४.९ | ९५.५ | ९६.५ | ९८.५ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | १२५.० | ११८.५ | १११.५ | १०५.५ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | ८२.६ | ८६.४ | ८८.४ | ९०.४ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | ७५.२७ | ८०.५ | ८५.५ | ९०.५ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | १.०३ | १.०० | १.०० | १.०० |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा | नेपाली भाषा | | | | |
| | | गणित | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | | | | |
| | | गणित | | | | |
| | | अंग्रेजी | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | | | | |
| | | गणित | | | | |
| | | विज्ञान | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | | ४.२१ | ३.५ | २.५ | १.५ |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | १५.६ | २०.५ | २५.५ | ३०.५ |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | ६०.१ | ७०.६ | ८०.६ | ९०.६ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | ८६.० | ८८.६ | ९०.६ | ९२.६ |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | ०.९९ | १.०० | १.०० | १.०० |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | ९८.५ | १०० | १०० | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | ६५.८ | ७०.५ | ७५.५ | ८०.५ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | ४० | ५० | ६० | ७० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | ७.७ | १०.५ | १५.५ | २०.५ |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | | | | |
| | | गणित | | | | |
| | | विज्ञान | | | | |
| | | अंग्रेजी | | | | |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | | ४८.८ | ६२.५ | ६५.५ | ६७.५ |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | | ६४.७ | ७२.५ | ७४.५ | ७६.५ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | | ८९.९ | ९४.९ | ९७.९ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | | ०.९७ | ०.९८ | ०.९९ | १.०० |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | | | | | |
| ६. सुशासन तथा व्यवस्थापन | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | २७.६ | ३०.०० | ३०.०० | ३०.०० |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | ४४.१ | ३८.० | ३५.० | ३०.० |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | ३२.३ | ३०.० | ३०.० | ३०.० |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | ४७.२ | ४०.० | ३५.० | ३०.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | ५२.६ | ४५.० | ४०.० | ३५.० |
| ७. **शिक्षामा लगानी** | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | | | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | | |

# परिच्छेद ३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र
## ३.१ प्रारम्भिक बालविकास र शिक्षा
### ३.१.१ परिचय

चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिने केन्द्रलाई प्रारम्भिक बालविकास केन्द्रको रूपमा लिने गरिन्छ । बालबालिकालाई शिक्षा विकास केन्द्रबाट उनीहरूको शारीरिक, मानसिक वा बौद्धिक संवेगात्मक, भाषिक, सामाजिक विकास तथा स्याहार र मनोरञ्जनात्मक क्रियाकलाप संचालन गर्ने सकिने प्रावधान रहेको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, नैतिक, भाषिक, सामाजिक एवम् सर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयारी गर्ने उदेश्यले सञ्चालित यो शैक्षिक कार्यक्रमलाई आधारभूत शिक्षाको पहिलो खुड्किलोको रूपमा लिने गरिन्छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उदेश्य भनेको प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको विभिन्न किसिमका सिकाई सहजिकरण क्रियाकलाप सञ्चालन गरी बालबालिकाहरूको सर्वाङ्गगीण विकासमा सहयोग पुर्याउनु हो । प्रारम्भिक बालविकास बालबालिकाहरूको माथिल्लो कक्षाको लागि एउटा बलियो आधारशिला पनि हो । यसको मुख्य उदेश्य भनेको प्रारम्भिक बालबालिका उमेर समूहका बालबालिकालाई सिकाइ प्रति प्रेरित गरी कक्षा १ मा प्रवेशको लागि तयार पार्नु हो । नेपालको संविधान २०७२ मा व्यवस्था भएका मौलिक हकको धारा ३९ (३) मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनि उल्लेख गरिएको छ । शिक्षा ऐन २०२८ को आठौं संसोधनले प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षाको मूल संरचना भित्र समावेश गरेको छ । यसैगरी नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, अध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी शिक्षलाई अधिकारमा आधारित बनाउने र विद्यालय प्रवेशको तयारी गराउने उदेश्यका रूपमा परिभाषित गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धि नीति, कानून र मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्यङ्कन र नियमन स्थानिय तहबाट नै हुने व्यवस्था गरेको छ । प्रारम्भिक बालविकास सम्बन्धि कार्यक्रमहरू प्रदेश र स्थानीय तहवाट समेत थप लगानि गरी लागत साझेदारी गर्ने कार्यनीति तय गरेको पाईन्छ । यस्तै एक विद्यालय एक प्रारम्भिक बालविकास केन्द्र स्थापनाको अवधारणा अनुसार संघिय सरकारबाट हाल दिइदै आएको अनुदानलाई हाल सम्म निरन्तरता दिईदै आएको छ । प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धि भएका विभिन्न नीतिगत व्यवस्था अनुसार चार वर्ष उमेर पुगेका सबै बालबालिकालाई शिक्षाको मूलधारमा समाहित गर्नको लागि उनीहरूको पहुँच र गुणस्तर सुनिश्चतता गर्नु पर्दछ । प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरूको पहुँच र गुणस्तर सुनिश्चितता गर्नु पर्दछ । प्रारम्भिक बालबिकास र शिक्षामा सबै बालबालिकाहरूको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि यस अदानचुली गाउँपालिकाको शिक्षा योजनामा यसलाई समावेश गरेको छ ।

## ३.१.२ वर्तमान अवस्था

हुम्ला जिल्ला अदानचुली गाउँपालिकामा जम्मा २० वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । जसमा २० ओटा संघिय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी सञ्चालनमा रकेका छन् भने ७ ओटा स्थानीय तहबाट संचालित छन् । यी २० ओटै बालबिकास केन्द्रहरू सामुदायिक विद्यालय अन्तर्गत रहेको छन् भने संस्थागत विद्यालय तर्फ एउटा पनि प्रारम्भिक बालबिकास केन्द्र संचालनमा छैन । यस गाउँपालिकामा रहेका संघिय र स्थानीय तहबाट संचालनमा रहेका कूल २७ ओटा बालविकास केन्द्रहरूमा जम्मा ५९८ बालबालिकाहरू अध्ययनरत छन् । जसमध्ये छात्रा तर्फ ३०२ र छात्रातर्फ २९६ बालबलिकाहरू रहेका छन् । अदानचुली गाउँपालिका भित्र रहेका प्रारम्भिक बालबिकास केन्द्रमा जम्मा २० जना बालविकास सहजकर्ता वा बालविकास शिक्षकहरू रहेका छन् । एउटा विद्यालय एउटा प्रारम्भिक बालबिकास केन्द्रको अवधारणा भएतापनि यस पालिकाभित्र रहेका सामुदायीक विद्यालयहरूमा कुनै विद्यालयमा २ वटा र कुनै विद्यालयमा एउटा पनि बालविकास केन्द्र नरहेको पाईन्छ । संघिय सरकारको अनुदान वा स्थानीय तहको स्रोतबाट संचालन हुनेगरी बालबिकास केन्द्र खोल्दा त्यस क्षेत्रको भौगोलिक कठिनाईस्तर, जनसंख्या, मानववस्ति, स्थानीय स्तरमा पहुँच र समावेशिताको आधारमा नक्शाङ्कन गरी त्यसैको आधारमा बालबिकास केन्द्रको समायोजन, स्थानान्तरण र नयाँ केन्द्रको स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ । यस गाउँपालिकाभित्र रहेका बालबिकास केन्द्रका सहजकर्ताहरू सबै न्युनतम् शैक्षिक योग्यता पुगेका छन् भने कतिपय बालबिकास केन्द्रका शिक्षकहरूको शैक्षिक योग्यता तोकिएको न्युनतम् योग्यता भन्दा कम रहेको छ । यस गाउँपालिका भित्रका बालबिकास केन्द्रमा कार्यरत शिक्षकहरू शिक्षक पेशागत तालिम TPD दुबै चरण पूरा गरिसकेता पनि कक्षाकोठामा तालिमको सदुपयोग भएको पाईदैन । बालविकास केन्द्रमा कार्यरत शिक्षकहरू पाठ्यक्रमको कहिल्यै प्रयोग गरेको देखिदैन । एक दुई विद्यालयमा बालबिकासको लागि उपयुक्त कक्षाकोठा भएपनि अधिकांश बालविकास केन्द्रको कक्षाकोठहरू निकै नै जिर्ण छन् । बालबालिकाहरूको लागि उपयुक्त पनि छैनन् । यस अदानचुली गाउँपालिकामा रहेका अधिकांश प्रारम्भिक बालविकास केन्द्रमा चार वर्ष उमेर पुरा नभएका बालबालिकालाई भर्ना गरेको पाईन्छ । जसको कारणले एउटै कक्षामा प्रत्येक वर्ष बालबालिकाको संख्या दोहरिने, त्यस्ता बालबालिकाले न्युनतम् सिकाई उपलब्धि हाँसिल गर्न नसक्ने र त्यसले समग्रमा खुद भर्नादर र कुल भर्नादरमा प्रत्यक्ष असर परेको देखिन्छ । प्रारम्चिक बालबिकास केन्द्रहरूले पाठ्यक्रम र सन्दर्भ सामग्रिहरूको आशिंक रूपमामात्र प्रयोग गरेको पाईएको छ । अझैपनि यस पालिकाभित्रका धेरैजसो बालबिकास केन्द्रहरूमा बालबालिकाहरूका लागि बालमैत्री कक्षाकोठा भवन, आवश्यक सिकाई सामग्रीहरू, बालमैत्री र अपाङ्गमैत्री धारा, शौचालय र पोषणयुक्त दिवाखाजाको राम्रोसँग व्यवस्था भएको पाईदैन । जसले गर्दा प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाई उपलब्धिमा प्रत्यक्ष असर परेको देखिन्छ । प्रारम्भिक बालबिकास केन्द्रमा कार्यरत सहजकर्ता शिक्षकहरूको समय सापेक्ष पारिश्रमिक नहुनु र स्थानीय तहबाट स्रोत बेहोर्नेगरी नियुक्ति भएका बालबिकास शिक्षकहरूले पनि भने अनुरूपको पारिश्रमिक नियमित रूपमा नपाउने

गर्दा सहजकर्ता/ शिक्षकलाई आफ्नो पेशाप्रति थप जिम्मेवार बनाउन नसकेको देखिन्छ । यी विविध समस्याले गर्दा प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाईमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको छ । यस्ता विविध समस्याहरूको समाधान गरी बालबालिकाको सिकाईमा गुणस्तर प्रदान गर्नको लागि संघ, प्रदेश, स्थानीय सरकार, स्थानीय अभिभावकहरू र सरोकारवालाहरूले समयमै समाधानको बाटो खोज्नु आवश्यक देखिन्छ ।

तालिकाः ११ -प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १९ | २९६ | ३०२ | ५९८ | ११६ | १०४ | २२० | १९ | १४ | ३३ |
| जम्मा | १९ | २९६ | ३०२ | ५९८ | ११६ | १०४ | २२० | १९ | १४ | ३३ |

## ३.१.३ उदेश्य

१. प्रारम्भिक बालविकास तथा शिक्षामा ४ वर्षको उमेर समूहका सबै बालबालिकाहरूको पहुँच विस्तार गर्नु ।

२. ४ वर्षको उमेर समूहका सबै बालबालिकाहरूको चौतर्फी विकास (शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक, नैतिक र सिर्जनात्मक पक्ष) गराउनु ।

३. आधारभूत शिक्षाका लागि सिकाइको आधारशिला तयार गर्नु ।

## ३.१.४ रणनीतिहरू

माथि उल्लेख गरिएका उदेश्यहरू पूरा गर्नका लागि तपशिल बमोजिमका रणनीतिहरू अबलम्बन गरिने छ ।

१. एक विद्यालय एक बालबिकास केन्द्र संचालनको अवधारणालाई अनिवार्य रूपमा लागू गरिने छ ।

२. अदानचुली गाउँपालिकामा रहेको जनसंख्या भौगोलिक विकटता लक्षित समुदाय पहुँच समावेशिता र आवश्यकताका आधारमा बालबिकास केन्द्रको स्थापना पुर्नवितरण थप गर्ने वा समायोजन गरिने छ ।

३. प्रारम्भिक बालविका केन्द्रमा कार्यरत शिक्षकहरूलाई उनीहरूको क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठि सेमिनार र बैठक संचालन गरिने छ ।

४. अदानचुली गाउँपालिका भित्र रहेका बालविकास केन्द्रमा कार्यरत शिक्षकहरूलाई आफ्नो जिम्मेवार बनाउनको लागि समय सापेक्ष पारिश्रमिक सेवा सुविधा र प्रोत्साहन बढाउनको लागि स्रोतको व्यवस्थापन गरिने छ ।

५. बालविकास केन्द्रहरूको नियमित रूपमा अनुगमन निरिक्षण मुल्याङ्कन गरिने छ ।

६. नमुना बालविकास केन्द्र छनोट गरी उचित सम्मान र पुरस्कारको व्यवस्था गरिने छ ।

७. प्रत्येक प्रारम्भिक बालबिकास केन्द्र तथा शिशु केन्द्रमा बाल उद्यान र बाल बगैंचा निर्माण गरिने छ ।
८. प्रारम्भिक बालबिकास केन्द्रहरूमा न्युनतम् मापदण्ड पुरा गरी संचालन गरिने छ ।
९. प्रारम्भिक बालबिकासको अनुभव लिएका र मापदण्ड पुरा गरेका बालबालिकालाई मात्र कक्षा १ मा भर्ना गराउने नीति अवलम्बन गरिने छ ।
१०. प्रारम्भिक बालबिकास र शिक्षाको गुणस्तरमा बृद्धि गर्नका लागि बालबिकास केन्द्रमा काम गर्ने सम्पूर्ण संघ संस्था स्थानीय अभिभावकहरू र सरोकारवालासँग सहकार्य गरिनेछ ।
११. स्थानिय तहको आवश्यकतालाई ध्यान दिई प्रारम्भिक बालबिकास केन्द्रका लागि अनुगमन सुपरिवेक्षण मुल्याङ्कन र सहजिकरणका लागि थप गाउँपालिकामा एउटा अधिकार सम्पन्न संयन्त्र निर्माण गरिनेछ ।
१२. प्रारम्भिक बालबिकास केन्द्र संचालनको लागि आवश्यक सामग्री सहितको बालमैत्री अपाङ्गमैत्री कक्षाकोठा भवन, धारा, शौचालय र आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
१३. प्रारम्भिक बालबिकासको पाठ्यक्रम बमोजिम सिकाई अनुभवको मुल्याङ्कन पद्धति र प्रामाणिकरणको ढाँचा तय गरिनेछ ।
१४. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकालाई पोषण सुरक्षा र सरसफाई सम्बन्धि अभिभावकहरूलाई सहयोग र सचेत गराइनेछ ।
१५. प्रारम्भिक बालबिकास केन्द्रमा कार्यरत शिक्षकहरूका लागि क्षमता विकासका तालिमका साथै सेवा सुविधा र प्रोत्साहन प्रदान गर्राइने छ ।
१६. प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको लागि भरपर्दो गुणस्तरीय बालमैत्री र सुक्षित सिकाई वातावरण निर्माण गरिने छ ।
१७. प्रारम्भिक बालबिकास केन्द्रमा कार्यरत शिक्षकहरूको शैक्षिक योग्यतामा एकरूपता कायम गर्न न्युन शैक्षिक योग्यता भएका सहजकर्ता शिक्षकहरूलाई थप शैक्षिक योग्यता बढाउनको लागि निश्चित समय उपलब्ध गराईने छ ।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क) अपेक्षित उपलब्धि

१. चार वर्ष उमेर पुगेका प्रारम्भिक बालबिकास केन्द्रका सबै बालबालिकालाई गुणस्तरीय समावेशि समतामुलक र अधिकारमा आधारित प्रारम्भिक बालबिकास र शिक्षाको सुनिश्चितता भएको हुनेछ ।
२. सबै प्रारम्भिक बालबिकास केन्द्रका सबै बालबालिकाहरू बालबिकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका हुनेछन् ।

३. सबै प्रारम्भिक बालबिकास केन्द्रहरूमा आवश्यक सिकाईका सामग्रीहरू प्रयाप्त मात्रामा बालमैत्री भौतिक पूर्वाधारहरू तालिम प्राप्त शिक्षकहरू सहित न्युनतम मापदण्ड पुरा गरी बालविकास केन्द्रहरू संचालनमा रहेका हुनेछन् ।

४. प्रारम्भिक बालबिकास केन्द्रहरूमा बालबालिकाहरूका लागि बालमैत्रि कक्षाकोठा निर्माण भएको हुनेछ ।

## ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास केन्द्रमा कुल भर्ना दर | १२०.६ | ११८.६ | ११५.६ | ११०.६ | १०५.६ | १००.० |
| २ | प्रारम्भिक बालबिकास केन्द्रको खुद भर्ना दर | ७८.६ | ८०.६ | ८५.६ | ९०.६ | ९५.६ | १००.० |
| ३ | न्युनमत मापदण्ड पुरा गरेका बालबिकास केन्द्रको संख्या | ५ | ८ | ११ | १५ | २० | २५ |
| ४ | बालबिकास केन्द्रको शिक्षक | १७.६ | १८.६ | १९.६ | २०.० | २०.० | २०.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी अनुपात | | | | | | |
| ५ | बालविकास केन्द्रमा लैङ्गिक समता सूचक | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ | ०.९८ | १.०० |
| ६ | तालिम प्राप्त शिक्षक संख्या | जना | ४६ | ४६ | ४६ | ४६ | ४६ |

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र स | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | प्रारम्भिक बालविकासका सहजकर्ताहरूको पारिश्रमिक | जना | २० | २० | २० | २० | २० | १०० | १०० |
| २ | बालविकास केन्द्रका शिक्षकहरूको क्षमता विकास र टीपीडी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | गाउँपालिकाभरि बालविकास केन्द्रको पहुँच बाहिर रहेका बालबालिकाको सर्वेक्षण | पटक | १ | | | | | १ | १ |
| ४ | समुदायमा बालविकास केन्द्रको स्थापना | केन्द्र | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | बालबिकास कक्षामा सिकाई कुनाको निर्माण | वटा | २० | | | | | २० | २० |
| ७ | बालविकासका शिक्षकहरूलाई थप प्रोत्साहन कार्यक्रम | वटा | २० | २० | २० | २० | २० | १०० | १०० |
| ८ | पाठ्यक्रम प्रवोधिकरण तथा पुर्नताजकि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | बालबिकास केन्द्र नक्साङ्कन पुन वितरण तथा समायोजना | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | अभिभावक शिक्षा तथा सचेतिकरण कार्यक्रम | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ११ | बालबिकास शिक्षकहरूलाई स्थानिय स्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माणका लागि तालिम तथा प्रयोगात्मक तालिम | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १२ | बालबिकास केन्द्रका बालबालिकालाई स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खाजा व्यवस्थापन | केन्द्र | २० | २० | २० | २० | २० | १०० | १०० |
| १३ | बालबिकास केन्द्रका बालबालिकाको स्वास्थ्य परिक्षण खोप तथा वृद्धि विकास अभिलेखिकरण | केन्द्र | २० | २० | २० | २० | २० | १०० | १०० |
| १४ | बालबिकासका लागि दिवा खाजाघर | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| १५ | प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | केन्द्र | २० | २० | २० | २० | २० | १०० | १०० |
| १६ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १७ | अनाथ, असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गर्ने कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| १८ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको सन्दर्भमा आधारभूत शिक्षा भनेकको विद्यालय शिक्षाको जग मानिन्छ। आधारभूत शिक्षा हाँसलिल गर्ने उमेर समूह भनेको ५ वर्ष देखि १२ वर्ष सम्मको उमेर समूहका बालबालिकाहरू पर्दछन्। नेपालमा शिक्षा ऐन २०२८ को आठौं संशोधन २०७३ भन्दा पहिले आधारभूत तहलाई प्राथमिक शिक्षा र निम्न माध्यकमिक शिक्षा भन्ने गरिन्थ्यो हाल नेपालको शिक्षा ऐन, २०२८ (संशोधन सहित) ले नेपालको शैक्षिक प्रणालीलाई व्यवस्थित गर्न महत्वपूर्ण भूमिका खेलेको छ। विशेष गरी आठौं संशोधन (२०७३) पछि विद्यालय शिक्षाको संरचनामा ठुलो परिवर्तन ल्याई आधारभूत शिक्षालाई स्पष्ट रूपमा परिभाषित गरिएको छ। नेपालको सन्दर्भमा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि ८ सम्मको शिक्षालाई बुझिन्छ। नेपालको संविधान र विद्यमान कानुनले यसलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। नेपालको संविधान (२०७२) को धारा ३१ ले शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ जसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार ४ वर्ष पूरा भई १३ वर्ष ननाघेका बालबालिकालाई आधारभूत शिक्षा दिनु राज्य र अभिभावकको दायित्व हो। हाल नेपालको आधारभूत शिक्षाको संरचनालाई दुई तहमा विभाजन गरिएको छ। कक्षा १ देखि ८ सम्म (५—१२ वर्ष उमेर समूह) र प्रारम्भिक बाल विकास (ECED): ४ वर्ष उमेरका बालबालिकाका। नेपाल सरकारको आर्थिक सर्वेक्षण र शिक्षा विभागको तथ्याङ्क अनुसार केही मुख्य सूचकहरू आधारमा आधारभूत तहमा खुद भर्ना दर १ देखि ८ सम्म ९४.४% प्रतिशत लैंगिक समता सूचक १.००% हाराहारिमा छ । कक्षा ८ सम्म टिकाउ दर ८५% प्रतिशत रहेको छ । हाल देशभरि करिब ३४००० भन्दा बढि आधारभूत तहका विद्यालयहरू छन्।

### ३.२.२ वर्तमान अवस्था

हाल शैक्षिक सत्र २०८२/८३ को सुरूवाती चरणमा नेपालको आधारभूत तहका विद्यालय शिक्षामा केही सकारात्मक सुधार देखिए पनि भौगोलिक असमानता र शिक्षक दरबन्दीको उचित व्यवस्थापनमा अझै चुनौतीहरू कायमै छन्। हाल नेपालमा आधारभूत तहमा कुल विद्यार्थी संख्या करिब ७० लाख १० हजार ८०८ कुल शिक्षक संख्या २ लाख ७९ हजार ५८५ र लैङ्गिक अवस्था (शिक्षक): ५७.४% पुरूष र ४२.६% महिला शिक्षकहरू कार्यरत छन् । जसमध्ये आधारभूत तहमा महिला शिक्षकको उपस्थिति उत्साहजनक छ। आधारभूत तहमा महिला शिक्षक ४९.३% र पुरूष शिक्षक ५०.७% रहेका छन्। नेपालमा हाल शिक्षक-विद्यार्थी अनुपात समुदायिक विद्यालयमा आधारभूत तह प्रति शिक्षक १५ जना माध्यमिक तह कक्षा १ देखि १२ मा २४ जना विद्यार्थी रहेका छन् । नेपाल सरकारले हिमाली, पहाडी र तराई क्षेत्रका लागि फरक-फरक शिक्षक-विद्यार्थी अनुपातको लक्ष्य राखेको भए पनि राष्ट्रिय औसत निम्न अनुसार छ । जस्तै पहाडी र हिमाली क्षेत्रका कतिपय विद्यालयमा विद्यार्थी संख्या न्यून हुँदा शिक्षक बढी हुने र तराई तथा सहरी क्षेत्रका विद्यालयमा एउटै कक्षामा ७०-८० जनासम्म विद्यार्थीलाई एकजना शिक्षकले पढाउनुपर्ने

अवस्था अझै विद्यमान छ । हुम्ला जिल्लाको अदानचुली गाउँपालिकामा हाल २० वटा विद्यालयहरू रहेका छन् । जसमध्ये कक्षा १ देखि ३ सम्म संचालन भएका विद्यालयहरू ३ वटा विद्यालयहरू छन् भने १ देखि ५ सम्म संचालन भएका ९ वटा विद्यालय १ देखि ८ कक्षा संचालन भएका विद्यालय ३ वटा र १ देखि १० संचालन भएका ३ वटा र ६ देखि १० कक्षा सम्म संचालन भएका १ र कक्षा ६ देखि १२ कक्षा संचालन भएका १ वटा विद्यालयहरू रहेका छन् । हाल आधारभूत तहमा जम्मा शिक्षकहरू कार्यरत छन । भने आधारभूत तहमा जम्मा छात्रा र छात्र गरि जना बालबालिकाहरू अध्ययनरत छन् । यस गाउँपालिकामा हाल आधारभूत तह कक्षा १-५ मा खुद भर्ना दर ७८.६ रहेको छ भने कुल भर्ना दर १२०.६ रहेको छ भने आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर ९१.८ रहेको छ भने कुल भर्ना दर ११६.८ रहेको छ । त्यस्तै आधारभूत कक्षा १-५ मा विद्यालय छोड्ने दर १६.० प्रतिशत रहेको छ र भने आधारभूत कक्षा १-८ मा विद्यालय छोड्ने दर ०.३ प्रतिशत रहेको छ । कक्षा ८ तथा आधारभूत तह पूरा गर्ने दर ७५.२७ प्रतिशत रहेको छ । आधारभूत तहको शिक्षा दिने विद्यालयहरूको भौतिक अवस्थालाई अध्ययन गर्दा विद्यालय भवनहरू जिर्ण रहेको खानेपानी शौचालयको समस्या भएको कक्षाकोठामा फर्निचरको अभाव भएको शैक्षिक सामग्रीको अभाव रहेको शिक्षक दरबन्दिको अभाव हुँदा तल्लो तहका शिक्षकहरूले माथिल्लो तहमा पठनपाठन गरि रहेका छन । अदानचुली गाउँपालिका भित्रका विद्यालयहरू प्रविधि साधन स्रोतको अभाव, खानेपानि, विद्यालयको घेरावार, खेलमैदानको अभाव रहेको छ । आधारभूत तहमा कार्यरत शिक्षक कोटाको अभाव हुँदा तालिम अप्राप्त निजी स्रोतका शिक्षकहरूले पठनपाठन गराई रहेका छन् । सबै विद्यालयको आधारभूत तहहरूमा स्थानीय पाठ्यक्रम उज्यालो अदानचुलि निर्माण गरि पठनपाठन गरिन्छ । संघिय सरकारको अनुदानवाट आधारभूत तहमा अध्ययरत बालबालिकाहरूका लागि दिवा खाजाको व्यवस्था गरे अनुरूप अदानचुलीका सबै विद्यालयहरूमा स्थानीय स्तरमा उत्पादन भएका खाद्यवस्तु दिवा खाजा खुवाने प्रबन्ध गरिएको छ । यस अदानचुली गाउँपालिकामा ६ वटा वडामा २० वटा विद्यालयहरू भएकाले बालबालिकाहरू लाई विद्यालयमा पठनपाठन र विद्यालयको पहुँच सहभागितामा खासै समस्या छैन । विद्यालयको आफ्नै स्रोत आर्थिक स्रोत नभएकोले विद्यालयमा आवश्यक साधनस्रोतको व्यवस्थापन गर्न निकै चुनौति रहेको छ ।

तालिकाः १२ - आधारभुत शिक्षासँग सम्बन्धित विवरण

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १९ | १३६० | १३९० | २७५० | ३८६ | ४२५ | ८११ | १३० | १२१ | २५१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १९ | १३६० | १३९० | २७५० | ३८६ | ४२५ | ८११ | १३० | १२१ | २५१ |

## ३.२.३ उद्देश्य

यस अदानचुली गाउँपालिकामा आधारभूत तहको शैक्षिक सुधार गर्नका लागि विभिन्न उदेश्यहरू निर्धारण गरिएको छ जुन यस प्रकार छन् :

१.५-१२ वर्ष उमेर समूहका सबै बालबालिकालाई अनिवार्य र नि:शुल्क आधारभूत शिक्षामा पहुँच विस्तार गर्नु ।

२. आधारभूत तहको सिकाइ सक्षमतामा अभिवृद्धि गर्नु ।

३. आधारभूत तहमा आन्तरिक सक्षमतामा सुधार गर्नु ।

४.शिक्षक, प्र.अ., वि.व्य.स, शिक्षक अभिभावक संघ क्षमता विकास गर्नु ।

५. आधारभूत तहका विद्यालयहरूमा सुशासन कायम गर्नु ।

## ३.२.४ रणनीतिहरू

माथि उल्लेखित उदेश्यहरू हासिल गर्नको लागि पालिकाले उपनाउने रणनीतिहरू तल उल्लेख गरिएको छः

१.सबै विद्यालयमा प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गरिने ।

२.गाउँपालिका भित्र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गरिने ।

३.आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाइने ।

४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याइने ।

५. विद्यालय विद्यामान पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाइने ।

७. गाउँपालिका भित्रका विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन गर्ने।

८. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।

९.प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने ।

१०.विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।

११. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।

१२. सबै शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने ।

१३.विद्यालयहरूमा शुद्ध खानेपानी, बालमैत्रि शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

१४. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने।

१५. गाउँपालिका भित्रका सबै विद्यालयहरूमा न्यूनतम सिकाई सक्षमता पूरा गराउने ।

१६. विद्यालयमा शिक्षण सिकाइका नवीनतम प्रविधिमैत्र विधि अवलम्बन गर्ने।

१७. प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्राथमिकता दिने ।

१८. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

१९. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने ।

२०. विद्यालयमा विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।

२१. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने ।

२२. शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिको क्षमता विकासका लागि विभिन्न रचनात्मक कार्यक्रम संचालन गर्ने ।

२३. विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

२४. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।

२५. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने ।

२६. स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको स्थानीय भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ।

२७. सबै विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

२८. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।

२९. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

३०. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने ।

### ३.२.५ प्रमुख उपलब्धि र नतिजा

#### क) उपलब्धि

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

२. आधारभूतमा बालबालिकाको भर्ना दरमा वृद्धि भैई उतिर्ण दरमा सुधार भएको हुनेछ ।

३. आधारभूत तहमा शिक्षकहरू तालिम प्राप्त योग्य सक्षम र उत्थाशिल हुनेछन्।

४. आधारभूत तह संचालित विद्यालयहरूको भौतिक संरचनाहरू कक्षाकोठा फर्निचर बालमैत्रि अपाङ्ग मैत्रि हुनेछ ।

५. आधारभूत तहका विद्यालयहरमा सूचना संचारका प्रविधिहरू विस्तर गरि शिक्षामा गुणस्तर वृद्धि हुनेछ ।

ख) नतिजा

१. सबै बालबालिकाहरू आधारभूत शिक्षामा सहभागी हुने ।
२. सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुने ।
३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने ।
४. आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने।
५. बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने ।
७. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने ।
८. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने ।
९. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने ।
१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।
११. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने ।
१२. जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ११६ | १०० | ७५ | ५० | २५ | ० |
| २ | आधारभूत तह (कक्षा | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | | | | | | |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ४ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता | जना | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २१० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयनक्साङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | | | | | १ | १ |
| ३ | बिद्यालय भर्ना अभियान कार्यकम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | शिक्षककर्मचारीलाई पेशागत विकास तालिम | जना | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २१० |
| ५ | प्र.अ.लाई क्षमता विकास तालिम | जना | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| ६ | सिकाइमैत्री र स्मार्ट कक्षा कोठा व्यबस्थापन | कक्षा | १० | १५ | २० | २५ | ३० | १०० | १०० |
| ७ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | जना | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| ८ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सामग्री व्यवस्थापन | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| ९ | सुधारात्मक शिक्षण अनुदान | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| १० | कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियोको लागि अनुदान | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| ११ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ५५ |
| १२ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान | जना | १४०७ | १४०७ | १४०७ | १४०७ | १४०७ | ७०३५ | ७०३५ |
| १४ | कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | जना | ६५९ | ६५९ | ६५९ | ६५९ | ६५९ | ३२९५ | ३२९५ |
| १५ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ५५ |
| १६ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| १७ | आधारभूत विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| १८ | लक्षित बालबालिकाको तथ्याङ्क सङ्कलन र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १९ | लक्षित समूहका लागि विशेष छात्रवृत्ति व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| २० | पोसाक र शैक्षिक सामग्रीमार्फत प्रोत्साहन कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| २१ | समुदायको सहभागितामा घरदैलो भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २२ | स्थानीय बाल अधिकार समिति गठन र सक्रिय | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २<br>३ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन | विद्याल<br>य | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| २<br>४ | कक्षागत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २<br>५ | आधारभुत तहका बालबालिकाहरूका लागि सिकाइ सामग्री व्यवस्था | विद्याल<br>य | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| २<br>६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्याल<br>य | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| २<br>७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २<br>८ | आधारभूत तहका शिक्षक क्षमता विकास कार्यक्रम | जना | ५० | ५० | ५० | ५० | ५० | २५<br>० | २५० |
| २<br>९ | आधारभुत विद्यालयमा सूचना प्रविधिको विस्तार | विद्याल<br>य | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| ३<br>० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्याल<br>य | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| ३<br>१ | अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरूको लागि प्रोत्साहन कार्यक्रम | जना | ६३ | ६३ | ६३ | ६३ | ६३ | ३१<br>५ | ३१५ |
| ३<br>२ | विद्यार्थीहरूको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३<br>३ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ३<br>४ | स्थानीय तहबाट नपुग शिक्षक व्यवस्थापन | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ३<br>५ | दलित, छात्रा, सिमान्तकृत तथा अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | जना | १७<br>१३ | १७<br>१३ | १७<br>१३ | १७<br>१३ | १७<br>१३ | ८५<br>६५ | ८५६<br>५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| ३७ | आधारभूत परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको सन्दर्भमा आधारभूत तह उत्तीर्ण भइसकेपछि प्रवेश हुने तह भनेको माध्यामिक तह हो । यस तहमा प्राप्त गरिने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । शिक्षा ऐन २०२८ अनुसार कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको शिक्षा ऐन तथा संविधानले यस तहको शिक्षालाई निशुल्क गर्न मौलिक हकको व्यवस्था गरेको छ । माध्यमिक तहलाई साधारण, प्राविधिक र परम्परागत विद्यालय गरी तिन धारमा विभाजन गरेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क रूपमा हाँसिल गर्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। हाल नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षालाई अझैं प्रभावकारी व्यवस्थापन गर्न र पहुँचमा ल्याउनका लागि स्थानीय निकायको अधिकार क्षेत्रभित्र राखेको छ। साथै शिक्षालाई तिनै तहका सरकारको साझा अधिकार सूचिभित्र राखेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले माध्यमिक शिक्षालाई गुणस्तरीय, निशुल्क र सबैको पहुँच सुनिश्चित गर्ने जसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता र सकारात्मक चिन्तन जस्ता गुण सहित प्रतिस्प्रर्धी, सीपयुक्त तथा उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। शैक्षिक क्षेत्रमा सीप तथा प्रविधिको अभिवृद्धि गर्न विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले माध्यमिक तहलाई प्रविधिमैत्री तहको रूपमा विकास गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक शिक्षालाई स्थानीय तहको मातहतमा राखेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा (९-१२) को शिक्षालाई माध्यमिक तहको रूपमा वर्गिकृत गरेको छ। वर्तमान संविधानले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था गरेको छ। हाल नेपालमा माध्यमिक शिक्षालाई साधारण र प्राविधिक गरी २ धारमा वर्गीकरण गरिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ अनुसार माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न कुनै पनि शुल्कको व्यवस्था हुने छैन । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि सबै बालबालिकाहरूलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच विस्तार गर्ने कुरा उल्लेख गरेको छ। उच्च शिक्षा प्रवेशको पूर्व तयारी गर्ने समयको हिसाबमा

यस माध्यमिक तहको शिक्षालाई महत्वपूर्ण रूपमा लिने गरिएको छ। माध्यमिक तहसम्को शिक्षालाई निःशुल्क रूपमा पाउने व्यवस्था गरिएको छ। नवप्रवर्तन नीति २०७६ ले विद्यालय तह देखिनै परम्परागत मौलिक ज्ञान सीप प्रविधि तथा सीपका बारेमा अध्ययन गरेर वैज्ञानिक चिन्तन तथा सृर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ। माध्यमिक शिक्षामा वर्तमान अवस्थामा व्यवस्था भए अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्था गरेको छ।कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ। प्राविधिक धारका विद्यालयहरूमा कक्षा ९ देखि नै अलग धारका रूपमा सञ्चालन हुने व्यवस्था गरेको छ। स्थानीय तहको एकल अधिकार क्षेत्रको रूपमा अङ्गिकार गरेकोले सो कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहहरूले नीति नियम कार्यक्रमहरू तयार गरी योजनामा समावेश गर्ने गरिएको छ। अदानचुली गाउँपालिकामा जम्मा ५ ओटा माध्यमिक विद्यालयहरू सञ्चालनमा छन्। ती विद्यालयहरू मध्ये १ ओटा विद्यालयमा कक्षा (६-१२) ३ वटा विद्यायहरू १ देखि १० सम्म र ६ देखि १० सम्म सम्मको १ विद्यालय माद्यमिक तह सम्म पठनपाठन् हुन्छ ।हाल अदानचुलि गाउँपालिकामा माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या ५६८ जना छन् जसमध्ये २५१ छात्रा र ३१७ छात्रहरू अध्ययनरत छन् ।ती विद्यार्थीहरू मध्ये कक्षा (९-१०) मा अध्ययन गर्नेको सङ्ख्या ३६४ जना र कक्षा (११-१२) मा अध्ययन गर्नेको सङ्ख्या २०४ जना रहेको छ। कक्षा (९-१०) मा अध्यापन गराउने शिक्षकको सङ्ख्या १७ जना छ जस मध्ये दरवन्दीमा ५ जना, राहातमा १ जना र संघीय अनुदानमा १२ जना रहेको पाइन्छ र गाउँपालिका अनुदानमा १ जना रहेका छन्।कक्षा (११ -१२) मा अध्यापन गराउने जम्मा शिक्षकको सङ्ख्या ८ जना रहेको छ। जसमध्ये दरवन्दीमा ५ जना र अनुदानमा ३ जना रहेको छ। माध्यमिक तह कक्षा (९-१२) सम्म अध्यापन गराउने जम्मा शिक्षकको सङ्ख्या ८ जना रहेको छ।यस अदानचुली गाउँपालिकामा माध्यमिक तहमा जम्मा शिक्षक र विद्यार्थी अनुपात १:३३) रहेको छ । कक्षा (९ -१०) को कूल भर्नादर र खूद भर्नादर क्रमशः ८१.५ प्रतिशत र ७२.६ प्रतिशत रहेको छ। त्यसैगरी,कक्षा (११-१२) को कूल भर्नादर र खूद भर्नादर क्रमशः ६१.३ प्रतिशत र ५८.६ प्रतिशत रहेको पाइन्छ ।कक्षा (९ -१०)को उत्तीर्ण दर ५४.२ प्रतिशत रहेको छ। साथै, कक्षा (११-१२) को उत्तीर्णदर ५६.९ प्रतिशत रहेको छ।कक्षा(९-१०) को कक्षा छोड्ने दर ३.५ प्रतिशत रहेको छ। कक्षा (११-१२) को कक्षा छोडने दर २.१ प्रतिशत रहेको छ। साथै, कक्षा (९-१०) मा कक्षादोहोर्याउने दर भने १.२ प्रतिशत रहेको पाइन्छ।कक्षा (११ -१२) मा कक्षा दोहर्याउने दर भने शून्य रहेको छ। विषयगत शिक्षकको आपूर्ति प्रक्रियाको सन्दर्भमा स्थायी शिक्षक नियुक्ति शिक्षक सेवा आयोगको सिफारिस अनुसार हुने गरेको छ भने अस्थायी-करार र अनुदानकोटाका शिक्षकको नियुक्ति पालिकाद्वारा छनौट प्रक्रिया पुरा गरी नियुक्ति गरिन्छ।माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव,शिक्षक क्षमता विकासको अभाव,अपाङ्ग तथा अन्य हिसाबमा मैत्रिपूर्ण भौतिक संरचनाको अभाव,प्रयास शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव,सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा प्रयोगमा समस्या,विद्यालय नियमित अनुगमन तथा निरीक्षण लगायतका क्षेत्रमा समस्याहरू र चुनौतीहरू रहेका छन्। साथै हाल सम्म यस गाउँपालिकामा कक्षा ९ देखि प्राविधिक

धारको पठनपाठन हुन सकेको छैन। कक्षा ११ र १२ को नियमित पठनपाठन हुन सकेको छैन । विद्यालयमा कक्षा ११ र १२ मा विद्यार्थीहरू भर्ना मात्र हुने गर्दछन । माद्यमिक तहमा विषयगत शिक्षक नहुँदा नियमित रूपमा पठनपाठन हुन सकेको छैन। भौगोलिक हिसावले दुर्गम जिल्ला भएको र विद्यालय र गाउँपालिका वाट शिक्षकहरू लाई थप प्रोत्साहन नहुँदा शिक्षकहरूला टिकाउन निकै चुनौति रहेको छ।

**तालिकाः १३ - अदानचुली गाउँपालिका भित्र संचालित माध्यमिक विद्यालय र विद्यार्थी विवरण**

| | कक्षा ९ | | | कक्षा १० | | | कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| श्री सल्लाघारी मावि | ११ | २० | ३१ | २२ | १२ | ३४ | | | | | | |
| श्री कैलाशपुरी मा वि | १५ | १४ | २९ | ९ | १० | १९ | | | | | | |
| श्री जनकल्याण मा वि | १६ | ९ | २५ | ५ | २२ | २७ | | | | | | |
| श्री सुर्योदय मा वि | ३४ | ४६ | ८० | २७ | २३ | ५० | ३२ | ६१ | ९३ | ४९ | ६२ | १११ |
| श्री ज्ञानोदय मा वि | २२ | २० | ४२ | ९ | १८ | २७ | | | | | | |
| **जम्मा** | ९८ | १०९ | २०७ | ७२ | ८५ | १५७ | ३२ | ६१ | ९३ | ४९ | ६२ | १११ |

## ३.३.३ उद्देश्य

यस अदानचुली गाउँपालिक अन्तर्गत संचालित माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि यस गाँउ शिक्षा योजनका उदेश्यहरू यस प्रकार छनः

१. माध्यमिक तह उमेर समूहका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु।

२. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु।

३. माध्यिमक तहका हरेक कक्षा र विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तरमा सुधार गर्नु ।

४. माध्यमिक तहमा आन्तरिक सक्षमतामा सुधार गर्नु ।

५. शिक्षक, प्र.अ., वि.व्य.स, शिक्षक अभिभावक संघको क्षमता विकास गर्नु ।

६. माध्यमिक तहका विद्यालयहरूमा सुशासन कायम गर्नु ।

## ३.३.४ रणनीतिहरू

१. गाउँपालिका भित्र माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने।

२. आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने।

३. माध्यमिक तह उमेरका बालकालिकालाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

३.विद्यालय वाहिर रहेका बालबालिकाहरूका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

४.गाउँपालिका भित्र संचालित सबै विद्यालयहरूमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।

५.सबै माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

६.विद्यालयमा कार्यरत शिक्षकहरूको शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

७.शिक्षकहरूका क्षमता विकासका लागि  लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

८.नवितम् प्रविधिकहरूको प्रयोगवाट शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।

९. माध्यमिक तहका विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षण सिकाइलाई प्रवर्द्धन गर्ने ।

११. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति विभिन्न चेतनामुलक कार्यक्रमहरू द्वारा उत्थानशील बनाउने ।

११.कक्षा ११-१२ मा विज्ञान र अंग्रेजी विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ।

१२.कार्यरत शिक्षकहरू मध्येवाट सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।

१३ संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक तहका विद्यालयको क्षमता विकास गर्ने ।

१४. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षाको पहुँच सुनिश्चित गर्ने ।

१५ संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेशागत र पुनर्ताजकी तालिमको व्यवस्था गर्ने ।

१६ परीक्षा व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जीवनउपयोगी सिकाइसँग जोडेर सञ्चालन गर्ने ।

१७ सिकाइ उपलब्धि कम भएका विषय र विद्यार्थी पहिचान गरी सुधार गर्न कार्ययोजना बनाई उपचारात्मक र सुधारात्मक कक्षा तथा विधिहरू अवलम्वन गर्ने ।

१८ अति विपन्न बालबालिकाहरूलाई समावेशीताको आधारमा समयानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने ।

१९ विद्यालय प्रशासन् र व्यवस्थापनलाई चुस्त र प्रभावकारीरूपमा सञ्चालन गर्न दक्षता विकास कार्यक्रहरू सञ्चालन गर्ने ।

## ३.३.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. गाउँपालिका भित्रका सञ्चालित सबै माध्यमिक शिक्षामा सबैको पहुँच सनुनिश्चित भएको हुने ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
३. सबै माध्यमिक विद्यालयमा विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुने छ ।
४. माध्यमिक विद्यालयहरूमा भौतिक शैक्षिक वातावरण बालमैत्रि पूर्ण भएको हुने छ ।
५. आधारभूत तहवाट उतिर्ण भैई आएका सबै बालबालिकाहरू माध्यमिक तह पूरा गरेको हुनेछ ।
६. विद्यामान विद्यार्थी उतिर्ण दरमा सुधार भैई माध्यमिक तहमा विद्यार्थी उतिर्ण प्रतिशतमा सुधार भएको हुनेछ ।

## ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर | ८१.५ | ८४.५ | ८८.५ | ९०.५ | ९२.५ | ९४.५ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा कुल भर्ना दर | ५८.६ | ६५.६ | ७०.६ | ७५.६ | ८०.६ | ८५.६ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | २० | २० | २० | २० | २० | २० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सँख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ५ | माध्यमिक विद्यालयमा लैङ्गिक समता सूचक | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ |
| ७ | शिक्षक पेसागत विकास र सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|

| क्र.स. | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षककालागि तलब भत्ता अनुदान | जना | १३ | १३ | १३ | १३ | १३ | ६५ | ६५ |
| २ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० |
| ३ | विद्यालय नक्साङ्कन, पुनर्वितरण समायोजन | पटक | १ | | | | | १ | १ |
| ४ | बिद्यालय भर्ना अभियान कार्यकम तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | सिकाइमैत्री स्मार्ट कक्षा कोठा व्यबस्थापन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| ६ | कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | जना | ५१३ | ५१३ | ५१३ | ५१३ | ५१३ | २५६५ | २५६५ |
| ७ | कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | जना | १२३ | १२३ | १२३ | १२३ | १२३ | ७६० | ७६० |
| ८ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| ९ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान | | | | | | | | |
| ११ | विपन्न र लक्षित समूहका लागि निःशुल्क शिक्षा र विशेष छात्रवृत्ति उपलब्ध गराउने | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| १२ | स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य—दृश्य सामग्री प्रयोग सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १३ | किशोर—किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| १४ | विज्ञान संकाय विस्तारका लागि अध्ययन र लगानी गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |
| १५ | विद्यालयका भौतिक संरचनालाई बालमैत्रि र अपाङ्गमैत्रि बनाउने | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| १६ | शिक्षक कर्मचारी र प्रधानाध्यापकहरूको पेशागत विकासकका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १७ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतना कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० | १० |
| १८ | विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| १९ | शिक्षकलाई प्रोत्साहन पुरस्कार | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| २० | एकीकृत शैक्षिक सूचना व्यवस्थापन तालिम तथा क्षमता अभिवृद्दि | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २१ | विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम संचालन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २२ | शिक्षक मनोसामाजिक एंव तथा परामर्श कार्यक्रम | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | शैक्षिक भ्रमण तथा सिकाइ आदानप्रदान | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २४ | विद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २५ | सबै विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गर्ने | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २६ | विद्यालयहरूमा खेलकुद मैदान निर्माण | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २७ | विद्यालयहरूमा कम्प्युटर ल्याव निर्माण | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| २८ | हरित विद्यालय कार्यक्रम | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

सिकाइ निरन्तर प्रक्रिया हो । यो जीवन पद्धतिसँग गाँसिएको हुन्छ । समयक्रमसँगै मानिसको सिकाइ औपचारिक, अनौपचारिक र अरितीक माध्यमबाट हुँदै आएको छ । अनौपचारिक शिक्षा जीवनपर्यन्त चलिरहन्छ । अनौपचारिक शिक्षाले विभिन्न किसिमका समूहहरूलाई सेवा प्रदान गर्ने लक्ष्य लिएको हुन्छ । सबैलाई साक्षर बनाउने दृष्टिकोणले दुर्गम र भित्री बस्तीका निरक्षरहरू, गरीबीको रेखामुनि रहेका व्यक्तिहरू, औपचारिक तथा अनौपचारिक क्षेत्रका निरक्षर कामदारहरूलाई अनौपचारिक शिक्षाका लक्षित समूहकारूपमा लिइएको छ । ती लक्षित समूहहरूका लागि अनौपचारिक शिक्षा अन्तर्गत सचेतना शिक्षा, साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा (सिपमूलक तथा आयमूलक) कार्यक्रमहरू सञ्चालन गर्ने गरिन्छ । वैकल्पिक शैक्षिक अवसरको दृष्टिकोणले अनौपचारिक शिक्षाले विद्यालय नगएका वा बीचैमा विद्यालय छाडेका युवा युवति तथा केटाकेटीहरूका लागि खुला विद्यालय, स्थानीय सिपमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिन्छन् । यसैगरी पेसागत शिक्षाको दृष्टिकोणले अनौपचारिक शिक्षाले विशेषगरी शारीरिक श्रम गरी जीवनयापन गर्नुपर्ने समूहहरूलाई आफ्नो लक्षित समूह बनाई परामर्श सेवा, तालिम र प्राज्ञिक सहयोग गर्दछन् । सामाजिक समावेशीताका दृष्टिकोणले अनौपचारिक शिक्षाले लैङ्गिक, जातीय, भौतिक र भाषिक समस्या भएका व्यक्तिहरूलाई लक्षित गरी तिनीहरूका लागि उपयोगी हुने शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरिन्छ ।

मानिस जन्मे देखि मृत्यु पर्यन्त केही न केही सिकिरहेकै हुन्छ । जीवनपर्यन्त सिकाइ अरीतिक, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो ।जसले सिकाइका लागि सिकारुको क्षमता, माग र रुचिमा जोड दिन्छ, जुन समय र परिस्थिति अनुसार परिवर्तन

भइरहन्छन् । जीवनपर्यन्त शिक्षालाई साक्षरताको विकास, आत्मनिर्भरता, सामाजिक हित र आयआर्जनको माध्यमका रूपमा लिन सकिन्छ । नेपाली समाजमा जीवनपर्यन्त सिकाइलाई केही कुरा जान्नका लागि, केही काम गर्नका लागि, केही बन्नका लागि र समाजमा मिलेर बस्नका लागि अनौपचारिक वा अरीतिक प्रक्रियाको निरन्तर यात्राका रूपमा लिएको पाइन्छ । जीवनभर सिक्न सक्ने र समाजमा भइरहेको विकाससँग घुलमिल हुँदै अगाडि बढ्न मानिसले सिकाइलाई निरन्तरता दिइरहनुपर्नेमा जीवनपर्यन्त सिकाइले जोड दिन्छ । काम गरेर खाने कम शिक्षित समूह, विद्यालयबाहिर रहेका युवा, थप शिक्षा लिन चाहेका तर विद्यालय वा शैक्षिक संस्थामा गएर शिक्षा लिन नसक्ने मानिसहरूले खुला तथा दूर शिक्षा जस्ता लचक र सिकाइका वैकल्पिक माध्यमको उपयोग गरी जीवनपर्यन्त सिकाइमा सहभागी हुन सक्छन् । पठन संस्कृतिको विकास, सिप र ज्ञानमा आधारित समाजको निर्माणका लागि अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइले महत्वपूर्ण टेवा पुऱ्याउँछ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमवाट आजीवन सिकाइको अवसर सिर्जना गर्ने तथा सबै प्रकारका सिकारूहरू लगायत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि समेत गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमवाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने उद्देश्य राखेको छ । त्यसैगरी दिगो विकासको लक्ष्य नं. ४ मा सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ प्रवर्द्धन गर्ने लक्ष्य निर्धारण गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप गाउँपालिका क्षेत्रभित्र अनौचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरू सिर्जना गरी सबै तह र वर्गका सिकारूहरूलाई सक्षम नागरिक बनाई समृद्ध गाउँपालिका बनाउने लक्ष्य राखिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

औपचारिक शिक्षा बाट बञ्चित भएका नागरिकलाई अनौपचारिक शिक्षाको सहयोगले पनि जीवन निर्बाहमा धेरै सहयोग पुर्याउन सक्छ । अनौपचारिक शिक्षा र आजिवन सिकाइले दैनिक जिवनका समस्या हल गर्न र आफ्नो पेशा व्यवसाय संचालन गर्न सहयोग गर्दछ । अदानचुली गाँउपालिकाले पनि अनौपचारिक शिक्षा र आजीवन सिकाईको लागि बिभिन्न कार्यक्रमहरू तर्जुमा गरी संचालनामा ल्याएको पाईन्छ । यसबाट धेरै नागरिकहरू लाभान्वित भएको पाईन्छ ।

अदानचुली गाँउपालिकामा २ सामुदायिक सिकाई केन्द्रहरू रहेको र ती केन्द्रहरू मार्फत निरन्तर सिकाईका क्रियाकलपहरू सञ्चालनमा रहेका छन् । अदानचुली गाँउपालिकाको साक्षरतादर आधारबर्ष २०८३ मा ६३ प्रतिशत रहेको छ । जसमा पुरूषको साक्षरता ७६ प्रतिशत र महिलाको साक्षरता दर ५३ प्रतिशत रहेको छ । गाँउपालिकाले साक्षरतादर प्रत्येक बर्ष ५ प्रतिशतका दरले वृद्धि गरी योजनाको अन्तिम बर्ष २०९३ मा ९८ प्रतिशत पुर्याउने लक्ष्य लिएको छ । सो को लागि अनौपचारीक शिक्षा तथा आजीवन सिकाईको रणनिति अवलम्बन गर्नुपर्ने देखिन्छ । सामुदायिक सिकाई केन्द्र मार्फत आमा समुह तथा प्रौढ भेला बैठक कार्यक्रम मार्फत बिभिन्न क्षमता बिकासका तथा साक्षरताका कामहरू भईरहेका छन् । सामुदियक सिकाइ केन्द्र मार्फत

पुतकालयहरूको व्यबस्थापन गर्ने उद्देश्य रहेता पनि कुनै पनि सामुदायिक सिकाई केन्द्रमा पुस्तकालय रहेका छैन् । समुदायस्तरमा साक्षरताका क्रियाकलापहरू संचालन गर्नुपर्ने तथा निरन्तर शिक्षा र आयमूलक साक्षरता कार्यक्रम निरन्तर रूपमा चलाउन समुदाय स्तरमा रहेका सहकारी, आमा समुह र बचत समुहलाई क्षमता बिकास र परिचालन गर्न आवश्यक देखिन्छ । अनौपचारिक शिक्षा र आजीवन सिकाई संस्कृतिको विकास गर्न संघ, प्रदेश तथा स्थानीय तह तीन वटै सरकार बीच समन्वय र सहकार्य आबश्यक रहेको देखिन्छ ।

### ३.४.३ उद्देश्य

यस अदानचुली गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाईका लक्ष्य हाँसिल गर्न निम्न अनुसार उद्देश्य किटान गरीएको छ ।

१. सबै नागरिकका लागि समता सहितको साक्षरता र आजिवन सिकाईका अवसर सुनिश्चित गर्नु ।

२. सामुदायिक सिकाई केन्द्रको क्षमता अभिवृदि र प्रभावकारी परिचालन गर्नु।

३. औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका वर्गलाई शैक्षिक मुलधारमा ल्याउन र निरन्तर सिकाईका कार्यक्रमहरू सञ्चालन गर्नु ।

४. जीवन पर्यन्त शिक्षाका अवसरहरू बिस्तार गरी साक्षरता अभिबृदि गर्न डिजिटल साक्षरता कार्यक्रम संञ्चालन गर्ने ।

### ३.४.४ रणनीतिहरू

माथी उल्लेखित उद्देश्य हासिल गर्न निम्न अनुसारका रणनीति अबलम्बन गरिने छ।

१. सामुदायिक सिकाई केन्द्र मार्फत बिभिन्न सिप बिकास र आयआर्जन तथा सिपमुलक कार्यक्रम संचनलन गर्ने ।

२. सरोकारवालाको समन्वय, सहकार्य, र साझेदारीमा अनौपचारिक तथा खुला सिकाई कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

३. सामुदायिक सिकाईकेन्द्र, बिद्यालय, स्थानीय संघ संस्था, सञ्चार माध्यम र अभिभावक परिचालन गरी दैनिक सिकाइ आवश्यकता पुरा गर्ने वाताबरण बनाउने।

४. अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम, तथा निरन्तर शिक्षा जस्ता कार्यक्रमहरू संचालन गर्न समुदायस्तरमा आमा समुह, आयआर्जन समुह गठन तथा परिचालित गर्ने ।

५. सामुदायिक सिकाइ केन्द्रहरू मार्फत साक्षरतार तथा निरन्तर सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. अभियानका रूपमा साक्षरता अभियान सञ्चालन गरी सबै नागरिकका लागि समावेशी, समतामुलक, साक्षरता र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्ने ।

७. साक्षरता अभियान सफलतापूर्वक सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकार, गैर सरकारी संघ संस्था तथा समुदायमा आधारित संघ-संस्थाहरू र सञ्चारमाध्यहरूसँग सहकार्य र समन्वय गर्ने ।

८. स्थानीय स्रोत, संस्कृति, परम्परा र समुदायको ज्ञान प्रयोग गरी सिकाइ सञ्चालन गर्ने ।
९. सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गर्ने ।
१०. सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास र संस्थागत सुदृढीकरण गर्ने ।
११. दैनिक जीवन, रोजगार, उद्यमशीलता, कृषि, स्वास्थ्य, वित्तीय साक्षरता आदिसँग सम्बन्धित सीप विकासमा जोड दिने ।
१२. मोबाइल, रेडियो, टेलिभिजन, डिजिटल सामग्री तथा अनलाइन माध्यमबाट सिकाइ विस्तार गर्ने ।
१३. बालबालिका, किशोरकिशोरी, महिला, युवा, अशक्तता भएका व्यक्ति तथा वयस्कहरूको आवश्यकता अनुसार सामग्री विकास गर्ने ।
१४. प्रत्यक्ष अभ्यास, अवलोकन, प्रयोग र अनुभवबाट सिक्ने अवसर सिर्जना गर्ने ।
१५. सिकाइलाई सहभागीको समय, पेशा र उपलब्धताअनुसार अनुकूल बनाउने ।
१६. मातृभाषा र स्थानीय उदाहरणमार्फत सिकाइलाई सहज र प्रभावकारी बनाउने ।
१७. सिकाइको प्रभाव, सहभागिता र उपलब्धिको नियमित समीक्षा गरी सुधार गर्ने ।

## ३.४.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरू प्राप्त हुने छन् ।
२. सामुदायिक सिकाइ केन्द्रको क्षमता बिकास भै समुदायस्तरमा सिप विकास, आजीवन सिकाइका क्रियाकलापहरू सञ्चालन भएको हुने ।
३. सिप विकास तथा आय वृद्धि भएको हुने ।

### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) (%) | ४८.८ | ५५.८ | ६०.८ | ६५.८ | ७०.८ | ७५.८ |
| २ | भाषिक तथा | ३५.५ | ४०.५ | ४५.५ | ५०.५ | ६०.५ | ७०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गणितीय साक्षरता सीप (१५वर्ष भन्दा माथिका महिला) (%) | | | | | | |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | ६ | ७ | ८ | ९ | १० | ११ |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | ५ | ६ | ७ | ८ | ९ | १० |
| ५ | सिकाइ केन्दरमा पुस्तकालय संख्या | ६ | ७ | ८ | ९ | १० | ११ |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | खुला विद्यालय सञ्चालन (कक्षा ६-८) | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | अनौपचारिक विद्यालय सञ्चालन (कक्षा १-५) | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | अनौपचारिक प्रौढ विद्यालय सञ्चालन (कक्षा १-८) | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | अनौपचारिक प्रौढ विद्यालय (कक्षा ९-१०) | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | घरधुरी सर्वेक्षण गरी साक्षरता तथा अनौपचारिक शिक्षाको तथ्याङ्क सङ्कलन र व्यवस्थापन | पटक | १ | | | १ | | २ | २ |
| ६ | सिकाइ केन्द्रहरूमा इन्टरनेट र सूचना प्रविधिको व्यवस्था | केन्द्र | ६ | | ६ | | ६ | १८ | १८ |
| ७ | वैकल्पिक शैक्षिक संस्थाहरूको तथ्याङ्क सङ्कलन र सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० |
| ९ | खुला तथा दूर कार्यक्रम सञ्चालन | केन्द्र | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | परम्परागत ज्ञानको संरक्षण र अभिलेखीकरण | पटक | १ | | १ | | १ | ३ | ३ |
| ११ | साक्षरता कार्यक्रम संचालन गर्ने | कक्षा | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १२ | सामुदायिक सिकाई केन्द्रको अनुगमन निरिक्षण र सहयोग | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १३ | सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र क्षमता बिकास | पटक | ६ | ७ | ८ | ९ | १० | ४० | ४० |
| १४ | नयाँ सामुदायिक सिकाई केन्द्रको स्थापना | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| १५ | सिकाई केन्द्रहरूमा पुस्तकालय स्थापना | पटक | ६ | ७ | ८ | ९ | १० | ४० | ४० |
| १६ | आयआर्जन समुहको क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १७ | जीवनोपयोगी सिप विकास कार्यक्रम | कक्षा | २ | २ | २ | २ | २ | १० | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | किशोरकिशोरीहरूका लागि यौन तथा प्रजनन स्वास्थ्य जीवनोपयोगी सिप करियर परामर्श तथा नेतृतेव विकास तालिम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| १९ | रेडियो / मोबाइल आधारित शिक्षा कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| २० | अनुगमन, मूल्याङ्कन तथा सिकाइ उपलब्धि सुधार कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा भनेको व्यक्तिले आफ्ना ज्ञान, सीप, सामाजिक मूल्यमान्यता तथा अनुभवहरूलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने प्रक्रिया हो । यही अनुभव र ज्ञानको हस्तान्तरणलाई शिक्षा भनिन्छ । शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने प्रमुख आधार पाठ्यक्रम हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान, सीप, मूल्य तथा अनुभवहरूको व्यवस्थित योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमले बालबालिकाको समग्र सिकाइ अनुभवलाई समेट्ने प्रयास गर्दछ । यसले केवल कुन विषयवस्तु सिकाउने भन्ने मात्र निर्धारण गर्दैन, बरु विद्यार्थीले सिकेका वा नसिकेका पक्षहरूको सुनिश्चितता गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा मूल्याङ्कनको आधार पनि तय गर्दछ । बालबालिकाका आवश्यकता, क्षमता तथा रुचिअनुसार विषयवस्तु चयन गरिन्छ र त्यस्ता विषयवस्तुले सामाजिक महत्व पनि बोकेको हुन्छ । यसरी पाठ्यक्रमको माध्यमबाट प्राप्त शिक्षाले व्यक्तिको ज्ञान, सीप, व्यवहार तथा दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई उसलाई सक्षम, जिम्मेवार र समाजोपयोगी नागरिकका रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ । पाठ्यक्रमले समाज र विश्व परिवेशअनुसार समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेशाव्यवसाय सञ्चालन गर्न तथा आर्थिक क्रियाकलापमा सक्रिय सहभागिता जनाउन सहयग गर्नु पर्दछ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गर्दै कक्षा १-३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा १२ सम्म एकल पथीय पाठ्यक्रम ढाँचा अवलम्बन गर्ने व्यवस्था गरेको छ । यस आधारमा पाठ्यक्रमलाई मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्यमान्यता तथा समाज र विश्व परिवेशमा विकसित ज्ञान, सीप र प्रविधिअनुसार गतिशील बनाउन प्रभावकारीकार्यान्वयनको आवश्यकत रहेको छ ।

### ४.१.२ वर्तमान अवस्था

अदानचुली गाउँपालिकामा जम्मा १९ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये आधारभूत कक्षा १-५ सञ्चालित १७ विद्यालय, आधारभूत कक्षा १-८ सञ्चालित ८ वटा विद्यालय , माध्यमिक कक्षा १-१० सञ्चालित ४ वटा विद्यालय र माध्यमिक कक्षा १-१२ सञ्चालित १ वटा विद्यालय छन् । यसैगरी १५ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । यी विद्यालयहरूमा जम्मा २७५० विद्यार्थी अध्ययनरत छन् ।

सामुदायिक विद्यालयहरूमा पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत पाठ्यपुस्तक प्रयोग भइरहेको छ । हाल विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा भइरहेको छ । कतिपय विद्यालयहरूले अंग्रेजी माध्यम तथा केही विद्यालयहरूले स्थानीय मातृभाषामा शिक्षण सञ्चालन गरिरहेका छन् । शिक्षणसिकाइको प्रभावकारिता अभिवृद्धिका लागि विद्यालयहरूमा भौतिक पूर्वाधार विकास, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र शिक्षकहरूको पेशागत क्षमता विकाससम्बन्धी गोष्ठी, तालिम र सहजीकरण कार्यक्रम सञ्चालन गरिएका छन् । तथापि, बदलिँदो समय र परिस्थितिअनुसार

शिक्षणसिकाइको गुणस्तर, शिक्षक तयारी, कार्यकुशलता तथा नवप्रवर्तनात्मक अभ्यासमा थप सुधार आवश्यक देखिन्छ ।

### ४.१.३ उद्देश्य

१. विद्यालय शिक्षाको हरेक तह र विषयमा विद्यार्थीहरूको सिकाइ सक्षमतामा सुधार गर्नु ।
२. पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी संयन्त्र निर्माण र परिचालन गर्नु ।
३. पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी शिक्षक क्षमता विकास गर्नु ।
४. स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री विकास गर्नु ।

### ४.१.४ रणनीतिहरू

१. पाठ्यक्रम कार्यान्वयका लागि आवश्यक शैक्षिक पूर्वाधार (शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, बुक कर्नर, पुस्तकालय, प्रयोगशाला, ICT Lab, कक्षाकोठाको सिकाइ वातावरण, आदि) विकास गर्ने ।

२. स्थानीय परिवेशमा आधारित बालबालिकाको रूचि, स्तर र क्षमता बमोजिमका सन्दर्भ सामग्रीहरूको विकास गर्ने ।

३. सिकारूका समस्या समाधान उन्मुख निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कनमार्फत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

४. स्थानीय सरोकारवालाहरूको सहभागिता र अपनत्व विकास गरी स्थानीय परिवेश सुहाँदो स्थानीय पाठ्यक्रम निर्माण गरी परीक्षण गरिने ।

५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

६. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने ।

७. बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिने ।

८. तहगत र कक्षागत पाठयक्रम अनुरूप निरन्तर विद्यार्थी मूल्यांकन पद्धति कार्यान्वयनलाई अनिवार्य गरिने ।

९. आवधिक परिक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रवोधिकरण कार्यलाई अनिवार्य गर्ने ।

१०. अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने ।

११. विद्यालय तथा स्थानीयस्तरमा पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन समिति गठन/पुनर्गठन तथा परिचालन गर्ने ।

१२. विद्यालय तथा स्थानीय तहमा रहेका पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन समितिका पदाधिकारी र सदस्यहरूको क्षमता विकास गर्ने ।

१३. हरेक शिक्षकका लागि नयाँ निर्माण वा परिमार्जन भएका पाठ्यक्रम/पाठ्यपुस्तक सम्बन्धी अभिमुखीकरण आवधिकरूपमा सञ्चालन गर्ने ।

१४. नियमितरूपमा शिक्षकहरूबिच सिकाइ अनुभव तथा पृष्ठपोषण आदान प्रदान गर्ने ।

१५. पाठ्यक्रम तथा पाठ्यसामग्री विषयवस्तुहरूलाई शिक्षक पेसागत क्षमता विकास कार्यक्रमको अभिन्न अंगकारूपमा समावेश गर्ने ।

१६.निरन्तर शिक्षक पेसागत सहयोगका लागि स्थानीय स्तरमा विज्ञ समूह गठन र परिचालन गर्ने ।

१७.शिक्षकहरूलाई नियमितरूपमा प्राविधिक सहयोग उपलब्ध गराउने ।

## ४.१.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१.पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट शैक्षिक गुणस्तर सुधारमा टेवा पुगेको हुने ।

२.विद्यालय शिक्षाको हरेक तह र विषयमा विद्यार्थीहरूको सिकाइ सक्षमतामा सुधार हुने ।

३.पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी संयन्त्र निर्माण र क्रियाशील भएको हुने ।

४.पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयनमा शिक्षकहरू सक्षम भएको हुने।

५.पालिका भित्रका सबै विद्यालयमा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूको विकास र प्रयोग भएको हुने ।

६. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यस अनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएको हुने ।

७.सिकाइको अभिन्न अंगको रुपमा मूल्यांकन पद्धति कार्यान्वयनमा आउने ।

८. बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता बृद्धि भएको हुने ।

### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी संयन्त्र निर्माण भएका | ५ | ७ | १० | १२ | १४ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ५ | आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रवोधीकरण हुने | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ६ | स्थानीय पाठ्यक्रम निर्माण गरी | १९ | १९ | १९ | १९ | १९ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यान्वय न गर्ने विद्यालय सङ्ख्या | | | | | | |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० ८३ | २० ८४ | २० ८५ | २० ८६ | २० ८७ | ज म्मा | |
| १ | पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रोबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र छपाइ | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम | जना | २५ | | २५ | | २५ | ७५ | ७५ |
| ४ | आधारभूत तह उत्तीर्ण परीक्षा संचालन, नतिजा प्रकाशन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली निर्माण तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | शैक्षिक पाठ्यक्रम, पठन सामग्री तथा निर्देशिका विकास तथा छपाइ | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | उत्कृष्ठ नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | वैयक्तिक शिक्षण सिकाइ सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | Universal Design of Learning, Socio-emotional Learning and Gender Responsive Pedagogy सम्बन्धि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| १२ | डिजिटल सामाग्री र सूचना प्रविधिको प्रयोग | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ५० |
| १३ | माध्यम भाषाको रूपमा मातृभाषको प्रयोग | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| १४ | समावेशी तथा बहुभाषिक मूल्याङ्कन उपकरण विकास र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १५ | विषयगत शिक्षक सञ्जाल तथा पेशागत सिकाइ समुदाय गठन | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक व्यवस्थापन र विकास शैक्षिक प्रशासनका महत्वपूर्ण पक्षहरू हुन् । शिक्षा क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति विकास, अध्यापन अनुमति, शिक्षण पेसामा सक्षम व्यक्तिहरूको छनोट, नियुक्ति तथा पदस्थापन, सेवा, सर्त र सुविधा, तालिम, वृतिविकास, सरूवा, नियमितता तथा आचरण, पेसागत सहयोग, कार्यसम्पादन मूल्याङ्कन र अभिलेख व्यवस्थापन जस्ता विषयहरू शिक्षक व्यवस्थापन भित्र पर्दछन् । अझै स्पष्ट रूपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था, संरचनागत व्यवस्था, स्रोतसाधन र आर्थिक व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो । यो आफैंमा बहुआयामिक विषय हो । शिक्षण संस्थाका उद्देश्यहरु पूरा गर्नका लागि सजीव रुपमा कार्य गर्ने शक्ति शिक्षक नै हुन् । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथि उठ्न सक्दैन । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् । शिक्षा सेवा प्रवाहमा प्रभावकारीता, दक्षता तथा समता सुनिश्चित गर्नका लागि उपयुक्त शिक्षक व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउनु जरुरी छ । शिक्षाको उद्देश्य प्राप्ति शिक्षकहरूको शैक्षिक क्रियाकलापमा भरपर्ने हुँदा शिक्षक छनोट, पदस्थापन, तालिम, सरुवा, बढुवा, पुरस्कार आदिको चुस्त व्यवस्थापन आवश्यक छ ।

शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुने भएकाले निरन्तर रूपमा शिक्षक विकासका कार्यक्रमहरू पनि सञ्चालनमा आउनु आवश्यक छ । शिक्षकको पेशागत विकासले विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन मदत गर्दछ । शिक्षक विकास भनेको शिक्षकमा विषयगत तथा शैक्षणिक विधिमा आधारित ज्ञान तथा सिप विकास गर्नु हो । शिक्षकहरूबीच सम्बन्ध र सहकार्य विकास गरी शिक्षण सिकाइमा सुधार ल्याउने कार्य नै शिक्षक विकास हो । शिक्षक विकासलाई शिक्षकको पेसागत विकासलाई शिक्षक आफैंले आफ्नो शिक्षण अभ्यासको स्वप्रत्यावर्तन गर्ने कार्यका रूपमा लिने गरिन्छ । शिक्षकको पेशागत विकास भनेको शिक्षण कलाकौशलको विकास, योग्यता

अभिवृद्धि र विकसित सक्षमताको प्रभावकारी प्रयोग गरी शिक्षण तथा सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने कार्य हो । समाज परिवर्तन भएसँगै शैक्षिक क्रियाकलापहरू पनि परिवर्तित हुने भएकाले सो परिवर्तन अनुसारको शिक्षण सिकाइका लागि शिक्षकको पेसागत विकास निरन्तर रूपमा हुनु जरूरी हुन्छ । त्यस्तो ज्ञान र सिप शिक्षक पेसागत विकास मार्फत नै सम्भव हुन्छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले सबै नागरिकलाई आधारभूत शिक्षा (प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म) अनिवार्य तथा निःशुल्क र माध्यमिक तह (कक्षा ९-१२) सम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक तथा व्यावसायिक सिपमूलक, रोजगारमुखी तथा जनउत्तरदायी बनाउने विषयलाई पनि संविधानमा विशेष रूपमा उल्लेख गरिएको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने तथा त्यसका लागि विद्यालय र शैक्षिक संस्था स्थापना तथा सञ्चालन गर्ने अधिकार संविधानद्वारा सुनिश्चित गरिएको छ ।

विद्यालयमा विद्यार्थी भर्ना गर्ने, टिकाउने, गुणस्तरीय सिकाइ सुनिश्चित गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसरहरू उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्नु हाम्रो शिक्षा प्रणालीको प्रमुख उद्देश्य रहेको छ । साथै, शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सक्षम र योग्य शिक्षकलाई शिक्षण पेशामा आकर्षित गर्ने, टिकाइ राख्ने, क्रियाशील बनाउने तथा आफ्नो पेशा र जिम्मेवारीप्रति उत्तरदायी बनाउन आवश्यक योजनाहरू कार्यान्वयन गर्नुपर्छ । यसका लागि विद्यालयहरूमा आवश्यकताअनुसार शिक्षक दरबन्दी कायम गर्नु आजको प्रमुख आवश्यकता रहेको छ ।

अदानचुली गाउँपालिकाको तहगत रूपमा वर्तमान अवस्थाअनुसार स्वीकृत शिक्षक दरबन्दीको अवस्था निम्नानुसार रहेको छ ।

तालिका: १४ - अदानचुली गाउँपालिकाको चहगत शिक्षक दरबन्दी विवरण २०८२

| क्रसं | तह | स्थायी | राहत | अस्थायी | अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत (१-५) | २७ | ५ | १० | ९ | ५१ | |
| २ | आधारभूत (६-८) | ९ | २ | ३ | १ | १५ | |
| ३ | माध्यमिक (९-१०) | ३ | ३ | ३ | १ | १० | |
| ४ | माध्यमिक (११-१२) | ० | ३ | १ | ० | ४ | |
| | जम्मा | ३९ | १३ | १७ | ११ | ८० | |

अदानचुली गाउँपालिकामा शिक्षक व्यवस्थापनको वर्तमान अवस्था हेर्दा विद्यालयमा आवश्यक शिक्षक उपलब्ध गराउने, दरबन्दी मिलान, विषयगत शिक्षक व्यवस्थापन तथा शिक्षण सिकाइको निरन्तरतामा केन्द्रित प्रयासहरू भइरहेका छन् । गाउँपालिकामा आधारभूत तथा माध्यमिक तहका विद्यालयहरू सञ्चालनमा रहेका छन् र शैक्षिक सेवा स्थानीय सरकार तथा सम्बन्धित निकायको समन्वयमा व्यवस्थापन हुँदै आएको छ । गाउँपालिकामा आधारभूत र माध्यमिक तहका २० वटा विद्यालय सञ्चालनमा रहेका छन् । यद्यपि, दुर्गम भूगोल, सीमित मानव स्रोत, विषयगत शिक्षक अभाव तथा दरबन्दी र विद्यार्थी अनुपात व्यवस्थापन अझै सुधार गर्नुपर्ने क्षेत्रका रूपमा देखिन्छन् । त्यसैले आवश्यकतामा आधारित शिक्षक व्यवस्थापन, दरबन्दी पुनरावलोकन, ICT प्रयोग तथा शिक्षक पेसागत विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ ।

## ४.२.३ उद्देश्य

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

## ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने ।

५. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

७. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोडी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

## ४.२.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।

३. शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी भएको हुने ।

४.कक्षाशिक्षणमा सुधार भएको हुने ।
५.शिक्षकहरू आफ्नो पेसाप्रति प्रोत्साहित र प्रतिबद्ध हुने ।
४.शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वस्तुनिष्ठ हुने ।

## ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा | १४ | १५ | १६ | १७ | १८ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त शिक्षक (%) | | | | | | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | २० | २५ | ३० | ३५ | ४० | ४५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ५ | १० | १५ | २० | २५ | ३० |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई गैर अनुदान | जना | २ | २ | २ | २ | २ | १० | १० |
| २ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ३ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | जना | २ | २ | २ | २ | २ | १० | १० |
| ४ | विद्यालय सुपरिवेक्षण तथा शिक्षककोनिरन्तर पेशागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षक तालिम (नयाँ प्रवेशी, पुनर्ताजगी, शैक्षिक केन्द्रित, शैक्षिक सामग्री निर्माण, ICT र मूल्याङ्कन) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | विद्यालय किशोरी पोषण, मनोपरामर्श तथा प्रजनन् शिक्षा सम्बन्धी तालिम कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | शिक्षक दरबन्दीको पुनर्वितरण र विषयगत आवश्यकताअनुसार समायोजन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | शिक्षक तथा प्रधानाध्यापकको निरन्तर मूल्याङ्कन र सुधार कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ११ | एकीकृत पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पठन तत्व तथा ढाँचासम्बन्धी तालिमको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १२ | शैक्षिक सामग्री निर्माण तालिम/कार्यशालाको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १३ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन गर्ने | विद्याय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| १४ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | अस्थायी, करार तथा नीजिस्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण | पटक | १ | | | | | १ | १ |
| १६ | शिक्षकले कक्षाकोठमा विताउने समयको अभिलेखीकरण | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| १७ | असल अभ्यास गरेका विद्यालयको अवलोकन भ्रमण | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| १८ | शिक्षक मार्फत कार्यमूलक अनुसन्धान सञ्चालन | जना | ८० | ८० | ८० | ८० | ८० | ४०० | ४०० |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार तथा सामाजिक विकासको महत्वपूर्ण आधारका रूपमा स्वीकार गरिएको छ । नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद तथा सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ । संविधानले समानताको हक, छुवाछुत तथा भेदभावविरुद्धको हक, शोषणविरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक लगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता विषयलाई नागरिकका मौलिक हकका रूपमा स्थापित गरेको छ । यसले सबै नागरिकलाई सम्मानजनक, न्यायपूर्ण र समावेशी समाजमा जीवनयापन गर्ने अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी, दिगो विकास लक्ष्य (SDGs) ले लैङ्गिक समानता हासिल गर्ने तथा नीतिगत, कानुनी, संरचनागत र संस्थागत उपायहरूमार्फत सामाजिक, आर्थिक तथा राजनीतिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै सामाजिक संरक्षणका नीतिहरू अवलम्बन गर्ने लक्ष्य निर्धारण गरेको छ ।

शिक्षा प्राप्त गर्नु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधान (२०७२) को धारा ३१ ले यस अधिकारलाई सुनिश्चित गरेको छ । सबै वर्ग, क्षेत्र तथा समुदायका बालबालिकालाई समान, न्यायपूर्ण, पहुँचयोग्य र प्रतिनिधित्वमूलक शिक्षा प्रदान गर्न समावेशी शिक्षा आजको सान्दर्भिक र आवश्यक विषय बनेको छ । यसै सन्दर्भमा अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई उच्च शिक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । साथै, दृष्टिविहीन नागरिकका लागि ब्रेल लिपि तथा श्रवण वा बोलाइसम्बन्धी कठिनाइ भएका नागरिकका लागि सांकेतिक भाषामार्फत निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

अदानचुली गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरूमा अध्ययनरत कुल २७५० जना विद्यार्थीमध्ये १३९० जना छात्रा र १३४०जना छात्र रहेका छन् । जातिगत आधारमा हेर्दा ब्राह्मण/क्षेत्री समुदायका २१९० जना, दलित समुदायका ८११ जना, जनजाति समुदायका २५१ जना जना विद्यार्थी अध्ययनरत रहेका छन् । भाषागत अवस्थाअनुसार गाउँपालिकाका विद्यालयहरूमा सबै विद्यार्थीले नेपाली भाषा बोल्ने विद्यार्थीको गरेका छन् । गाउँपालिकाभित्र हाल कुल ७७ जना शिक्षक कार्यरत रहेका छन्, जसमध्ये ११ जना महिला शिक्षक रहेका छन् ।

गाउँपालिकाभित्र विभिन्न सामाजिक, आर्थिक तथा भौगोलिक कारणले विद्यालय पहुँचभन्दा बाहिर रहेका बालबालिकाको संख्या ११६ रहेको छ । यस्ता बालबालिका प्रायः श्रम तथा ज्यालामजदुरीमा संलग्न रहेको अवस्था देखिन्छ । उनीहरूको समतामूलक पहुँच तथा सिकाइमा समावेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले छात्रवृत्ति, शैक्षिक सामग्री सहयोग तथा समतामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै, सबै सामुदायिक विद्यालयमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउने, कक्षाकोठाको सिकाइ वातावरण सुधार गर्ने तथा शिक्षणसिकाइ प्रक्रियामा समता र समावेशीकरणको नीति अवलम्बन गर्ने प्रयासहरू गरिएको छ ।

समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि परिवार, समुदाय तथा विद्यालयबाट सहयोगी वातावरण निर्माण गर्नु, अपाङ्गता भएका तथा पछाडि पारिएका व्यक्तिहरूको सामाजिक समावेशीकरणमा सुधार ल्याउनु, आवश्यकता अनुसार विशेष विद्यालय वा समावेशी सेवा विस्तार गर्नु, सिकाइ कठिनाइ तथा आवश्यकता अनुरूप शैक्षिक सामग्री व्यवस्थापन गर्नु, शिक्षकहरूको समावेशी शिक्षा सम्बन्धी क्षमता अभिवृद्धि गर्नु तथा विभिन्न प्रकारका बालबालिकासम्बन्धी तथ्यांक तथा सूचनालाई अद्यावधिक राख्ने कार्य गरिरहेको छ ।

### ४.३.३ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी तथा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता अभिवृद्धि गर्दै सिकाइ उपलब्धिमा सुधार ल्याउनु ।

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार तथा बहिष्करण हुन नदिई बालबालिकाको नियमित उपस्थिति, सक्रिय सहभागिता र सहज सिकाइका लागि सुरक्षित, समावेशी तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीतिहरू

१. विद्यालयमा प्रभावकारी सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार सुनिश्चित गर्ने ।

२. विद्यालयलाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाउने ।

३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) सञ्चालन गर्ने ।

४. अपाङ्गताको प्रकार तथा स्वरूप पहिचान गर्ने ।

५. आवश्यकता अनुसार विशेष कार्यक्रममार्फत उपयुक्त समावेशी शिक्षा उपलब्ध गराउने ।

६. विशेष विद्यालय वा विशेष सहयोग सेवाको व्यवस्था गर्ने ।

७. आर्थिक रूपमा विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।

८. आवश्यक कार्यविधि तथा निर्देशिकाहरू तयार गर्ने ।

९. आवश्यकता र प्राथमिकताका आधारमा थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने ।

१०. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र शिक्षा सुनिश्चित गर्नुका साथै किशोरीमैत्री महिनावारी स्वास्थ्य तथा सरसफाइसम्बन्धी सेवा र शिक्षा उपलब्ध गराउने ।

११. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषिक माध्यम प्रयोग गरी शिक्षण-सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

१२. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास, नागरिक ज्ञान तथा जीवनोपयोगी सीप समावेश गर्ने ।

१३. बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समेटी शिक्षालाई व्यवहारिक र जीवनोपयोगी बनाउने ।

१४. शिक्षणसिकाइ क्रियाकलापलाई सहभागितामूलक तथा विद्यार्थीमैत्री बनाउने ।

१५. विद्यार्थीहरूको विविध आवश्यकता सम्बोधन गर्ने ।

१६. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण तथा हेपाइ हुन नदिई सुरक्षित, सम्मानजनक र बालमैत्री वातावरण निर्माण गर्ने ।

१७. शिक्षकहरूमा समता तथा समावेशी शिक्षासम्बन्धी ज्ञान, सीप र व्यवहारगत क्षमता अभिवृद्धि गर्न नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

### ४.३.५ प्रमुख उपलब्धि र नतिजा

#### क) उपलब्धि

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

#### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ११६ | १०० | ७५ | ५० | २५ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.१० | १.०० | १.०० | १.०० | १.०० | १.०० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ |

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | छात्रा छात्रवृत्ति (कक्षा १-५) | जना | ७३७ | ७३७ | ७३७ | ७३७ | ७३७ | ३६८५ | ३६८५ |
| २ | दलित छात्रवृत्ति (कक्षा १-५) | जना | ४६३ | ४६३ | ४६३ | ४६३ | ४६३ | २३१५ | २३१५ |
| ३ | आधारभूत तहमा अध्ययनरत लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| ४ | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) | जना | ७३ | ७३ | ७३ | ७३ | ७३ | ३६५ | ३६५ |
| ५ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा | जना | १० | १० | १० | १० | १० | ५० | ५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | | | | | | | | |
| ६ | बालिका तथा समावेशी शिक्षा सञ्जाल निर्माण परिचालन | विद्याल य | २० | २० | २० | २० | २० | १०० | १०० |
| ७ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) | विद्याल य | २० | २० | २० | २० | २० | १०० | १०० |
| ८ | समता र समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | विद्यालयमा जेन्डर फोकल पर्सनको व्यवस्था | विद्याल य | २० | २० | २० | २० | २० | १०० | १०० |
| १० | प्रत्येक विद्यालयमा गुनासो पेटिका व्यवस्थापन | विद्याल य | २० | २० | २० | २० | २० | १०० | १०० |
| ११ | गुनासो व्यवस्थापन तथा समाधान प्रणाली स्थापना तथा सञ्चालन | विद्याल य | २० | २० | २० | २० | २० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालयमा लैङ्गिकमैत्री शौचालय निर्माण | ओटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १३ | अपाङ्गमैत्री संरचना (र्याम्प, रेलिङ, पहूँचयुक्त शौचालय, संकेत बोर्ड आदि) निर्माण | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| १४ | घरधुरी सर्वेक्षणमार्फत बालबालिकाको विवरण सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १५ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १६ | समावेशी शिक्षा, लैङ्गिक समानता, विभेद न्यूनीकरण तथा बाल संरक्षण सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १७ | Universal Design of Learning (UDL), Socio-Emotipnal Learning (SEL) र Gender Responsive | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Pedagogy विषयमा शिक्षक तालिम | | | | | | | | |
| १८ | वैकल्पिक सिकाइ सामाग्री र सहायक उपकरण खरिद तथा वितरण | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| १९ | कमजोर सिकाइ भएका विद्यार्थीका लागि अतिरिक्त कक्षा र उपचारात्मक शिक्षा सञ्चालन | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २० | किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रम | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५ |
| २१ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| २२ | विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तरक्रिया | पटक | २० | २० | २० | २० | २० | १०० | १०० |
| २३ | समता र समावेशीकरण सम्बन्धी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नियमित अनुगमन | | | | | | | | |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको वृद्धिविकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई (१० वर्ष) उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जांच तथा स्वास्थ्य सेवाहरु सहज रुपमा उपलब्ध हुनुपर्दछ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ । बालवालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा विताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिव मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ ।

खासगरी ९-१० वर्षको उमेरदेखि बालबालिकाहरुको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित उपस्थित हुन, तथा बीचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरु, खाद्य सम्प्रभूतासम्बन्धी कानून, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६ बालबालिकासम्बन्धी कानून इत्यादिले वालवालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाइ प्रति विद्यार्थी रु २५ बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनलाई अगाडि बढाइएको अवस्था छ । नेपालको पन्ध्रौ याजनाले दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमा राखी बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरुलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरु हासिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तर सम्बन्धित अवधारणाको रुपमा अघि सारेको छ । सोही योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्न, विद्यालयहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनु पर्ने खानेपानी,सरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बालमैत्री, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण

र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितका भान्सा/खाजा घर, विपद जोखिम व्यवस्थापन, सरसफाइ तथा स्वच्छता प्रवद्र्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरु गरिदैं गएका छन् ।

### ४.४.२ बर्तमान अवस्था

अदानचुली गाउँपालिकाका सवै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । सम्पूर्ण छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि गतवर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई यस वर्षदेखि प्रभावकारी बनाउँदै लगिएको छ । भेण्डिङ मेसिन र डिस्पोजल मेसिन वितरण गरिएको छैन । सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीका बाकसहरु छैनन, प्रत्येक विद्यालयका बालिकाहरुका लागि आइरन चक्की प्रदान गरिएको छ । हाल गाउँपालिका सबै विद्यालयमा बाल विकास कक्षा देखि कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ । जसबाट धेरै विद्यार्थीहरु लाभान्वित भएका छन् । यस पालिकामा दिवा खाजा तथा पोषणसँग सम्बन्धित समस्याहरू चुनौति तथा अवसरहरू देहाय बमोजिक रहेका छन् ।

### ४.४.३ उद्देश्यहरू

१. बालबालिकालाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने ।

२. अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।

३. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।

४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीको व्यवस्था गर्ने ।

५. छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल निर्माण गर्ने ।

६. किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानीको व्यवस्था गर्ने ।

७. कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध मिलाउने ।

८. विद्यालयहरुमा प्राथमिक उपचार बाकस, बालवालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण गर्ने।

९. छात्राहरुका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरण गर्ने ।

१०. नियमित रूपमा स्वास्थ्य क्षेत्रसँग सहकार्य गर्ने ।

११. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने ।

१२. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि संघ तथा प्रदेश सरकारहरुसँग साझेदारीको विकास गर्ने ।

१३. अभिभावकहरुको सहभागितालाई प्रोत्साहन गर्ने ।

१४. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

### ४.४.५ प्रमुख उपलब्धि र नतिजा

#### क) उपलब्धि

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

२. मनोसामाजिक कुशलता (Wellbeing) मा अभिवृद्धि तथा सिकाइमा सुधार हुने ।

३. सुरक्षित तथा रमाइलो (Joyful) सिकाइ वातावरणको सिर्माजना हुने ।

४. बालबालिकाहरुले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजाको व्यवस्था हुने ।

५. विद्यालयमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीको व्सयवस्हिथा हुने ।

६. छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल उपलब्ध हुने ।

७. किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानीको व्यवस्था हुने ।

#### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | ७५ | ८० | ८५ | ९० | ९५ | १०० |
| २ | कक्षा १ मा भर्ना भएका | ७५ | ८० | ८५ | ९० | ९५ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | | | | | | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | ३० | ३५ | ४० | ४५ | ४७ | ४७ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | ३० | ३५ | ४० | ४५ | ४७ | ४७ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | १ | २ | ३ | ४ | ५ | ६ |

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिवा खाजा कार्यक्रम (बालविकासदेखि कक्षा ५ सम्म) सञ्चालन | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| २ | साबुन, पानी, सरसफाइ सामग्रीको व्यवस्था | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ३ | अभिभावक र समुदायको अनुगमन र सुधारमा सहभागीता | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ४ | विद्यालय पोषण र दिवा खाजा कार्यविधि निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | सेनेटरी प्याड तथा सफाई सामग्री व्यवस्थापन | जना | ९४९ | ९४९ | ९४९ | ९४९ | ९४९ | ४७४५ | ४७४५ |
| ६ | दिवा खाजाका लागि आवश्यक सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | विद्यालय नर्स सेवा सञ्चालन | विद्यालय | २ | २ | २ | २ | २ | १० | १० |
| ९ | किशोरावस्था स्वास्थ्य र महिनावारी स्वच्छता सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | अनुगमन मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

शिक्षा मानिसको मौलिक अधिकार हो । आपतकालीन अवस्थामा समग्र शिक्षाका गतिविधि खलबलिन गई शिक्षाले गर्ने रूपान्तरणमा बाधा उत्पन्न हुन्छ । प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व एवम् युद्धको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम नै आपत्कालीन शिक्षा (Education in Emergency) हो । विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालाई सुरक्षित राख्न र

शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील रहने गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु यसको मुख्य उद्देश्य हो । आपत्कालीन शिक्षाले बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्दछ। यसरी विपद्पश्चात् पुनः शिक्षा सञ्चालन गर्दा आवश्यकताअनुसार बालबालिकालाई मनोसामाजिक परामर्श दिने, भिन्न प्रकारको वैकल्पिक पाठ्यक्रम प्रयोग गरी बालमैत्री वातावरणमा पठनपाठन सञ्चालन गर्नुपर्ने हुन्छ । यसले बालबालिकालाई शारीरिक, मानसिक तथा संज्ञानात्मक हिसाबले सुरक्षा प्रदान गर्ने भएकाले बालबालिकाको विकासमा सहयोग पुऱ्याउँछ । बालबालिकाहरूमा जोखिम घटाउने र सजिलै पुनरउत्थान हुने सिपको विकास हुन्छ । आपत्कालीन शिक्षाले बालबालिकाको यौनजन्य वा आर्थिक शोषण, दुरुपयोग वा हेला वा अपहरण हुने जस्ता मानवीय सङ्कटको जोखिमको न्यूनीकरण गर्नुका साथै बालबालिकाले विद्यालय जान छोडने, शैक्षिक वर्षको पढाइ छुट्ने जस्ता गतिविधिमा कमी ल्याउँछ । यसले आपत्कालका समस्या समाधान गर्ने र समस्याको सामना गर्ने सिपहरूको सबलीकरण गरेर सिकारुहरूलाई जोखिमपूर्ण वातावरणमा आफू कसरी बाँच्ने र अरुको हेरचाह कसरी गर्ने भन्नेबारे समुचित निर्णय गर्न सक्षम तुल्याउँदछ । यसले मानिसहरूलाई राजनीतिक सन्देश अथवा विरोधाभाषपूर्ण सूचनाका स्रोतबारे समालोचनात्मक किसिमले सोच्न पनि मदत पुऱ्याउँछ ।

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय र दूराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय (Corporal Punishment), शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ (Bullying) र यौन दूराचार (Sexual Harassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएकोछ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दूर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ । यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैगिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ प्रक्रिया, मातृभाषामा शिक्षण सिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बिचैमा विद्यालय

छाड्ने दरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरू सहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ ।

विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप, कोभिड १९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी आपत्कालीन शिक्षाका लागि यस योजनामा आगामी ५ वर्षका लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलापहरू समावेश गरिएको छन् ।

## ४.५.२ वर्तमान अवस्था

अदानचुली गाउँपालिकामा आपतकालीन शिक्षा व्यवस्थापनको अवस्था प्रारम्भिक चरणमा रहेको देखिन्छ । भौगोलिक विकटता, मौसमी विपद् (हिउँ, पहिरो, वर्षा) तथा भौतिक पूर्वाधारको सीमितताका कारण विद्यालयको नियमित सञ्चालनमा अवरोध आउने गरेको छ, जसले सिकाइ निरन्तरतामा चुनौती सिर्जना गरेको छ । केही विद्यालयमा विपद् पूर्वतयारी तथा शिक्षा निरन्तरता सम्बन्धी आधारभूत अभ्यासहरू भए तापनि आपतकालीन शिक्षा योजना (Education in Emergencies Plan) सबै विद्यालयमा पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । वैकल्पिक सिकाइ प्रणाली, डिजिटल तथा दूरशिक्षा माध्यमको प्रयोग अझै सीमित रहेको छ भने अस्थायी सिकाइ केन्द्र तथा सुरक्षित सिकाइ वातावरणको व्यवस्था पर्याप्त छैन । शिक्षकहरूको आपतकालीन शिक्षण, मनोसामाजिक सहयोग तथा वैकल्पिक सिकाइ विधिसम्बन्धी क्षमता विकासमा पनि थप सुदृढीकरण आवश्यक देखिन्छ । यद्यपि स्थानीय सरकारको समन्वयमा शिक्षा निरन्तरता र विपद् व्यवस्थापनका लागि प्रयासहरू भइरहेको भए पनि प्रणालीगत, समावेशी र दीगो आपतकालीन शिक्षा व्यवस्थापनका लागि थप योजना, स्रोत र क्षमता विकास आवश्यक रहेको देखिन्छ ।

## ४.५.३ उद्धेश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

## ४.५.४ रणनीति

१. गाउँपालिका क्षेत्रभित्र आइपर्नसक्ने सम्भावित आपत्कालीन अवस्थाको पहिचान गर्ने ।

२. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने विपदहरूको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गर्ने ।

३. पूर्व तयारीका लागि आपत्कालीन शिक्षा योजना निर्माण गर्ने र यसलाई विद्यालय सुधार योजनाको अभिन्न अंगकारूपमा समावेश गर्ने ।

४. आपत्कालिन अवस्थालाई सम्बोधन गर्न आपत्कालीन कोष स्थापना गर्ने।

५. प्रतिकार्यको लागि संयन्त्र, कार्यढाँचा तथा कार्यविधि तयार गर्ने ।

६. प्रतिकार्यका लागि जिम्मेवार व्यक्ति तथा निकायको क्षमता विकास गर्ने ।

७. आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराउने ।
८. अल्पकालीन र दीर्घकालीन पुनर्लाभको व्यवस्था मिलाउने ।
९. विपत प्रभावितहरूका लागि अल्पकालीन आश्रयस्थलको व्यवस्था गर्ने ।
१०. मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।
११. वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उपयुक्त प्रविधिको चयन गर्ने ।
१२. शिक्षण सिकाइ सामग्री निर्माण गर्ने ।
१३. शिक्षक क्षमता विकास तथा प्राविधिक सहयोगको व्यवस्था मिलाउने ।
१४. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
१५. वैकल्पिक सिकाइका माध्यमहरूको प्रयोग गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने ।
१६. विपत प्रतिरोधी भौतिक पूर्वाधार निर्माणमा जोड दिने ।
१७. विपत व्यवस्थापन कार्यमा क्रियाशील सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग समनवय र सहकार्य गर्ने ।
१८. विपत व्यवस्थापनका परम्परागत ज्ञान, सिप र अनुभवहरूलाई प्रयोगमा ल्याउने ।
१९. विपत व्यवस्थापनसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गर्ने ।
२०. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
२१. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

## ४.५.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

### ख) नतिजा

| क सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |
| २ | हरित विद्यालय सँख्या | २ | ४ | ६ | ८ | १० | १० |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|

| क्र.स. | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तथा स्थानीय तहमा आपतकालीन शिक्षा व्यवस्थापन योजना तयार | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| २ | विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य संयन्त्र विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | आपतकालीन शिक्षण, मनोसामाजिक सहयोग तथा वैकल्पिक सिकाइ विधिमा शिक्षकलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | अभिभावक सचेतना | पटक | २० | २० | २० | २० | २० | २० | २० |
| ५ | वैकल्पिक सिकाइ योजना निर्माण | पटक | २० | २० | २० | २० | २० | २० | २० |
| ६ | स्थानीय रेडियो, टेलिभिजन र सञ्चारगृहसँग समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ८ | नियमित ड्रिल अभ्यास र आपतकालीन अभ्यास | पटक | २० | २० | २० | २० | २० | २० | २० |
| ९ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन | विद्यालय | २० | २० | २० | २० | २० | २० | २० |
| १० | सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्यसमूह निर्माण र परिचालन | विद्यालय | २० | २० | २० | २० | २० | २० | २० |
| ११ | अनुगमन र मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

### ४.६.२ वर्तमान अवस्था

गाउँपालिका भित्र रहेका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गरि सुरक्षित रूपमा पठनपाठन गर्न बालमैत्री कक्षाकोठा, सुरक्षित खेलमैदान,उपयुक्त शौचालय, स्वच्छ र सफा खानेपानी जास्ता आधारभूत भौतिक पूर्वाधारको आवश्यक पर्दछ । बालबालिकाहरू लागि सुविधाजनकरूपमा पठनपाठन गर्ने शिक्षा नियमावली २०५९ मा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह कक्षा ६ देखि माध्यमिक तह कक्षा १० सम्म प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको कक्षाकोठको मापदण्ड तोकेको छ ।त्यस्तै राष्ट्रिय शिक्षा नीति २०७६ मा विद्यालयको भवन कक्षाकोठा कक्षाकोठाका फर्निचर शौचालय प्रयोगशाला जस्ता भौतिक पूर्वाधारका संरचनाहरू विपद् र जोखिम मुक्त बनाउदै सबै विद्यालयहरू बालमैत्री  र हरित विद्यालयको विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । शिक्षा सम्बन्धि विभिन्न राष्ट्रिय योजनाहरू मा विद्यालयका भौतिक संरचनाहरू बालबालिका मैत्री अपाङ्गता मैत्रि हुनु पर्ने नीतिगत व्यवस्था गरेको छ ।

हाल अदानचुली गाउँपालिका भित्र संचालनमा रहेका विद्यालयहरू पूर्णरूपमा बालमैत्रि कक्षाकोठा, शैचालय, खानेपानी र खेलमैदान जस्ता संरचनाहरू निर्माण हुन सकेको छैन । विद्यालयमा निर्माण गरिएका भौतिक संरचनाहरू भवन निर्माण आचरसंहिता विपरित  निर्माण गरिएका छन । विद्यालयका भौतिक संरचनाहरू पक्कि भवनहरू भन्दा कच्चि भवनहरू बढिछन । विद्यालयहरूमा खानेपानि शौचालयको खेलमैदानको अभाव रहेको छ । विपद् जोखिममुक्त र भुकम्प प्रतिरोधक संरचनाहरू निर्माण हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति र शिक्षा नियमावली अनुरूपका भौतिक पूर्वाधारको विकास हुन सकेको अवस्थ छैन ।कक्षाकोठाहरू बालबालिकाहरूको उमेर र तह अनुसार व्यवस्थापन भएको छैन । विद्यालय घेरावार नहुँदा पशुवस्तुहरू विद्यालयहरूमा छाडा रूपमा छोड्ने गरेका छन ।हालसम्म अदानचुली गाउँपालिका भित्रका विद्यालयहरूमा पुस्तकालय,कम्प्युटर ल्याव, विज्ञान प्रयोगशालाहरूको व्यवस्था छैन । हाल केहि विद्यालयहरूमा पक्कि भवन निर्माणको प्रक्रियमा रहेको छ । त्यसैले विद्यालयहरूमा सुरक्षित र जोखिम मुक्त भौतिक संरचना निर्माण गरी बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विभिन्न तहका सरकारले भौतिक पूर्वधार विकास सम्बन्धी मापदण्ड २०७७ अनुसार गर्नु पर्ने देखिन्छ । हाल अदानचुली गाउँपालिका मा २० वटा सामुदायीक विद्यालय, १ वटा क्याम्पस, १ वटा संस्थागत विद्यालय, २ वटा समुदायमा आधारित बालविकास केन्द्र संचालनमा रहेको छ । यी विद्यालयहरूमा रहेको भौतिक संरचनाको विवरण लाई तलको तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं. १ विद्यालयहरूको भौतिक अवस्थाको विवरण

| क्र सं | भौतिक विवरण | परिणा तथा संख्या | कोठाको संख्या | |
|---|---|---|---|---|
| १ | पक्कि भवन | ४ | १४ | |
| २ | कच्चि भवन | ५८ | १३४ | |
| ३ | शौचालय | १६ | २८ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | विज्ञान प्रयोगशाल | ० | ० | |
| ५ | कम्प्युटर ल्याव | १ | १ | |
| ६ | खानेपानी व्यवस्था नभएको विद्यालय संख्या | १७ | | ३ वटा विद्यालयमा खानेपानि छैन |
| ७ | खेलमैदानको व्यवस्था भएको | १ | | |
| ८ | विद्यालयको सभाहल | ० | | |
| ९ | विद्यालय घेरावारको व्यवस्था भएको विद्यालय | ६ | | |
| १० | जिर्ण विद्यालय भवन | १२ | ३२ | |
| ११ | टिनको टहरा कक्षा संचालन | २ | ६ | |
| १२ | विद्युतको व्यवस्था भएको विद्यालय | १५ | | |
| १३ | चमेना गृह | ० | | |
| १४ | इन्टरनेट | ३ | | |
| १५ | विद्यालय खाजा घर | ० | | |

माथिको तालिका अनुसार अदानचुली गाउँपालिका भित्रका विद्यालयहरूको भौतिक अवस्था हेर्दा पक्कि भवन संख्या ४ वटा मात्र रहेको र कच्चि भवन संख्या ५६ वटा रहेको छ । विद्यालयहरूमा पक्कि तथा विपद् जोखिम मुक्त भवन संख्या न्युन रहेको छ । हालसम्म कुनै पनि विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था गरिएको छैन। कम्प्युर कक्षा १ वटा विद्यालयमा मात्र रहेको छ । विद्यालयहरूमा खानेपानी र शौचालयको अवस्था पनि अभाव रहेको छ।१५ वटा विद्यालयहरूमा बैकल्पिक उर्जाको व्यवस्था रहेको छ । विद्यालयहरूमा खेलमैदान र घेरावारको अवस्था पनि निकै कमजोर रहेको छ ।यस गाउँपालिका भित्रका विद्यालयहरूमा हाल सम्म कुनै पनि विद्यालयमा सभहलको व्यवस्था छैन । १२ वटा विद्यालयहरूका ३२ वटा कक्षाकोठाहरू जिर्ण अवस्थामा छन। विद्यालयमा पठनपाठन टिनको टहरामा पठनपाठन हुनु जिर्ण भवनको मर्मत संभार हुनसकेको छैन ।हाल १६ वटा विद्यालयहरूमा सामान्य किसिमका शौचालय भए पनि अझै ४ वटा विद्यालयहरूमा शौचालयको व्यवस्था छैन । छात्राहरूलाई उपयुक्त शौचालयको अभाव रहनु जस्ता भौतिक समस्याले गर्दा विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने चुनौतिपूर्ण रहेको छ । बदलिदो जलवायु परिवर्तन र प्राकृतिक प्रकोपलाई ध्यान दिएर विद्यालयहरूको भौतिक संरचना परिवर्तन गर्नु आवश्यक देखिन्छ । त्यसैले यस अदानचुली गाउँपालिको शैक्षिक गूणस्तर सुधार गर्न विद्यालयहरूमा बालमैत्री भौतिक संरचना निर्णमा गर्न विभिन्न तहका सरकार र सरोकारवाला निकायकाले महत्वपूर्ण पहल गर्नु पर्ने देखिन्छ ।

### ४.६.३ उद्देश्य

पालिका भित्रका विद्यालयहरुको सुरक्षित र बालमैत्री भौतिक पूर्वाधारको विकास र सुरक्षित शिक्षण सिकाई वातावरण सुधार गरी गुणस्तरिय शिक्षा प्रदान गर्नका लागि निम्न उदेश्यहरु अबलम्बन गरिने छ ।

१. गुणस्तरीय शिक्षाका लागि अनुकूल सिकाइ वातावरण सिर्जना गर्नु ।

२. सुरक्षित र बालमैत्रि विद्यालय वातावरण निर्माण गर्नु ।

३. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्नु ।

४. समावेशी शिक्षा प्रवर्द्धन गर्नु ।

### ४.६.४ रणनीतिहरू

१. विद्यालयको भौतिक सुधार गर्न तहगत कक्षागत र विद्यार्थी संख्याको आधारमा विद्यालयमा आवश्यक पर्ने पुर्वधार विकासको मापदण्ड अनुसार योजना अनुसार कार्य गर्ने ।

२. विद्यालयहरुमा समग्र भौतिक पक्षमा सुधार ल्याउन आवश्यकता र प्राथमिकताको आधारमा पूर्वधारहरुको निर्माण र मर्मत संभार गर्ने ।

३. विद्यालयहरुको आवश्यक पूर्वधारको विकास गर्न संघ प्रदेश र स्थानीय सरकारले साझेदारीका आधारमा विकासका कार्य संचालन गर्ने ।

४. पालिका भित्रका आधारभूत विद्यालयहरुमा पुस्तकालय कम्प्युटर ल्यावको र माध्यमिक तहमा विज्ञान प्रयोगशाल पुस्तकालय कम्प्युटर ल्यावको व्यवस्थापनको लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

५. विद्यालय सुधार योजनाका आधारमा स्थानीय सरकारले पूर्वधार विकासका लागि स्रोत व्यवस्थापन गर्ने ।

६. सबै विद्यालयहरुमा हरित विद्यालय बालउद्यानको निर्माण गर्ने ।

७. विद्यालयको भौतिक स्रोतसाधनको सुरक्षाको लागि विद्यालय घेरावारको निर्माण गर्ने ।

८. विद्यालयको खेलमैदानको लागि जग्गा खरिद गरि सुरक्षित खेलमैदानको व्यवस्था गर्ने

९. सबै विद्यालयहरुमा जोखिम र भुकम्प प्रतिरोधि भवना निर्माण गरि टिनको छानामुक्त भवन निर्माण गर्ने ।

१०. सबै विद्यालयहरुमा सुरक्षित खानेपानीको स्रोत पहिचाहन गरि स्वच्छ सफा खानेपानीको प्रबन्ध मिलाउने ।

११. सबै विद्यालयहरुमा छात्रछात्राहरुको लागि आवश्यक शौचालयको निर्माण गर्ने।

१२. हाल संचालनमा रहेका जिर्ण भवनहरुको पुननिर्माण र मर्मत संभार गर्ने।

१३. विद्यालयहरुमा सफास्वच्छ चमेनागृहको व्यवस्थापनका लागि विद्यालय खाजाघर वा चमेनागृहको व्यवस्था मिलाउने ।

१४. दिवाखाजा लागु भएका विद्यालयहरुमा खाजा घर निर्माणका लागि विभिन्न सरोकारवाला निकायहरुमा पहल गरि विद्यालयमा खाजा घरको निर्माण गर्ने ।

## ४.६.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. प्रत्येक विद्यालयहरुमा सुविधासम्पन्न प्रयाप्त विद्यालय भवन निर्माण भएको हुने छ

२. विद्यालयहरुमा निर्माण गरिने सबै संरचनाहरु बालमैत्री अपाङ्गमेत्री हुने छ।

३.माध्यमिक तहाका विद्यालयहरुमा पुस्तकालय प्रयोगशाला कम्प्युटर ल्यावको स्थापना भएको हुनेछ ।

४.सबै विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा खेलमैदानको निर्माण भई सबै बालबालिकाहरु सहजै खेलखेल्न सकिने खेलमैदान हुनेछ ।

५. विद्यालयहरुमा स्वच्छसफा खानेपानि शैचालयको व्यवस्था भएको हुनेछ ।

६. सबै विद्यालयमाहरुमा विद्यालय घेरावारको व्यवस्था भएको हुने छ ।

### ख) नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन | ४ | १ | २ | ३ | ४ | ४ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ८ | १० | १२ | १४ | १६ | १८ |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | २ | ३ | ४ | ८ | ३ | ४ |
| ४ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | १ | २ | ३ | ४ | ५ | ६ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका | ४ | १ | २ | ३ | ४ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | | | | | | |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | संख्या | १ | २ | २ | ५ | ५ | १५ | २० |
| २ | विद्यालय भवनको सबलीकरण | विद्यालय | २ | २ | २ | २ | २ | १० | १० |
| ३ | विद्यालयमा फर्निचर व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ४ | विद्यालय व्यवस्थापन र कर्मचारीको क्षमता विकास | पटक | २० | २० | २० | २० | २० | १२० | १२० |
| ५ | विद्यालय खेलमैदन निर्माण | संख्या | १ | १ | १ | २ | २ | ७ | १९ |
| ६ | छात्राछात्र शौचालय | संख्या | २ | ३ | ४ | ८ | ३ | २० | २० |
| ७ | खानेपानी व्यवस्था | विद्यालय | २ | ३ | ४ | ८ | ३ | २० | २० |
| ८ | विज्ञान प्रयोगशाला निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | ८ |
| ९ | विद्यालय घेरावार | संख्या | २ | ३ | ३ | ३ | ३ | १४ | २० |
| १० | हरित विद्यालय तथा बाल उद्यान | संख्या | ३ | ५ | ७ | ९ | १० | ३४ | ३४ |
| ११ | विद्यालय चमेना गृह निर्माण | संख्या | २ | २ | २ | ३ | ३ | १२ | २० |
| १२ | विद्यालय सभाहल निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| १३ | विद्यालय खाजाघर निर्माण | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | १८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १<br>४ | कम्प्युटर ल्याव निर्माण | | २ | २ | २ | २ | २ | २ | १२ |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

आजको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिले मानव जीवनमा धेरै ठूला परिवर्तनहरू ल्याउन सफल भएका छन् । मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविध क्षेत्रमा विशेषतः सूचना तथा सञ्चार प्रविधिको प्रयोगले अकल्पनीय बदलाव ल्याएको छ। सूचना तथा सञ्चार प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले पारम्परिक मूल्यमान्यतालाई त्याग्ने, परिष्करण गर्ने र नवीन मूल्यमान्यतालाई स्थापित गर्ने काम गरेको छ । सूचना तथा सञ्चार प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौति दिंदै शिक्षण सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षामा पाठ्यक्रम निर्माण देखि त्यसको कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक संस्थाहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउन सूचना तथा सञ्चार प्रविधिको उपयोग अपरिहार्य छ । सूचना, शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणाली भित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका कारण परम्परागत पठनपाठनका विधि र पद्धतिहरू विस्थापित भइ नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ । युगानुकूल सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ। सूचना तथा सञ्चार प्रविधिमा पहुँच हुने र नहुने मुलुकहरूकोबीचमा विकास, सुशासन र सेवा प्रवाहमा ठूलो असमानता रहेको पाइन्छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सृजना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत आफ्ना शिक्षण सिकाइ क्रियाकलापहरूलाई परिष्कृत गर्दै लगेको देखिन्छ । शिक्षण सामग्रीका रूपमा रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू प्रयोग गर्दा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, कुशल र प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै यसलाई तालिम तथा शैक्षिक गुणस्तर अभिबृद्धिको औजारकारूपमा प्रयोग गर्ने, विद्युतीय विद्यालय (e-School), विद्युतीय सिकाइ (e-Learning), विद्युतीय शिक्षा (e-Education) जस्ता कार्यक्रमहरू सञ्चालन गरी

जीवन पर्यन्त सिकाइलाई प्रवर्द्धन गर्ने रणनीति लिएको छ । अदानचुली गाउँपालिकाले पनि सूचना तथा सञ्चार प्रविधिलाई शैक्षिक उन्नयनको प्रभावकारी रणनीतिकारूपमा लिंदै सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार र उपयोगमा जोड दिनु आजको आवश्यकता हो ।

## ४.७.२ वर्तमान अवस्था

अदानचुली गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगको अवस्था प्रारम्भिक चरणमा रहेको छ । दुर्गम भौगोलिक अवस्था, विद्युत् तथा इन्टरनेट पहुँचको सीमितता र डिजिटल पूर्वाधारको अपर्याप्तताका कारण अधिकांश विद्यालयहरूमा ICT आधारित शिक्षणसिकाइ पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । केही विद्यालयमा कम्प्युटर ल्याब स्थापना, स्मार्टफोन/ल्यापटप प्रयोग तथा शिक्षकद्वारा डिजिटल सामग्रीको आंशिक प्रयोग गरेको भए तापनि ती अभ्यासहरू नियमित र प्रणालीगत रूपमा सञ्चालन हुन सकेका छैनन् । शिक्षकहरूको ICT सम्बन्धी क्षमता विकास तालिम केही मात्रामा सञ्चालन भए पनि सबै विद्यालयमा समान पहुँच छैन, जसले प्रभावकारी प्रयोगमा असमानता सिर्जना गरेको छ । त्यस्तै, इन्टरनेट सेवा र डिजिटल सामग्रीको उपलब्धता सीमित हुँदा अनलाइन सिकाइ, ई–लर्निङ तथा मल्टिमिडिया शिक्षणको प्रयोग अपेक्षाकृत कमजोर रहेको छ । स्थानीय सरकार तथा सरोकारवाला निकायहरूको पहलमा विद्यालयहरूमा ICT पूर्वाधार विस्तार, शिक्षक तालिम तथा डिजिटल शिक्षण सामग्री विकासका प्रयासहरू सुरु भएका छन् । गाउँपालिकामा ICT आधारित शिक्षणसिकाइको अवस्था विकासोन्मुख अवस्थामा रहे पनि यसको प्रभावकारी उपयोगका लागि पूर्वाधार विस्तार, प्रविधि पहुँच सुधार र शिक्षक क्षमता विकासलाई प्राथमिकता दिन आवश्यक देखिन्छ ।

## ४.७.३ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु ।
२. सूचना तथा सञ्चार प्रविधिमैत्री जनशक्ति तयार गर्नु ।
३. शिक्षण सिकाइ क्रियाकलापलाई प्रविधिमैत्री बनाउनु ।
४. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउनु ।

## ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत पूर्वाधार (बिजुली बत्ती, उपकरण, इन्टरनेट, ICT प्रयोगशाला) को व्यवस्थापन गर्ने ।

१. सूचना तथा सञ्चार प्रविधि प्रयोगका लागि आवश्यक स्रोतको पहिचान र परिचालन गर्ने ।

३. सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने दक्ष शिक्षकको व्यवस्था गर्ने।

४. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रमहरूलाई निरन्तरता दिने ।

५. एक शिक्षक एक ल्याप्टप कार्यक्रम सञ्चालन गर्ने ।

६. सिकाइ सामग्रीलाई Digitize गर्ने तथा Digital सिकाइ सामग्रीहरूको निर्माण र प्रयोगलाई दिगो र व्यापक बनाउने ।

७. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ ।

८. शैक्षिक व्यवस्थापनका हरेक पक्षहरू (IEMIS, शैक्षिक योजना र कार्यक्रम, दैनिक शैक्षिक प्रशासन, विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरण, आदि) मा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने ।

## ४.७.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार भइ शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक व्यवस्थापनमा प्रयोग भएको हुने ।

हरेक शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको लागि पूर्वाधार विकास भएको हुने ।

२. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको उपयोग भएको हुने ।

३. आधारभूत सूचना तथा सञ्चार प्रविधिमा सबै विद्यार्थीहरूको पहुँच सहज भएको हुने ।

४. शैक्षिक व्यवस्थापन तथा सुशासनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने ।

५. शैक्षिक तथ्याङ्क तथा सिकाइ सक्षमतासँग सम्बन्धित विवरणहरू अभिलेखीकरण एवम् अद्यावधिक भएको हुने ।

### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | ५ | १० | १५ | २० | २० | २० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका | ५ | १० | १५ | २० | २० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सँख्या | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५ | १० | १५ | २० | २० | २० |
| ४ | व्यवस्थाप कीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | १५ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ५ | १० | १५ | २० | २५ | ३० |

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयहरू मा इन्टरनेट जडान | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |
| ३ | शिक्षक तथा कर्मचारीलाई ICT तालिम | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |
| ४ | डिजिटल शैक्षिक सामग्री निर्माण | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरूको ICT क्षमता विकास | केन्द्र | १ | २ | ३ | ४ | ५ | १५ | १५ |
| ६ | डिजिटल पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू वितरण | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |
| ७ | माध्यमिक तहका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |
| ८ | प्रविधि मैत्री सिकाइका लागि स्मार्टबोर्ड र कम्प्युटरको व्यवस्था | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | २१ |

# परिच्छेद ५
# विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा क्षेत्रको परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि संस्थागत क्षमता विकास अदानचुली गाउँपालिकाको महत्वपूर्ण आधार हो । शिक्षासम्बन्धी राष्ट्रिय नीति, मापदण्ड, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत अपेक्षित नतिजा हासिल गर्न संस्थागत क्षमता अभिवृद्धिमा विशेष जोड दिन आवश्यक छ । शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यक्रम तथा जिम्मेवारीहरू पूरा गर्न विद्यमान जनशक्तिको क्षमता, दक्षता तथा आवश्यकताको यथार्थ लेखाजोखा गरी योजनाबद्ध रूपमा क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ ।

आगामी पाँच वर्षलाई लक्षित गर्दै कर्मचारी तथा जनप्रतिनिधिहरूको व्यक्तिगत क्षमता विकास, स्थानीय तहको संस्थागत क्षमता सुदृढीकरण तथा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी योजनाबद्ध ढंगले अगाडि बढ्नु आवश्यक छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आवश्यकता अनुसार नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्नुका साथै विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरूको पहिचान गरी कार्यान्वयन गर्नुपर्दछ ।

संस्थागत क्षमता विकासको आधार संस्थागत संरचनाको प्रभावकारिता र त्यसअनुसारको जनशक्ति व्यवस्थापन हो । यसका लागि संस्थागत संरचनालाई कार्यदक्ष र उत्तरदायी बनाउनुका साथै आवश्यक संख्यामा योग्य मानव स्रोतको व्यवस्थापन गरी उनीहरूको जिम्मेवारीअनुसार कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप तथा दक्षताको विकास गर्नु आवश्यक हुन्छ । यसका अतिरिक्त गाउँपालिकाले नागरिकसमक्ष न्यूनतम तथा निरन्तर रूपमा उपलब्ध गराउनुपर्ने आधारभूत सेवामध्ये शिक्षा क्षेत्र पनि एक प्रमुख सेवा क्षेत्र हो । शिक्षा सम्बन्धी सेवा तथा कार्यक्रमहरूको गुणस्तरीय व्यवस्थापन, समन्वय र कार्यान्वयनका लागि संस्थागत क्षमता विकास अपरिहार्य रहेको छ । त्यसैले शिक्षा क्षेत्र योजना तर्जुमाको क्रममा संस्थागत क्षमता विकास तथा सुधारलाई प्रमुख साधन र माध्यमका रूपमा ग्रहण गरिएको छ ।

अदानचुली गाउँपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा क्षमता अभिवृद्धि, स्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समुदायको मूलप्रवाहीकरण सम्बन्धी विषयहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शैक्षिक सुशासन प्रवर्द्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकार तथा राजनीतिक दलहरूले विद्यालय शिक्षा निःशुल्क हुने संवैधानिक प्रावधानको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । साथै, सार्वजनिक विद्यालयहरूको भौतिक संरचना सुधार, पाठ्यक्रमको समयानुकूल परिमार्जन, स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, शिक्षण माध्यम भाषा सम्बन्धी स्पष्ट नीति, पाठ्यपुस्तकको गुणस्तर सुधार, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, विषयगत रूपमा दक्ष व्यक्तिलाई शिक्षकका रूपमा नियुक्त गर्ने व्यवस्था तथा शिक्षण संस्थामा राजनीतिक हस्तक्षेप निषेध गर्ने विषयमा सबै सरोकारवालाहरूले स्पष्ट प्रतिबद्धता जनाउनुपर्ने आवश्यकता औंल्याइएको छ । यस्ता प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन

सुनिश्चित गर्न नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषण प्रणालीलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउनु अत्यन्त आवश्यक छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकअभिभावक संघको गठन, सञ्चालन र सक्रिय भूमिकाले विद्यालयको समग्र व्यवस्थापन तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरा स्पष्ट गरिएको छ । विद्यालय सुशासनमा प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थी सबैको आ-आफ्नो महत्वपूर्ण भूमिका रहने भएकाले कुनै एक पक्ष मात्र जिम्मेवार नभई सबै सरोकारवालाहरूको साझा दायित्व र उत्तरदायित्व आवश्यक हुन्छ । विद्यालयप्रतिको अपनत्व र जिम्मेवारीबोध बिना प्रभावकारी सुशासन सम्भव नहुने वास्तविकता यसले स्पष्ट गर्दछ ।

संघीय संरचनामा नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रका आधारभूत तथा माध्यमिक तहका शिक्षाको समग्र व्यवस्थापन गर्ने संवैधानिक तथा कानुनी अधिकार प्राप्त छ। सो अधिकारको प्रभावकारी कार्यान्वयनमार्फत शैक्षिक गुणस्तर सुधार र समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक परिवर्तन ल्याउन स्थानीय सरकारको भूमिका निर्णायक हुने उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी प्रावधान समावेश भए तापनि यसको पूर्ण कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ । त्यसैले स्थानीय सरकारले प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रभावकारी प्रयोगका लागि नीति, कानुन, संस्थागत संरचना तथा व्यवहारगत पक्षमा सुदृढीकरण गर्नु आवश्यक छ । हालसम्मका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र मागका आधारमा आधारभूत तथा माध्यमिक शिक्षामा नवीन व्यवस्थापकीय अभ्यास अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको छ । साथै नागरिक समाजसँगको सहकार्यमा स्थानीय सरकार उत्तरदायी, पारदर्शी र जिम्मेवार ढंगले सञ्चालन हुन सकेमा विद्यालय सुशासन सुदृढ भई शैक्षिक क्षेत्रसँगै आर्थिक तथा सामाजिक विकासमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ ।

यसका अतिरिक्त गाउँपालिकाले नागरिकसमक्ष न्यूनतम तथा निरन्तर रूपमा उपलब्ध गराउनुपर्ने आधारभूत सेवामध्ये शिक्षा क्षेत्र पनि एक प्रमुख सेवा क्षेत्र हो। शिक्षा सम्बन्धी सेवा तथा कार्यक्रमहरूको गुणस्तरीय व्यवस्थापन, समन्वय र कार्यान्वयनका लागि संस्थागत क्षमता विकास अपरिहार्य रहेको छ । त्यसैले शिक्षा क्षेत्र योजना तर्जुमाको क्रममा संस्थागत क्षमता विकास तथा सुधारलाई प्रमुख साधन र माध्यमका रूपमा ग्रहण गरिएको छ । अदानचुली गाउँपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा क्षमता अभिवृद्धि, स्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समुदायको मूलप्रवाहीकरण सम्बन्धी विषयहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा विद्यालय सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरु आमरुपले सन्तुष्ट हुन सकेको अवस्था छैन । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रमहरू जुन ढंगले अघि बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सवालहरुले अल्मल भएको देखिन्छ भने कतिपय अवस्थामा जिम्मेवारी र जवाफदेहिताको सवालमा अलमलिएको देखिन्छ

। नयाँ काम गरेर नयाँ गति दिने अभ्यास नगरेको पनि होइन, नीति तथा कार्यक्रमहरु पनि राम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ । शिक्षासम्बद्ध कर्मचारीहरू जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कोतिर विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरु पनि जिम्मेवार नभएको अवस्था देखिन्छ । कतिपय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन नै नहुनु वा गठन भए पनि निर्धारित मापदण्ड अनुसार प्रभावकारी रूपमा सञ्चालन नहुनु देखिएको छ । साथै, सामाजिक लेखापरीक्षण, अभिभावक भेला जस्ता कानुनी तथा नीतिगत प्रावधानहरू स्पष्ट रूपमा व्यवस्था भए तापनि अधिकांश सरकारी विद्यालयहरूले ती प्रावधानहरूको मूल मर्मअनुसार कार्यान्वयन नगरेको अवस्था रहेको छ । विद्यमान समस्याहरूको समाधानका सम्भावित विकल्पहरू पनि प्रस्तुत गर्दै सरोकारवालाहरूलाई सूचित, सचेत र जिम्मेवार बनाउने प्रयास गरिएको छ । यसले विद्यालय सुशासन सुदृढीकरण तथा शैक्षिक प्रणालीलाई प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### ५.१.३ उद्देश्य

१. स्थानी तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।

२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.४ रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।

१. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।

१. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।

१. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।

२. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।

३. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.५ प्रमुख उपलब्धि र नतिजा

#### क) उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ।

#### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | १० | १२ | १४ | १६ | १८ | २० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका | २० | २० | २० | २० | २० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सँख्या | | | | | | |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | २ | ३ | ४ | ५ | ६ | ७ |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | स्थानीय शिक्षा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी र समीक्षा | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ४ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ७ | कार्यसम्पादन करार | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ८ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | उत्प्रेरणा तथा सकारात्मक सोचको विकासका लागि गोष्ठी/तालिम तथा सेमिनार | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | सामुदायिक र संस्थागत विद्यालयका असल अभ्यासहरूको आदान प्रदानका लागि साझा अभ्यास फोरम गठन र साझा अभ्यास मेला सञ्चालन | विद्यालय | ५ | ६ | ७ | ८ | ९ | ३५ | ३५ |
| ११ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| १२ | शिक्षा शाखाबाट विद्यालय सुपरीवेक्षण तथा अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १३ | स्थानीय तहमा शिक्षा व्यवस्थापन सुधार गर्न नीति तथा मार्गदर्शन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १४ | सबै विद्यालयहरूमा गुनासो सुन्ने अधिकारी र गुनासो पैटिकाको व्यवस्थापन | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| १५ | विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| १६ | सामाजिक परीक्षण | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| १७ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| १८ | प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १९ | शिक्षक पेशागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | विद्यालय | ५ | ६ | ७ | ८ | ९ | ३५ | ३५ |
| २० | विद्यालय प्रशासन र व्यवस्थापन सुधारका लागि अनुगमन र मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना निर्माण कुनैपनि क्षेत्रमा विद्यमान अवस्थामा देखिएका समस्या, चुनौती तथा अवसरहरूको आँकलन गरी सुधारका लागि अनुमानित कार्य योजनाको खाका तयार गर्ने प्रक्रिया हो । कुनै कार्यसम्पादन गर्नु अगाडीको महत्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । योजनामा के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? कहाँ गर्ने ? कस्ले गर्ने ? वजेटको व्यवस्थापन कहाँबाट कसरी गर्ने ? इत्यादी विषय वस्तुको समग्र चित्र प्रस्तावित योजनामा समावेश भएका हुन्छन् । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडी नै विभिन्न जनअपेक्षाहरू, स्रोत साधनको उपलब्धता, मौजुदा ऐन नियमले गरेको कानूनी व्यवस्था आदिका आधारमा योजना निर्माण गरिन्छ । योजना निर्माण एउटा आधारभुत कुरा भएपनि त्यसको कार्यान्वयन पक्ष महत्वपुर्ण रहन्छ । योजना कार्यान्वयनबाट योजनाले लक्षित गरेका उद्देश्य तथा लक्षहरू प्राप्त गर्न सकेमात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र शसक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ । योजनाको सबभन्दा जटील र चुनौती पुर्ण अवस्था यसको कार्यान्वयन नै हो । कार्यान्वयन सहज र शसक्त भएमा मात्र अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ ।

त्यसैले, योजना कार्यान्वयनका लागि उपयुक्त प्रवन्ध गर्नु पर्ने हुन्छ । सम्वन्धित संगठनहरूको परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम, जिम्मेवारी तथा उत्तरदायित्वको संयन्त्र आदिको व्यवस्थापन गरेमा योजनाको कार्यान्वयन प्रभावकारी हुन सक्छ । योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह सवैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकाले महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । माथि उल्लेखित योजनामा लेकम गाउँपालिकाले शिक्षा क्षेत्रमा के कुरा प्राप्त गर्नका लागि के क्रियाकलाप कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा प्रष्ट पार्न खोजेको छ ।

### ५.२.२ वर्तमान अवस्था

वर्तमानमा शैक्षिक योजनाहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट निर्माण र कार्यान्वयन हुने भएकाले यसको जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । स्थानीयस्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुदै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारलाई २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकेको छ । केन्द्र देखि स्थानीय तहसम्मका सवै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतया विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछन् ।

### ५.२.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

१. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

१. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

१. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

१. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

१. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

१. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

१. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

## ५.२.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

### ख) नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक कार्यक्रम निर्माण गर्ने | २० | २० | २० | २० | २० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सँख्या | | | | | | |
| २ | विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |
| ३ | शैक्षिक गुणस्तर सुधार योजना निर्माण र कार्यान्वयन गर्ने विद्यालय सँख्या | ५ | १० | १५ | १९ | १९ | १९ |
| ४ | सामाजिक परीक्षण गर्ने विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |
| ५ | निरन्तर प्रगति प्रतिवेदन सरोकारवालहरूको उपस्थितिमा समीक्षा गर्ने विद्यालय सङ्ख्या | १० | १२ | १५ | १९ | १९ | १९ |

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र. स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० ८३ | २० ८४ | २० ८५ | २० ८६ | २० ८७ | जम्मा | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | योजना कार्यान्वयनका मापदण्डको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालय सुधारका लागि थप सहयोग | विद्यालय | २ | ४ | ६ | ८ | १० | ३२ | ३२ |
| ८ | स्थानीय अभिभावक तथा सरोकारवालाहरू संग अन्तक्रिया तथा सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १० | वि.व्य.स. र शि.अ.सं क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्न र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न अनुगमन तथा मूल्याङ्कन अपरिहार्य छ । विद्यालय शिक्षाका क्षेत्रमा शैक्षिक कार्यक्रमहरूका लागि नीतिगत व्यवस्था के-कस्तो छ ? शैक्षिक कार्यक्रमहरू र कार्यान्वयन कार्यतालिका स्पष्ट छ/छैन ? स्रोत साधनको विनियोजन र वितरण के-कसरी भइरहेको छ? उपलब्ध स्रोत साधनको समुचित ढंगले उपयोग भएको छ/छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा समस्या, चुनौतीहरू वा अन्य कुनै कमी कमजोरीहरू वा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख छन् वा छैनन् भन्ने कुरा सुनिश्चित गर्न व्यवस्थापन पक्षबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिका

सम्वन्धमा नियमित र आवधिक रुपमा निगरानी, निरीक्षण, सुपरिवेक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने प्रक्रिया नै अनुगमन हो । यसले कार्यक्रमको प्रगति लक्षित दिशातर्फ उन्मुख छ वा छैन भन्ने कुराको जानकारी गराउँदछ । अर्को तिर शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित एवम् उद्देश्यपूर्ण ढंगले जाँचबुझ र लेखा जोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका क्रममा र सम्पन्न भए पश्चात पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ ।

## ५.३.२ वर्तमान अवस्था

मुलुकमा सङ्घीयता कार्यान्वयनमा आएपश्चात शैक्षिक क्रियाकलापहरूको अनुगमन र मूल्याङ्कनको कार्य सङ्घीय तहमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका सङ्घीय निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालय र स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका लागि भने कुनै संस्थागत प्रवन्ध भएको छैन । तथापी अनुगमन तथा निरीक्षण कार्य यस गाउँपालिकामा साविकको भन्दा नियमित भइरहेको छ । कुनैपनि कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता उक्त कार्यको निरीक्षण, अनुगमन र पृष्ठपोषण लिने दिने कार्यमा निर्भर गर्दछ । कार्यक्रम कार्यान्वयनको चरणमा देखिएका सवल वा दुर्वल पक्षहरूको पहिचान गरी समाधानका लागि दिशानिर्देश गर्न अनुगमन आवश्यक हुन्छ । गाउँपालिकालाई प्राप्त कार्यक्रम लगायत अन्य निरन्तर रुपमा चलिरहने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नका लागि जनप्रतिनिधीको राय सुझाव र मार्गदर्शनअनुरुप शिक्षा शाखाबाट मासिक चौमासिक तथा वार्षिक अनुगमन एवम् सुपरिवेक्षण योजना निर्माण गरी कार्यान्वयन गर्नाले कार्यक्रमको प्रभावकारितामा थप सुधार आएको छ । यस कार्यलाई अझ प्रभावकारी तुल्याउन विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको संलग्नतामा गाउँपालिकाबाट समूह सुपरिवेक्षण र अनुगमनको कार्य गर्न आवश्यक भए अनुरुप हाल यसको व्यवस्था समेत गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले साधन, प्रकृया र प्रतिफलको अनुगमन गर्ने लक्ष्य लिए अनुरुप गाउँ शिक्षा योजनाले लिएको लक्ष्यहरू हासिल गर्न कार्यक्रम कार्यान्वयनमा अनुगमनलाई प्रमुख तत्वका रुपमा लिन थालिएको छ । स्थानीय तहमा आवश्यक कर्मचारी, विशेष गरी फिल्ड कर्मचारीको अभावका कारण नियमित अनुगमन एवं सुपरिवेक्षणको कार्यलाई सुदृढीकरण गर्ने कार्य भइरहेको छ । हाल यस गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरूबाट समूहगत रुपमा विद्यालयहरूको निरीक्षण एवं अनुगमन गर्ने कार्यको थालनी भएको छ । विद्यालयको भौतिक, शैक्षिक एवम् सामाजिक वस्तुस्थिति नबुझि गाउँपालिकाबाट प्रवाह हुने विभिन्न कार्यक्रमहरूको वितरण तथा बाँडफाँट गर्ने कार्यलाई यसले वास्तविक सहयोग पुऱ्याउन जनप्रतिनिधि तथा कर्मचारीहरूबाट निरन्तर अनुगमनको आवश्यकता हुन्छ ।

### ५.३.३ उद्देश्य

१. कार्यक्रमहरूको अनुगमन गरी कार्यक्रममा प्रभावकारिता ल्याउनु ।

२. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.३.४ रणनीतिहरू

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

३.विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने

४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।

६. अनिवार्य तथा निशु:ल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशु:ल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

७. कार्यसम्पादनमा उत्तरदायी र नतिजा प्रति जवाफदेहिताको संयन्त्रको व्यवस्था गर्ने ।

८. विद्यालयका शिक्षक प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता विकास गर्ने ।

९. प्रधानाध्यापकलाई शिक्षक सहायता प्रणाली प्रति जिम्मेवार बनाउने ।

### ५.३.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

### ख) नतिजा

१. विद्यालय शिक्षाको प्रशासकीय व्यवस्थापकीय कार्यका लागी आवश्यक संरचना र जनशक्ति तयार हुने ।

२. विद्यालयको प्रशासकीय र व्यवस्थापनमा सहभागी हुनै सवै निकाय र व्यक्तिहरूको दायित्व र अधिकार स्पष्ट हुने ।

१.विद्यालय शिक्षा सम्वद्ध व्यक्ति निकाय र जनशक्तिको क्षमता सुधार गर्ने ।

१.विद्यालय शिक्षा सम्वन्धि कानून तर्जुमा भई कार्यान्यन हुने ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | आवश्यक संरचना र जनशक्ति तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | सवै निकाय र व्यक्तिहरूको दायित्व र अधिकार स्पष्ट खाका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | सवै निकाय र व्यक्तिहरूको दायित्व र अधिकार सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | विद्यालय शिक्षा सम्वद्ध व्यक्ति निकाय र जनशक्तिको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | अनुगमन कार्यक्रम | फटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ७ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ८ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ११ | विद्यालयको लेखा परीक्षण | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालयको सामाजिक परीक्षण | विद्यालय | २० | २० | २० | २० | २० | १०० | १०० |
| १३ | अध्ययन तथा अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

कुनै पनि योजना केवल निर्माण गरिएको आधारमा मात्र अपेक्षित प्रतिफल दिन सक्षम हुँदैन । योजनामा समावेश गरिएका लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजाहरू प्राप्त गर्न यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ । योजनाको पूर्ण कार्यान्वयन र परिणाममुखी उपलब्धिका लागि पर्याप्त वित्तीय लगानी आवश्यक पर्छ । लगानीका लागि आवश्यक स्रोत व्यवस्थापन योजनाको केन्द्रबिन्दु हो, किनकि स्रोत नै योजनाको सफल कार्यान्वयनको आधारस्तम्भ हो । तसर्थ, योजना कार्यान्वयन स्रोत र लगानी व्यवस्थापनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ र यसमा प्रभावकारी स्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको सन्दर्भमा शैक्षिक योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमार्फत शैक्षिक सुधार सुनिश्चित गर्न आवश्यक वित्तीय तथा भौतिक स्रोतहरूको व्यवस्थापन सङ्घीय, प्रदेश र स्थानीय सरकारमार्फत हुँदै आएको छ । नेपालको संविधान, २०७२ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परे तापनि हालको अवस्थामा स्थानीय तहहरू पूर्ण रूपमा सक्षम भइनसकेको कारण संघीय तथा प्रदेश सरकारहरूले शिक्षामा उल्लेखनीय वित्तीय लगानी गर्दै आएका छन् ।

संविधानअनुसार आधारभूत तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था कार्यान्वयनसँगै विद्यालय शिक्षाको सम्पूर्ण क्षेत्रमा सरकारी लगानी केन्द्रित गरिएको छ । संघीय सरकारले वार्षिक सशर्त अनुदानमार्फत शिक्षक तथा कर्मचारीको तलबभत्ता, भौतिक पूर्वाधार निर्माण, शैक्षिक गुणस्तर सुधार कार्यक्रम, आवासीय तथा गैरआवासीय छात्रवृत्ति, कक्षा ६-१२ का छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याड, कक्षा १-१२ का विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक, प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, नमूना विद्यालय अनुदान, राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम तथा अनौपचारिक र वैकल्पिक शिक्षाका लागि अनुदान जस्ता शीर्षकहरूमा बजेट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्दै आएको छ । उक्त अनुदान स्थानीय आवश्यकताअनुसार विद्यालयको प्राथमिकीकरण गरी वितरण तथा कार्यान्वयन गरिँदै आएको छ । प्रदेश सरकारले पनि विद्यालय पूर्वाधार विकास, उच्च शिक्षाका लागि छात्रवृत्ति तथा शैक्षिक गुणस्तर सुधारसम्बन्धी कार्यक्रमहरूमा उल्लेखनीय लगानी गर्दै आएको छ । नेपाल सरकारले सञ्चालन गर्दै आएका सबैका लागि शिक्षा कार्यक्रम तथा विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गतका क्रियाकलापहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन् । स्थानीय तहहरूले पनि आफ्नो अधिकार क्षेत्रभित्र शैक्षिक प्रणाली सुधार गर्न विभिन्न कार्यक्रमहरूमा बजेट विनियोजन गर्दै कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका प्रयासहरू गर्दै आएका छन् । विशेषगरी ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरूमा बालबालिकाको सहज पहुँच सुनिश्चित गर्ने विषय अझ महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ ।

शिक्षा क्षेत्रको विस्तारका लागि थप विद्यालय स्थापना तथा सञ्चालन, शिक्षक दरबन्दीको अभावलाई सम्बोधन गर्न गाउँपालिका अनुदानमा शिक्षक दरबन्दीको व्यवस्था, विभिन्न प्रकारका शैक्षिक भत्ताहरूको प्रबन्ध, शिक्षकहरूको क्षमता विकासका लागि छोटा तथा लक्षित तालिमहरूको सञ्चालन, विद्यार्थीको प्रतिभा

विकासका लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रमहरूको आयोजना तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका बालबालिकाका लागि विशेष लक्षित कार्यक्रमहरू सञ्चालन जस्ता विविध शैक्षिक क्रियाकलापहरूका लागि स्थानीय तहहरूले उपलब्ध स्रोत पहिचान गरी शिक्षामा लगानी गर्दै आएको देखिन्छ । शिक्षा क्षेत्रमा सरकारी तथा गैरसरकारी संघसंस्था र विभिन्न साझेदार निकायहरूको उल्लेखनीय लगानी रहेको छ । यति मात्र नभई, शैक्षिक विकासलाई प्रवर्द्धन गर्न आम अभिभावक, स्थानीय समुदाय तथा विभिन्न दातृ निकायहरूको समेत आर्थिक तथा भौतिक योगदान रहँदै आएको छ । यसरी विभिन्न तहका सरकार, संघसंस्था तथा सरोकारवालाहरूले लगानी गरे तापनि सबैको साझा लक्ष्य शैक्षिक गुणस्तर सुधार गर्दै समग्र शिक्षा प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउनु नै हो ।

यस खण्डमा अदानचुली गाउँपालिकाको दसवर्षीय शिक्षा योजनाको कार्यान्वयनका लागि विद्यमान अवस्था, चुनौती तथा अवसरहरूको समीक्षा गर्दै स्रोत तथा लगानी व्यवस्थापनका लक्ष्य, उद्देश्य, रणनीति तथा अपेक्षित नतिजाहरू निर्धारण गरिएको छ । साथै, योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्भावित स्रोतहरूको आकलन गरी ती स्रोतहरूलाई शिक्षाका उपक्षेत्रगत शीर्षकहरूमा कसरी विनियोजन गर्ने भन्ने स्पष्ट लगानी खाका समेत प्रस्तुत गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले शिक्षा क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा समावेश गरेसँगै विद्यालय शिक्षामा तीनै तहका सरकारले आ-आफ्नो क्षमता र दायित्वअनुसार लगानी तथा स्रोत व्यवस्थापन गर्दै आएका छन् । ऐतिहासिक रूपमा विभिन्न समयमा गठन भएका राष्ट्रिय शिक्षा आयोग तथा कार्यदलहरूले सार्वजनिक गरेका प्रतिवेदनहरूले शिक्षा क्षेत्रमा कुल बजेटको कम्तीमा २० प्रतिशत हिस्सा विनियोजन गर्नुपर्ने सुझाव दिएका भए तापनि व्यवहारमा शिक्षा बजेट निरन्तर रूपमा न्यून हुँदै गएको यथार्थ देखिन्छ ।

उपलब्ध बजेट संरचनाको विश्लेषण गर्दा करिब ७६ प्रतिशतभन्दा बढी हिस्सा शिक्षक तथा कर्मचारीको तलबभत्तामा खर्च हुने गरेको छ । बाँकी सीमित बजेट मात्र विद्यार्थी छात्रवृत्ति, पाठ्यपुस्तक, भौतिक पूर्वाधार निर्माण तथा विद्यालय सञ्चालन र व्यवस्थापनजस्ता आधारभूत क्षेत्रमा विनियोजन हुने गरेको छ । प्रदेश सरकारको लगानी मुख्यतः विद्यालय पूर्वाधार विकासमा केन्द्रित रहेको पाइन्छ । अदानचुली गाउँपालिकाको शिक्षा क्षेत्रमा विनियोजित बजेट न्यून रहेको देखिन्छ । यस स्थानीय बजेटको ठूलो हिस्सा (करिब ८० प्रतिशत) शिक्षक तथा कर्मचारीको तलबभत्तामा खर्च हुने भएकाले शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक पर्ने नवप्रवर्तनात्मक कार्यक्रमहरूमा न्यून बजेट मात्र उपलब्ध हुने अवस्था रहेको छ । शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने शिक्षकको समयानुकूल क्षमता विकास, विद्यालयको प्रविधिमैत्री रूपान्तरण, सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार, शिक्षण सामग्रीको सुदृढ व्यवस्थापन तथा विद्यालय सञ्चालन र व्यवस्थापन सुधारजस्ता क्षेत्रमा न्यून लगानी हुनु नै शैक्षिक गुणस्तर सुधारका प्रमुख चुनौतीहरूका रूपमा देखिएका छन् ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि वित्तीय व्यवस्थापन अन्तर्गत मुख्य रूपमा स्रोत पहिचान तथा संकलन, प्राप्त स्रोतको प्राथमिकताका आधारमा विनियोजन, तथा लगानीको प्रभावकारी उपयोग सुनिश्चित गर्ने

जिम्मेवारी गाउँपालिकाको रहनेछ । उपलब्ध स्रोत साधनको पारदर्शी, उत्तरदायी र परिणाममुखी व्यवस्थापनमार्फत मात्र शैक्षिक गुणस्तरमा अपेक्षित सुधार हासिल गर्न सकिने स्पष्टता यस योजनाले औँल्याएको छ ।

## ६.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

## ६.४ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।

३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।

४. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।

७. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ६.६ बित्तीय योजना

**शिक्षाका उपक्षेत्रका क्रियाकलापहरू सञ्चालनका लागि योजन अवधिको लागत स्रोत आँकलन तालिका**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | रकम रू हजारमा |
| प्रमुख क्रियाकलाप | कूल लागत | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | लगानीको स्रोत | | | |
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | सङ्घ | प्रदेश | पालिका | अन्य |
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | |
| १.१ प्रारम्भिक बालविकासका सहजकर्ताहरूको पारिश्रमिक | २२१०० | ४४२० | ४४२० | ४४२० | ४४२० | ४४२० | सङ्घ | | | |
| १.२ बालविकास केन्द्रका शिक्षकहरूको क्षमता विकास र टीपीडी तालिम | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घ | प्रदेश | पालिका | |
| १.३ गाउँपालिकाभरि बालविकास केन्द्रको पहुँच बाहिर रहेका बालबालिकाको सर्वेक्षण | १०० | १०० | | | | | | | पालिका | |
| १.४ समुदायमा बालविकास केन्द्रको स्थापना | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | | पालिका | |
| १.५ भर्ना अभियान सञ्चालन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | | पालिका | |
| १.६ बालबिकास कक्षामा सिकाई कुनाको निर्माण | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| १.७ बालविकासका शिक्षकहरूलाई थप प्रोत्सहान कार्यक्रम | २०० | ४० | ४० | ४० | ४० | ४० | | प्रदेश | पालिका | |
| १.८ पाठ्यक्रम प्रवोधिकरण तथा पुर्नताजकि तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| १.९ बालबिकास केन्द्र नक्साङ्कन पुन वितरण तथा समायोजना | १००० | ५०० | | | | ५०० | | | पालिका | |
| १.१० अभिभावक शिक्षा तथा सचेतिकरण कार्यक्रम | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | सङ्घ | | पालिका | |
| १.११ बालबिकास शिक्षकहरूलाई स्थानिय स्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माणका लागि तालिम | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | प्रदेश | पालिका | |
| १.१२ उत्पादनमा आधारित पोषणयुक्त खाजा व्यवस्थापन | १०००० | २००० | २००० | २००० | २००० | २००० | सङ्घ | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१३ बालबिकास केन्द्रका बालबालिकाको स्वास्थ्य परिक्षण खोप तथा वृद्धि विकास अभिलेखिकरण | २५० | ५० | ५० | ५० | ५० | ५० | सङ्घ | | पालिका | |
| १.१४ बालबिकासका लागि दिवा खाजाघर | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | | | पालिका | |
| १.१५ प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | १४९५ | २९९ | २९९ | २९९ | २९९ | २९९ | सङ्घ | | पालिका | |
| १.१६ प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| १.१७ अनाथ, असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध | ६०० | १२० | १२० | १२० | १२० | १२० | सङ्घ | | पालिका | |
| १.१८ नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | १२५ | २५ | २५ | २५ | २५ | २५ | | | पालिका | |
| **जम्मा** | **५६३७०** | **११६५४** | **११०५४** | **११०५४** | **११०५४** | **११५५४** | | | | |
| **२ आधारभूत शिक्षा** | | | | | | | | | | |
| २.१ आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता | १२०१२० | २४०२४ | २४०२४ | २४०२४ | २४०२४ | २४०२४ | सङ्घ | | | |
| २.२ विद्यालयनक्साङ्कन, पुनर्वितरण र समायोजन | ५०० | ५०० | | | | | | | पालिका | |
| २.३ बिद्यालय भर्ना अभियान कार्यकम | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | | पालिका | |
| २.४ शिक्षककर्मचारीलाई पेशागत विकास तालिम | २१०० | ४२० | ४२० | ४२० | ४२० | ४२० | सङ्घ | प्रदेश | पालिका | |
| २.५ प्र.अ.लाई क्षमता विकास तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| २.६ सिकाइमैत्री र स्मार्ट कक्षा कोठा व्यबस्थापन | १०००० | १००० | १५०० | २००० | २५०० | ३००० | सङ्घ | प्रदेश | पालिका | |
| २.७ विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | १२३५० | २४७० | २४७० | २४७० | २४७० | २४७० | सङ्घ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.८ सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सामग्री व्यवस्थापन | ३३६५० | ६७३० | ६७३० | ६७३० | ६७३० | ६७३० | सङ्घ | | पालिका | |
| २.९ सुधारात्मक शिक्षण अनुदान | १७५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | सङ्घ | प्रदेश | पालिका | |
| २.१० कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियोको लागि अनुदान | २०० | ४० | ४० | ४० | ४० | ४० | सङ्घ | | पालिका | |
| २.११ शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | १०६५ | २११ | २१२ | २१३ | २१४ | २१५ | सङ्घ | प्रदेश | पालिका | |
| २.१२ शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | ६६० | १३२ | १३२ | १३२ | १३२ | १३२ | सङ्घ | प्रदेश | पालिका | |
| २.१३ कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान | ३५२५ | ७०५ | ७०५ | ७०५ | ७०५ | ७०५ | सङ्घ | | | |
| २.१४ कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | सङ्घ | | | |
| २.१५ सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | ८२५ | १६५ | १६५ | १६५ | १६५ | १६५ | सङ्घ | | | |
| २.१६ सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | ४०० | ८० | ८० | ८० | ८० | ८० | सङ्घ | | | |
| २.१७ आधारभूत विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | ९५० | १९० | १९० | १९० | १९० | १९० | सङ्घ | | | |
| २.१८ लक्षित बालबालिकाको तथ्याङ्क सङ्कलन र अद्यावधिक | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१९ लक्षित समूहका लागि विशेष छात्रवृत्ति व्यवस्था | १२५ | २५ | २५ | २५ | २५ | २५ | सङ्घ | | | |
| २.२० पोसाक र शैक्षिक सामग्रीमार्फत प्रोत्साहन कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | सङ्घ | | | |
| २.२१ समुदायको सहभागितामा घरदैलो भर्ना अभियान सञ्चालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| २.२२ स्थानीय बाल अधिकार समिति गठन र सक्रिय | ९५० | १९० | १९० | १९० | १९० | १९० | | | पालिका | |
| अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन | ९५० | १९० | १९० | १९० | १९० | १९० | | प्रदेश | पालिका | |
| २.२३ कक्षागत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| २.२४ आधारभुत तहका बालबालिकाहरूका लागि सिकाइ सामग्री व्यवस्था | ४७५० | ९५० | ९५० | ९५० | ९५० | ९५० | सङ्घ | प्रदेश | पालिका | |
| २.२५ विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | १२५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | सङ्घ | प्रदेश | पालिका | |
| २.२६ विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घ | | पालिका | |
| २.२७ आधारभूत तहका शिक्षक क्षमता विकास कार्यक्रम | १२५० | २५० | २५० | २५० | २५० | २५० | सङ्घ | प्रदेश | पालिका | |
| २.२८ आधारभुत विद्यालयमा सूचना प्रविधिको विस्तार | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० | सङ्घ | प्रदेश | पालिका | |
| २.२९ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | ९५ | १९ | १९ | १९ | १९ | १९ | सङ्घ | | पालिका | |
| २.३० अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरूको लागि प्रोत्साहन कार्यक्रम | ३७८० | ७५६ | ७५६ | ७५६ | ७५६ | ७५६ | सङ्घ | | पालिका | |
| २.३१ विद्यार्थीहरूको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | पालिका | |
| २.३२ उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | १२५ | २५ | २५ | २५ | २५ | २५ | | | पालिका | |
| २.३३ स्थानीय तहबाट नपुग शिक्षक व्यवस्थापन | ८५८० | १७१६ | १७१६ | १७१६ | १७१६ | १७१६ | | | पालिका | |
| २.३४ दलित, छात्रा, सिमान्तकृत तथा अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | ५१३५ | १०२७ | १०२७ | १०२७ | १०२७ | १०२७ | सङ्घ | | | |
| २.३५ विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | ९२५ | १८५ | १८५ | १८५ | १८५ | १८५ | सङ्घ | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.३६ आधारभूत परीक्षा सञ्चालन | ५००० | १००० | १००० | १००० | १००० | १००० | सङ्घ | | पालिका | |
| **जम्मा** | **२४६३६०** | **४८६५१** | **४८६५२** | **४९१५३** | **४९६३४** | **५०१५५** | | | | |
| **३ माध्यमिक शिक्षा** | | | | | | | | | | |
| ३.१ माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | ४७३२० | ९४६४ | ९४६४ | ९४६४ | ९४६४ | ९४६४ | सङ्घ | | | |
| ३.२ विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) | २६००० | ५२०० | ५२०० | ५२०० | ५२०० | ५२०० | सङ्घ | | | |
| ३.३ विद्यालय नक्साङ्कन, पुनर्वितरण समायोजन | १०० | १०० | | | | | | | पालिका | |
| ३.४ बिद्यालय भर्ना अभियान कार्यक्रम तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| ३.५ सिकाइमैत्री स्मार्ट कक्षा कोठा व्यबस्थापन | १०००० | २००० | २००० | २००० | २००० | २००० | सङ्घ | | पालिका | |
| ३.६ कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | १८०० | ३६० | ३६० | ३६० | ३६० | ३६० | सङ्घ | | | |
| ३.७ कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | ४५० | ९० | ९० | ९० | ९० | ९० | सङ्घ | | | |
| ३.८ सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | | |
| ३.९ सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | १५० | ३० | ३० | ३० | ३० | ३० | सङ्घ | | | |
| ३.१० माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान | ९०० | १८० | १८० | १८० | १८० | १८० | सङ्घ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.११ विपन्न र लक्षित समूहका लागि निःशुल्क शिक्षा र विशेष छात्रवृत्ति उपलब्ध गराउने | ७५० | १५० | १५० | १५० | १५० | १५० | सङ्घ | | पालिका | |
| ३.१२ स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य-दृश्य सामग्री प्रयोग सम्बन्धी शिक्षक तालिम | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| ३.१३ किशोर-किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | २०० | ४० | ४० | ४० | ४० | ४० | | प्रदेश | पालिका | |
| ३.१४ विज्ञान संकाय विस्तारका लागि अध्ययन र लगानी गर्ने | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | प्रदेश | पालिका | |
| ३.१५ विद्यालयका भौतिक संरचनालाई बालमैत्रि र अपाङ्गमैत्रि बनाउने | १०००० | २००० | २००० | २००० | २००० | २००० | सङ्घ | प्रदेश | पालिका | |
| ३.१६ शिक्षक कर्मचारी र प्रधानाध्यापकहरूको पेशागत विकासकका लागि तालिम | १०००० | २००० | २००० | २००० | २००० | २००० | सङ्घ | प्रदेश | पालिका | |
| ३.१७ शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतना कार्यक्रम | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | | | पालिका | |
| ३.१८ विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| ३.१९ शिक्षकलाई प्रोत्साहन पुरस्कार | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ३.२० एकीकृत शैक्षिक सूचना व्यवस्थापन तालिम तथा क्षमता अभिवृद्दि | २५० | ५० | ५० | ५० | ५० | ५० | सङ्घ | | पालिका | |
| ३.२१ विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम संचालन | २५० | ५० | ५० | ५० | ५० | ५० | | प्रदेश | पालिका | |
| ३.२२ शिक्षक मनोसामाजिक एंव तथा परामर्श कार्यक्रम | ३०० | ६० | ६० | ६० | ६० | ६० | | प्रदेश | पालिका | |
| ३.२३ शैक्षिक भ्रमण तथा सिकाइ आदानप्रदान | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ३.२४ विद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | | प्रदेश | पालिका | |
| ३.२५ सबै विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गर्ने | १०००० | २००० | २००० | २००० | २००० | २००० | सङ्घ | प्रदेश | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२६ विद्यालयहरूमा खेलकुद मैदान निर्माण | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | | प्रदेश | पालिका | |
| ३.२७ विद्यालयहरूमा कम्प्युटर ल्याव निर्माण | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० | सङ्घ | प्रदेश | पालिका | |
| ३.२८ हरित विद्यालय कार्यक्रम | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | | प्रदेश | पालिका | |
| **जम्मा** | **१५४७२०** | **३१०२४** | **३०९२४** | **३०९२४** | **३०९२४** | **३०९२४** | | | | |
| **४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | | | | | | |
| ४.१ खुला विद्यालय सञ्चालन (कक्षा ६-८) | ५५० | ११० | ११० | ११० | ११० | ११० | सङ्घ | प्रदेश | पालिका | |
| ४.२ अनौपचारिक विद्यालय सञ्चालन (कक्षा १-५) | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | प्रदेश | पालिका | |
| ४.३ अनौपचारिक प्रौढ विद्यालय सञ्चालन (कक्षा १-८) | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० | सङ्घ | प्रदेश | पालिका | |
| ४.४ अनौपचारिक प्रौढ विद्यालय (कक्षा ९-१०) | ५००० | १००० | १००० | १००० | १००० | १००० | सङ्घ | प्रदेश | पालिका | |
| ४.५ घरधुरी सर्वेक्षण गरी साक्षरता तथा अनौपचारिक शिक्षाको तथ्याङ्क सङ्कलन र व्यवस्थापन | १००० | ५०० | | | ५०० | | | | पालिका | |
| ४.६ सिकाइ केन्द्रहरूमा इन्टरनेट र सूचना प्रविधिको व्यवस्था | ९० | ३० | | ३० | | ३० | सङ्घ | | पालिका | |
| ४.७ वैकल्पिक शैक्षिक संस्थाहरूको तथ्याङ्क सङ्कलन र सुदृढीकरण | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ४.८ सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | सङ्घ | | पालिका | |
| ४.९ खुला तथा दूर कार्यक्रम सञ्चालन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| ४.१० परम्परागत ज्ञानको संरक्षण र अभिलेखीकरण | ३०० | १०० | | १०० | | १०० | | | पालिका | |
| ४.११ साक्षरता कार्यक्रम संचालन गर्ने | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | सङ्घ | प्रदेश | पालिका | |
| ४.१२ सामुदायिक सिकाई केन्द्रको अनुगमन निरिक्षण र सहयोग | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ४.१३खसामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र क्षमता बिकास | ४००० | ६०० | ७०० | ८०० | ९०० | १००० | सङ्घ | | पालिका | |
| ४.१४ नयाँ सामुदायिक सिकाई केन्द्रको स्थापना र सञ्चालन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | प्रदेश | पालिका | |
| ४.१५ सिकाई केन्द्रहरूमा पुस्तकालय स्थापना | ४०० | ६० | ७० | ८० | ९० | १०० | | प्रदेश | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१६ आयआर्जन समुहको क्षमता विकास र परिचालन | २५० | ५० | ५० | ५० | ५० | ५० | | प्रदेश | पालिका | |
| ४.१७ जीवनोपयोगी सिप विकास कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | | प्रदेश | पालिका | |
| ४.१८ किशोरकिशोरीहरूका लागि यौन तथा प्रजनन स्वास्थ्य जीवनोपयोगी सिप करियर परामर्श तथा नेतृतेव विकास तालिम | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | पालिका | |
| ४.१९ रेडियो / मोबाइल आधारित शिक्षा कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | | प्रदेश | पालिका | |
| ४.२० अनुगमन, मूल्याङ्कन तथा सिकाइ उपलब्धि सुधार कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| **जम्मा** | **३१५९०** | **६४५०** | **५९३०** | **६१७०** | **६६५०** | **६३९०** | | | | |
| **५. पाठ्यक्रम र मूल्याङ्कन** | | | | | | | | | | |
| ५.१ पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रोबोधीकरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| ५.२ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र छपाइ | ५००० | १००० | १००० | १००० | १००० | १००० | | | पालिका | |
| ५.३ एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम | ३०० | १०० | | १०० | | १०० | सङ्घ | | पालिका | |
| ५.४ आधारभूत तह उत्तीर्ण परीक्षा संचालन, नतिजा प्रकाशन र विश्लेषण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ५.५ शिक्षक पेसागत सहयोग प्रणाली निर्माण तथा परिचालन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| ५.६ शैक्षिक पाठ्यक्रम, पठन सामग्री तथा निर्देशिका विकास तथा छपाइ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | पालिका | |
| ५.७ उत्कृष्ठ नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ५.८ वैयक्तिक शिक्षण सिकाइ सम्बन्धी शिक्षक तालिम | ७५० | १५० | १५० | १५० | १५० | १५० | सङ्घ | | पालिका | |
| ५.९ पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | ७५० | १५० | १५० | १५० | १५० | १५० | सङ्घ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१० Universal Design of Learning, Socio-emotional Learning and Gender Responsive Pedagogy सम्बन्धि शिक्षक तालिम | ७५० | १५० | १५० | १५० | १५० | १५० | | | पालिका | |
| ५.११ कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | ९५० | १९० | १९० | १९० | १९० | १९० | सङ्घ | | पालिका | |
| ५.१२ डिजिटल सामाग्री र सूचना प्रविधिको प्रयोग | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ५.१३ माध्यम भाषाको रूपमा मातृभाषको प्रयोग | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ५.१४ समावेशी तथा बहुभाषिक मूल्याङ्कन उपकरण विकास र प्रयोग | २५० | ५० | ५० | ५० | ५० | ५० | सङ्घ | | पालिका | |
| ५.१५ विषयगत शिक्षक सञ्जाल तथा पेशागत सिकाइ समुदाय गठन | ४७५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | | | पालिका | |
| **जम्मा** | **१६४७५** | **३३३५** | **३२३५** | **३३३५** | **३२३५** | **३३३५** | | | | |
| **६. शिक्षक व्यवस्थापन र विकास** | | | | | | | | | | |
| ६.१ शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई गैर अनुदान | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | सङ्घ | | | |
| ६.२ माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९७५० | १९५० | १९५० | १९५० | १९५० | १९५० | सङ्घ | | | |
| ६.३ आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५२०० | १०४० | १०४० | १०४० | १०४० | १०४० | सङ्घ | | | |
| ६.४ विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | ४७५० | ९५० | ९५० | ९५० | ९५० | ९५० | सङ्घ | | पालिका | |
| ६.५ शिक्षक तालिम (नयाँ प्रवेशी, पुनर्ताजगी, शैक्षिक केन्द्रित, शैक्षिक सामग्री निर्माण, ICT र मूल्याङ्कन) | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | प्रदेश | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.६ विद्यालय किशोरी पोषण, मनोपरामर्श तथा प्रजनन् शिक्षा सम्बन्धी तालिम कार्यक्रम | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | | पालिका | |
| ६.७ शिक्षक दरबन्दीको पुनर्वितरण र विषयगत आवश्यकताअनुसार समायोजन गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ६.८ शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| ६.९ प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| ६.१० शिक्षक तथा प्रधानाध्यापकको निरन्तर मूल्याङ्कन र सुधार कार्यक्रम सञ्चालन गर्ने | १२५ | २५ | २५ | २५ | २५ | २५ | | | पालिका | |
| ६.११ एकीकृत पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पठन तत्व तथा ढाँचासम्बन्धी तालिमको व्यवस्था गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| ६.१२ शैक्षिक सामग्री निर्माण तालिम/कार्यशालाको व्यवस्था गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| ६.१३ शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन गर्ने | ४७५० | ९५० | ९५० | ९५० | ९५० | ९५० | सङ्घ | | पालिका | |
| ६.१४ कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | २५० | ५० | ५० | ५० | ५० | ५० | | | | |
| ६.१५ अस्थायी, करार तथा नीजिस्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण | ५० | ५० | | | | | | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.१६ शिक्षकले कक्षाकोठमा विताउने समयको अभिलेखीकरण | ४७५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | | | पालिका | |
| ६.१७ असल अभ्यास गरेका विद्यालयको अवलोकन भ्रमण | ४७५० | ९५० | ९५० | ९५० | ९५० | ९५० | | | पालिका | |
| ६.१८ शिक्षक मार्फत कार्यमूलक अनुसन्धान सञ्चालन | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | | प्रदेश | पालिका | |
| **जम्मा** | ४३५५१ | ८८१० | ८७६० | ८७६० | ८४६० | ८७६० | | | | |
| **७. समता र समावेशीकरण** | | | | | | | | | | |
| ७.१ छात्रा छात्रवृत्ति (कक्षा १-५) | ३६८५ | ७३७ | ७३७ | ७३७ | ७३७ | ७३७ | सङ्घ | | | |
| ७.२ दलित छात्रवृत्ति (कक्षा १-५) | ९५० | १९० | १९० | १९० | १९० | १९० | सङ्घ | | | |
| ७.३ आधारभूत तहमा अध्ययनरत लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति | २५० | ५० | ५० | ५० | ५० | ५० | सङ्घ | | | |
| ७४ अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) | ४३८० | ८७६ | ८७६ | ८७६ | ८७६ | ८७६ | सङ्घ | | | |
| ७.५ विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | २५० | ५० | ५० | ५० | ५० | ५० | सङ्घ | | | |
| ७.६ बालिका तथा समावेशी शिक्षा सञ्जाल निर्माण परिचालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ७.७ बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| ७.८ समता र समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ७.९ विद्यालयमा जेन्डर फोकल पर्सनको व्यवस्था | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ७.१० प्रत्येक विद्यालयमा गुनासो पेटिका व्यवस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ७.११ गुनासो व्यवस्थापन तथा समाधान प्रणाली स्थापना तथा सञ्चालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.१२ विद्यालयमा लैङ्गिकमैत्री शौचालय निर्माण | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | सङ्घ | प्रदेश | पालिका | |
| ७.१३ अपाङ्गमैत्री संरचना (र्याम्प, रेलिङ, पहूँचयुक्त शौचालय, संकेत बोर्ड आदि) निर्माण | १०००० | २००० | २००० | २००० | २००० | २००० | सङ्घ | प्रदेश | पालिका | |
| ७.१४ घरधुरी सर्वेक्षणमार्फत बालबालिकाको विवरण सङ्कलन | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| ७.१५ विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र भर्ना अभियान सञ्चालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ७.१६ समावेशी शिक्षा, लैङ्गिक समानता, विभेद न्यूनीकरण तथा बाल संरक्षण सम्बन्धी शिक्षक तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| ७.१७ Universal Design of Learning (UDL), Socio-Emotipnal Learning (SEL) र Gender Responsive Pedagogy विषयमा शिक्षक तालिम | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घ | प्रदेश | पालिका | |
| ७.१८ वैकल्पिक सिकाइ सामाग्री र सहायक उपकरण खरिद तथा वितरण | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | | प्रदेश | पालिका | |
| ७.१९ कमजोर सिकाइ भएका विद्यार्थीका लागि अतिरिक्त कक्षा र उपचारात्मक शिक्षा सञ्चालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ७.२० किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रम | ४७५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | | | पालिका | |
| ७.२१ विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन | २५० | ५० | ५० | ५० | ५० | ५० | | प्रदेश | पालिका | |
| ७.२२ विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तरक्रिया | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ७.२३ समता र समावेशीकरण सम्बन्धी नियमित अनुगमन | २५० | ५० | ५० | ५० | ५० | ५० | सङ्घ | प्रदेश | पालिका | |
| **जम्मा** | ६७२४० | १३४४८ | १३४४८ | १३४४८ | १३४४८ | १३४४८ | | | | |
| **८. विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.१ दिवा खाजा कार्यक्रम (बालविकासदेखि कक्षा ५ सम्म) सञ्चालन | २००५ | ४०१ | ४०१ | ४०१ | ४०१ | ४०१ | सङ्घ | | | |
| ८.२ साबुन, पानी, सरसफाइ सामग्रीको व्यवस्था | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ८.३ अभिभावक र समुदायको अनुगमन र सुधारमा सहभागीता | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ८.४ विद्यालय पोषण र दिवा खाजा कार्यविधि निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ८.५ सेनेटरी प्याड तथा सफाई सामग्री व्यवस्थापन | ५६९० | ११३८ | ११३८ | ११३८ | ११३८ | ११३८ | सङ्घ | | | |
| ८.६ दिवा खाजाका लागि आवश्यक सामग्री व्यवस्थापन | १००० | २०० | २०० | २०० | २०० | २०० | | प्रदेश | पालिका | |
| ८.७ विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ८.८ विद्यालय नर्स सेवा सञ्चालन | ५२०० | १०४० | १०४० | १०४० | १०४० | १०४० | | प्रदेश | | |
| ८.९ किशोरावस्था स्वास्थ्य र महिनावारी स्वच्छता सचेतना कार्यक्रम सञ्चालन | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| ८.१० अनुगमन मूल्याङ्कन | ७५० | १५० | १५० | १५० | १५० | १५० | | | पालिका | |
| **जम्मा** | **१७३९५** | **३४७९** | **३४७९** | **३४७९** | **३४७९** | **३४७९** | | | | |
| **९. आपतकालीन अवस्थामा शिक्षा** | | | | | | | | | | |
| ९.१ विद्यालय तथा स्थानीय तहमा आपतकालीन शिक्षा व्यवस्थापन योजना तयार | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ९.२ विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य संयन्त्र विकास | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ९.३ आपतकालीन शिक्षण, मनोसामाजिक सहयोग तथा वैकल्पिक सिकाइ विधिमा शिक्षकलाई तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| ९.४ अभिभावक सचेतना | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| ९.५ वैकल्पिक सिकाइ योजना निर्माण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ९.६ स्थानीय रेडियो, टेलिभिजन र सञ्चारगृहसँग समन्वय | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९.७ विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माण | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | सङ्घ | प्रदेश | पालिका | |
| ९.८ नियमित ड्रिल अभ्यास र आपतकालीन अभ्यास | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | | |
| ९.९ विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| ९.१० सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्यसमूह निर्माण र परिचालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| ९.११ अनुगमन र मूल्याङ्कन | ७५० | १५० | १५० | १५० | १५० | १५० | | | पालिका | |
| **जम्मा** | **३०२५०** | **६०५०** | **६०५०** | **६०५०** | **६०५०** | **६०५०** | | | | |
| **१०.विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | | | | | |
| १०.१ विद्यालय भवन निर्माण | १५००० | १००० | २००० | २००० | ५००० | ५००० | सङ्घ | प्रदेश | पालिका | |
| १०.२ विद्यालय भवनको सबलीकरण | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | सङ्घ | प्रदेश | पालिका | |
| १०.३ विद्यालयमा फर्निचर व्यवस्थापन | १२५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | सङ्घ | प्रदेश | पालिका | |
| १०.४ विद्यालय व्यवस्थापन र कर्मचारीको क्षमता विकास | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १०.५ विद्यालय खेलमैदन निर्माण | १४०० | २०० | २०० | २०० | ४०० | ४०० | सङ्घ | प्रदेश | पालिका | |
| १०.६ छात्रा शौचालय | २०००० | २००० | ३००० | ४००० | ८००० | ३००० | सङ्घ | प्रदेश | पालिका | |
| १०.७ खानेपानी व्यवस्था | २००० | २०० | ३०० | ४०० | ८०० | ३०० | सङ्घ | प्रदेश | पालिका | |
| १०.८ विज्ञान प्रयोगशाला निर्माण | ५००० | १००० | १००० | १००० | १००० | १००० | सङ्घ | प्रदेश | पालिका | |
| १०.९ विद्यालय घेरावार | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| १०.१० हरित विद्यालय तथा बाल उद्यान | १७००० | १५०० | २५०० | ३५०० | ४५०० | ५००० | सङ्घ | प्रदेश | पालिका | |
| १०.११ विद्यालय चमेना गृह निर्माण | २४००० | ४०० | ४०० | ४०० | ६०० | ६०० | सङ्घ | प्रदेश | पालिका | |
| १०.१२ विद्यालय सभाहल निर्माण | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| १०.१३ विद्यालय खाजाघर निर्माण | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | सङ्घ | प्रदेश | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०.१४ कम्प्युटर ल्याव निर्माण | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० | सङ्घ | प्रदेश | पालिका | |
| **जम्मा** | **१२९३०<br>०** | **१९६०<br>०** | **२२७०<br>०** | **२४८०<br>०** | **३३६०<br>०** | **२८६०<br>०** | | | | |
| **११. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि** | | | | | | | | | | |
| ११.१ विद्यालयमा ICT संरचना विस्तार | १५००० | १००० | २००० | ३००० | ४००० | ५००० | सङ्घ | प्रदेश | पालिका | |
| ११.२ विद्यालयहरूमा इन्टरनेट जडान | १२०० | ५० | १०० | १५० | ४०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| ११.३ शिक्षक तथा कर्मचारीलाई ICT तालिम | १६०० | २०० | २०० | ३०० | ४०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| ११.४ डिजिटल शैक्षिक सामग्री निर्माण | १०००० | ५०० | १००० | १५०० | २००० | ५००० | सङ्घ | प्रदेश | पालिका | |
| ११.५ सामुदायिक सिकाइ केन्द्रहरूको ICT क्षमता विकास | ३००० | २०० | ४०० | ६०० | ८०० | १००० | सङ्घ | प्रदेश | पालिका | |
| ११.६ डिजिटल पाठ्यक्रम· पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू वितरण | ७५०० | ५०० | १००० | १५०० | २००० | २५०० | सङ्घ | प्रदेश | पालिका | |
| ११.७ माध्यमिक तहका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | ३००० | २०० | ४०० | ६०० | ८०० | १००० | सङ्घ | प्रदेश | पालिका | |
| ११.८ प्रविधि मैत्री सिकाइका लागि स्मार्टबोर्ड र कम्प्युटरको व्यवस्था | २८०० | २०० | २०० | ६०० | ८०० | १००० | सङ्घ | प्रदेश | पालिका | |
| ११.९ प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| ११.१० विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | ७५० | ५० | १०० | १५० | २०० | २५० | | | पालिका | |
| **जम्मा** | **४५८५०** | **३१००** | **५६००** | **८६००** | **११६००** | **१६९५०** | | | | |
| **१२. विद्यालय सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| १२.१ स्थानीय शिक्षा योजना निर्माण | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | पालिका | |
| १२.२ शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम सञ्चालन | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १२.३ वार्षिक· त्रैमासिक प्रतिवेदन तयारी र समीक्षा | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२.४ आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घ | | पालिका | |
| १२.५ संस्थागत संरचना निर्माण तथा क्षमता विकास | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | पालिका | |
| १२.६ प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| १२.७ कार्यसम्पादन करार | १०० | २० | २० | २० | २० | २० | | | पालिका | |
| १२.८ विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| १२.९ उत्प्रेरणा तथा सकारात्मक सोचको विकासका लागि गोष्ठी/तालिम तथा सेमिनार | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १२.१० सामुदायिक र संस्थागत विद्यालयका असल अभ्यासहरूको आदान प्रदानका लागि साझा अभ्यास फोरम गठन र साझा अभ्यास मेला सञ्चालन | ३५०० | ५०० | ६०० | ७०० | ८०० | ९०० | | | पालिका | |
| १२.११ प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १२.१२ शिक्षा शाखाबाट विद्यालय सुपरीवेक्षण तथा अनुगमन | ७५० | १५० | १५० | १५० | १५० | १५० | | | पालिका | |
| १२.१३ स्थानीय तहमा शिक्षा व्यवस्थापन सुधार गर्ने नीति तथा मार्गदर्शन निर्माण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| १२.१४ सबै विद्यालयहरूमा गुनासो सुन्ने अधिकारी र गुनासो पैटिकाको व्यवस्थापन | १०० | २० | २० | २० | २० | २० | | | पालिका | |
| १२.१५ विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | १०० | २० | २० | २० | २० | २० | | | | |
| १२.१६ सामाजिक परीक्षण | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | | पालिका | |
| १२.१७ वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | | पालिका | |
| १२.१८ प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| १२.१९ शिक्षक पेशागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | ३५०० | ५०० | ६०० | ७०० | ८०० | ९०० | सङ्घ | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२.२० विद्यालय प्रशासन र व्यवस्थापन सुधारका लागि अनुगमन र मूल्याङ्कन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| **जम्मा** | **२३०५०** | **४२१०** | **४४१०** | **४६१०** | **४८१०** | **५०१०** | | | | |
| **१३. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** | | | | | | | | | | |
| १३.१ वार्षिक वजेट तथा कार्यक्रम निर्माण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| १३.२ योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| १३.३ योजना कार्यान्वयनका मापदण्डको प्रबोधिकरण | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १३.४ विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| १३.५ एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | १०० | २० | २० | २० | २० | २० | सङ्घ | | पालिका | |
| १३.६ शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १३.७ सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालय सुधारका लागि थप सहयोग | ३००० | २०० | ४०० | ६०० | ८०० | १००० | | प्रदेश | पालिका | |
| १३.८ स्थानीय अभिभावक तथा सरोकारवालाहरू संग अन्तक्रिया तथा सहकार्य | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १३.९ कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण | ७५० | १५० | १५० | १५० | १५० | १५० | | | पालिका | |
| १३.१० वि.व्य.स. र शि.अ.सं क्षमता विकास कार्यक्रम | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| **जम्मा** | **९३५०** | **१४७०** | **१६७०** | **१८७०** | **२०७०** | **२२७०** | | | | |
| **१४. अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | | |
| १४.१ आवश्यक संरचना र जनशक्ति तयारी | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १४.२ सवै निकाय र व्यक्तिहरूको दायित्व र अधिकार स्पष्ट खाका तयारी | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४.३ सबै निकाय र व्यक्तिहरूको दायित्व र अधिकार सम्बन्धी अभिमुखीकरण | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १४.४ विद्यालय शिक्षा सम्वद्ध व्यक्ति निकाय र जनशक्तिको क्षमता विकास कार्यक्रम | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घ | प्रदेश | पालिका | |
| १४.५ अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| १४.६ अनुगमन कार्यक्रम | ७५० | १५० | १५० | १५० | १५० | १५० | सङ्घ | प्रदेश | पालिका | |
| १४.७ चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | १५० | ३० | ३० | ३० | ३० | ३० | | | पालिका | |
| १४.८ स्थिति प्रतिवेदन तयारी | २५० | ५० | ५० | ५० | ५० | ५० | | | पालिका | |
| १४.९ विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| १४.१० विद्यालयको कार्यसम्पादन परीक्षण | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | | पालिका | |
| १४.११ विद्यालयको लेखा परीक्षण | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | | पालिका | |
| १४.१२ विद्यालयको सामाजिक परीक्षण | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | | पालिका | |
| १४.१३ अध्ययन तथा अनुसन्धान | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | सङ्घ | प्रदेश | पालिका | |
| **जम्मा** | **११६५०** | **२३३०** | **२३३०** | **२३३०** | **२३३०** | **२३३०** | | | | |
| **१५. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** | | | | | | | | | | |
| १५.१ अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | ५०० | १०० | १०० | १०० | १०० | १०० | | | पालिका | |
| १५.२ नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार र अध्यावधिक गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घ | | पालिका | |
| १५.३ स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५.४ कार्यक्रम कार्यान्वयनको चौमासिक  तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घ | | पालिका | |
| १५.५ कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | १००० | २०० | २०० | २०० | २०० | २०० | | | पालिका | |
| १५.६ अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ | प्रदेश | पालिका | |
| **जम्मा** | **६०००** | **१२००** | **१२००** | **१२००** | **१२००** | **१२००** | | | | |
| **कुल जम्मा** | **८८९१५१** | १६४८११ | १६९४४२ | १७५७८३ | १८३५६४ | १९०४५५ | | | | |

## ६.७ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रू ००० मा) | | | | | | श्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ११६५४ | ११०५४ | ११०५४ | ११०५४ | ११५५४ | ५६३७० | | | |
| २ | आधारभत् शिक्षा | ४८६५१ | ४८६५२ | ४९१५३ | ४९६३४ | ५०१५५ | २४६३६० | | | |
| ३ | माध्यमिक शिक्षा | ३१०२४ | ३०९२४ | ३०९२४ | ३०९२४ | ३०९२४ | १५४७२० | | | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ६४५० | ५९३० | ६१७० | ६६५० | ६३९० | ३१५९० | | | |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ३३३५ | ३२३५ | ३३३५ | ३२३५ | ३३३५ | १६४७५ | | | |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ८८१० | ८७६० | ८७६० | ८४६० | ८७६० | ४३५५१ | | | |
| ७ | समता र समावेशीकरण | १३४४८ | १३४४८ | १३४४८ | १३४४८ | १३४४८ | ६७२४० | | | |
| ८ | अन्तरसम्वन्धित विषय क्षेत्र | ३४७९ | ३४७९ | ३४७९ | ३४७९ | ३४७९ | १७३९५ | | | |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ६०५० | ६०५० | ६०५० | ६०५० | ६०५० | ३०२५० | | | |
| १० | विद्यालय भौतिक पूर्बाधार विकास | १९६०० | २२७०० | २४८०० | ३३६०० | २८६०० | १२९३०० | | | |
| ११ | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ३१०० | ५६०० | ८६०० | ११६०० | १६९५० | ४५८५० | | | |
| १२ | विद्यालय सुरक्षा | ४२१० | ४४१० | ४६१० | ४८१० | ५०१० | २३०५० | | | |
| १३ | संस्थात क्षमता विकास | १४७० | १६७० | १८७० | २०७० | २२७० | ९३५० | | | |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | २३३० | २३३० | २३३० | २३३० | २३३० | ११६५० | | | |
| १५ | योजना कार्यान्वयन अनुगमन तथा | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्यङकन समन्वय र सहजीकरण | | | | | | | | | |
| | **जम्मा** | १६४८११ | १६९४४२ | १७५७८३ | १८३५६४ | १९०४५५ | ८८९१५१ | | | |

# परिच्छेद ७

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१ परिचय

योजना निर्माण गर्नु मात्र पर्याप्त हुँदैन, योजनाको वास्तविक प्रभावकारिता यसको सफल कार्यान्वयनमा निर्भर गर्दछ । योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरू पूरा गर्दै अपेक्षित नतिजा र उपलब्धि हासिल गर्न प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय तथा सहजीकरणको सुदृढ व्यवस्था आवश्यक हुन्छ । योजनाको सफल कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत संरचनाको सुदृढीकरण, सक्षम जनशक्तिको व्यवस्था, स्पष्ट नीति, कानून तथा मापदण्डको निर्माण, वार्षिक योजना तथा कार्यक्रमको तयारी, क्रियाकलापहरूको स्पष्ट निर्धारण, वित्तीय व्यवस्थापनको पारदर्शिता तथा जिम्मेवारी र उत्तरदायित्वको स्पष्ट बाँडफाँड जस्ता पक्षहरू अनिवार्य रूपमा सुनिश्चित हुनुपर्छ ।

शिक्षा क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न स्रोत र साधनको वितरण न्यायसंगत रूपमा भइरहेको छ कि छैन, लगानीको प्रवाह उचित दिशामा भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटि वा विचलन छ कि छैन, तथा शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै सम्पन्न भई लक्षित परिणाम हासिल भएका छन् कि छैनन् भन्ने विषयमा नियमित निगरानी आवश्यक हुन्छ । यसै प्रक्रियालाई अनुगमन भनिन्छ, जसले कार्यक्रमको वर्तमान अवस्था, प्रगति तथा कार्यान्वयनको वास्तविक चित्र प्रस्तुत गर्दछ । मूल्याङ्कनले कार्यक्रम वा योजनाको सान्दर्भिकता, प्रभावकारिता, दक्षता र परिणाममूलकताको व्यवस्थित तथा उद्देश्यपूर्ण विश्लेषण गर्दछ, जसको प्रत्यक्ष सम्बन्ध प्राप्त नतिजासँग हुन्छ।

नेपालमा योजनाबद्ध विकासको सुरुवातसँगै विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको अभ्यास प्रारम्भ भएको पाइन्छ । विशेषगरी आर्थिक वर्ष २०३२/०३३ देखि विकास आयोजनाको कार्यान्वयन मूल्याङ्कन गर्ने प्रणालीगत अभ्यास सुरु भएको हो । त्यसपछि २०४९ सालदेखि अनुगमन तथा मूल्याङ्कनलाई योजनाको एक महत्वपूर्ण व्यवस्थापकीय पद्धतिका रूपमा विकास गरिएको देखिन्छ । आठौं आवधिक योजनादेखि भने संस्थागत संरचना, उच्च राजनीतिक प्रतिबद्धता तथा उपलब्धिमा आधारित मूल्याङ्कन प्रणालीसहितको सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिएको छ ।

यसै परिप्रेक्ष्यमा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, समन्वय तथा सहजीकरणको वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी लक्ष्यहरू निर्धारण गरिएको छ । साथै, ती लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति तथा क्रियाकलापहरू समेत स्पष्ट रूपमा प्रस्तुत गरिएको छ, जसले योजनाको प्रभावकारी कार्यान्वयनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

यस अदानचुल गाउँपालिकाको शैक्षिक क्षेत्र सुधार तथा समग्र विकासका लागि मार्गदर्शक दस्तावेजका रूपमा रहेको यस शिक्षा योजनाको सफल कार्यान्वयन गर्नु गाउँपालिकाको प्रमुख तथा अनिवार्य जिम्मेवारी हो । योजनाले निर्धारण गरेका लक्ष्य, उद्देश्य तथा रणनीतिहरूलाई व्यवहारमा रूपान्तरण गर्दै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न प्रभावकारी कार्यान्वयन प्रणाली अत्यन्त आवश्यक हुन्छ । यस योजनाको

कार्यान्वयनसँगै अनुगमन, मूल्याङ्कन, समन्वय तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित, पारदर्शी र नतिजामुखी बनाइनेछ । यसका लागि गाउँपालिकाले शिक्षा योजनाबारे सबै सरोकारवालाहरूलाई पर्याप्त जानकारी गराउने, योजनामा समावेश गरिएका क्रियाकलापहरूको प्रभावकारी सञ्चालन सुनिश्चित गर्ने तथा आवश्यक संस्थागत आधार तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउनेछ । योजनाको सफल कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, कानुन, मापदण्ड तथा कार्यविधिहरू निर्माण तथा परिमार्जन गरिनेछ । साथै, योजनाका कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक बजेटको समयमै विनियोजन तथा प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ । यसका लागि संस्थागत संरचनाको सुदृढीकरण, आवश्यक जनशक्तिको व्यवस्थापन तथा उनीहरूको क्षमता विकासमा विशेष ध्यान दिइनेछ । त्यसैगरी, शिक्षा क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालाहरू: विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी, नागरिक समाज तथा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ । साथै, शिक्षा क्षेत्रको गुणस्तरीय विकासका लागि विभिन्न साझेदार निकाय, सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ बनाइनेछ ।

## ७.३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

४. आवश्यकताअनुसार कानून, मापदण्ड तथा निर्देशिकाहरूको विकास, परिमार्जन तथा अद्यावधिक गर्नु ।

५. प्रभावकारी, पारदर्शी तथा दक्ष अनुगमन प्रणालीको विकास र कार्यान्वयन गर्नु ।

६. योजनाको लगानीदेखि प्रभाव स्तरसम्म मूल्याङ्कन गरी प्रमाणमा आधारित योजना निर्माणमा योगदान गर्नु ।

## ७.४ रणनीतिहरू

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।

४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

## ७.५ प्रमुख उपलब्धि र नतिजा

### क) उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

### ख) नतिजा

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापना र सुदृढीकरण हुने ।

२. अनुगमनका निष्कर्षका आधारमा कार्यक्रम तथा शैक्षिक नतिजामा निरन्तर सुधार हुने ।

३. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संस्थागत संरचना विकास भई जनशक्ति तथा क्षमता अभिवृद्धि हुने ।

४. विद्यार्थी उपलब्धि मूल्याङ्कनका नतिजाका आधारमा शिक्षणसिकाइ सुधार गर्ने अभ्यास संस्थागत हुने ।

५. विभिन्न शैक्षिक कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको नियमित र आवधिक मूल्याङ्कन गर्ने प्रणाली स्थापित हुने ।

### ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |